नेपाल

विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको प्रतिवेदन

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा
प्रस्तुत
६ जुलाई २०२०

विश्वव्यापी आवधिक समिक्षाका लागि
नेपालका गैरसरकारी संस्थाहरूको सञ्जाल

नेपाल
विश्वव्यापी आधिक समीक्षाका लागि
गैरसरकारी संस्थाको प्रतिवेदन

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा प्रस्तुत

६ जुलाई २०२०

सहयोग

THE LUTHERAN WORLD FEDERATION

लुर्थनवर्ल्ड फेडरेशन

विश्वव्यापी आधिक समीक्षाका लागि गैरसरकारी संस्थाको सञ्जाल

सचिवालय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार

पत्र मञ्जुषा: २७२६, काठमाडौं

फोन: ९७७-१-५२१८७७० फ्याक्स: ९७७-१-५२१८५२१

इमेल: insec@insec.org.np

वेबसाइट: www.insec.org.np, www.inseconline.org

नेपाल

विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको प्रतिवेदन

प्रकाशन मितिः २०७७

सङ्ख्याः १ हजारप्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

तयारी
विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको सञ्जाल, सचिवालय

संयोजन
विजयराज गौतम, कार्यकारी निर्देशक, इन्सेक
विश्वव्यापी आवधिक समीक्षाका लागि गैरसरकारी संस्थाको सञ्जाल, सचिवालय

प्रतिवेदन तयारी
कपिल अर्याल
होमप्रसाद राई याम्फु
श्रीराम बजगाइँ
सम्झा श्रेष्ठ
कृष्णकुमारी वाईवा
लुभराज न्यौपाने
संजिता तिम्सिना

यस प्रतिवेदनमा उल्लिखित सामग्रीहरूलाई स्रोत खुलाई पुनः उत्पादन, पुनः प्रकाशन र वितरण गर्न सकिनेछ ।
सामग्रीको प्रयोगबारे जानकारी गराउनका साथै प्रकाशित सामग्रीको प्रति उपलब्ध गराइएमा
यस्तो कार्यको सराहाना गर्नेछौँ ।

भूमिका

यस प्रतिवेदनले विगत साढे चार वर्षको समयमा नेपालको मानव अधिकारको सन्दर्भमा राज्यका नीति, विधि, कार्यक्रम र संस्थागत व्यवस्थाहरू एवम् तिनका कार्यान्वयनको पुनरावलोकन र विश्लेषण गर्ने उद्देश्य राखेको छ । यो प्रतिवेदन नेपालको समग्र मानव अधिकारको अवस्थासम्बन्धी आधारभूत सूचनाहरू संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्अन्तर्गत आगामी २०२१ को जनवरी महिनामा हुने विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जाल, विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जाल र डर्बान रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालका तर्फबाट ४ सय ४० ओटा मानव अधिकार संस्थाहरुको संयुक्त प्रयास हो । २०७२ मा संविधान जारी भएपछि नेपालमा गणतन्त्रात्मक सङ्घीय शासन व्यवस्था स्थापना भएको छ । संविधान अनुसार तिन तहको निर्वाचन सम्पन्न भई सङ्घीय, प्रदेश र स्थानीय तहको सरकारको गठनसमेत भइसकेको छ । यद्यपि अझै असमान सामाजिक, राजनीतिक र आर्थिक प्रणालीका कारण संस्थागत विसङ्गति र असमानताहरू मुलुकमा विद्यमान छन् । यस्ता असङ्ख्य चुनौतीहरूका कारण नेपाली समाज अझै पनि सङ्कटको घडीमा छ । दण्डहीनताको स्थिति यथावत नै छ ।

प्रदेश र केन्द्र गरी विभिन्न चरणका विषयगत छलफलपछि तयार गरिएको यस प्रतिवेदनले विशेषतः राज्यले ध्यान दिन नसकेका वा पर्याप्त मात्रामा वास्ता नगरिएका खास मुद्दाहरूमा केन्द्रित रहनुका साथै सुधारका लागि सिफारिश पनि प्रस्तुत गरेको छ । विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जालअन्तर्गत रही प्रतिवेदन तयारीमा सहयोग गर्ने विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जाल र डर्बान रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालका सदस्य संस्थाहरूलाई म धन्यवाद ज्ञापन गर्दछु । यसैगरी, मानव अधिकारको अवस्थाका सम्बन्धमा प्राथमिक सूचना उपलब्ध गराउने प्रदेश, केन्द्रीय र विषयगत परामर्श बैठकका सहभागीहरूलाई म विशेष धन्यवाद दिन चाहान्छु ।

यस प्रतिवेदन तयारीका लागि प्रदेशस्तरीय कार्यशाला आयोजना गर्न महिला पुनर्स्थापना केन्द्र (ओरेक), नेपाल डर्बान रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी) नेपाल र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)का प्रदेश कार्यालयहरूलाई धन्यवाद दिन चाहान्छु । साथै, यस प्रतिवेदन तयारीका लागि आर्थिक तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराई प्रदेश तथा राष्ट्रिय परामर्शका लागि आर्थिक सहयोग गर्ने साझेदार संस्थाहरूलाई धन्यवाद दिन चाहान्छु ।

यस प्रतिवेदन छपाइ तथा अन्य प्राविधिक सहयोग गर्ने लुर्थनवल्ड फेडेरेसनलाई पनि धन्यवाद दिन चाहान्छु । सूचना र प्राविधिक सहयोग पुऱ्याउने अन्य गैरसरकारी संस्था र नागरिक समाजका सदस्यहरूप्रति समानरूपमा कृतज्ञता व्यक्त गर्दछु । प्रतिवेदन तयारी समितिमा रहेर प्रतिवेदन तयारीमा सहयोग गर्ने अधिवक्ता कपिल अर्याल, संजिता तिम्सिना र अधिवक्ता होमप्रसाद राई याम्फुलाई विशेष धन्यवाद दिन चाहान्छु । यस प्रतिवेदनका लागि आवश्यक सम्पूर्ण संयोजन गर्नु हुने विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जालका

सचिवालय, इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतम, सम्झा श्रेष्ठ, कृष्णप्रसाद नेपाल, प्रतिवेदन सम्पादन गर्नु हुने इन्सेकका मदन पौडेल, श्रीराम बजगाइँ र साजसज्जाका लागि इन्सेकका गीता मालीलाई धन्यवाद दिन चाहान्छु । साथै, विश्वव्यापी आवधिक समीक्षाका लागि महिला सञ्जालको सचिवालय ओरेकका लुभराज न्यौपाने र डर्बान रिभ्यू कन्फरेन्स फलोअप कमिटी (डिआरसीएफसी), नेपालको सचिवालय आदिवासी जनजाति महिला मञ्चका कृष्णकुमारी वाईवालाई धन्यवाद दिन चाहान्छु ।

विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जालको संयोजन गरी प्रतिवेदन तयार गर्ने महत्वपूर्ण र ऐतिहासिक जिम्मेवारी इन्सेकलाई दिइएकोमा मलाई धेरै खुसी लागेको छ । मानव अधिकार परिषद् र अन्य सम्बन्धित निकायहरूलाई नेपालको समग्र मानव अधिकारको अवस्थालाई बुझ्न र अन्तर्राष्ट्रिय समुदायको तर्फबाट नेपालको मानव अधिकार र कानुनी राज्यको अवस्था सुधारमा सहयोग गर्न यो प्रतिवेदन उपयोगीसिद्ध हुनेछ भन्ने विश्वास हामीले लिएका छौँ ।

धन्यवाद

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष, इन्सेक
सचिवालय, विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाली गैरसरकारी संस्थाको सञ्जाल

विषयसूची

	पृष्ठ
१. परिचय	६
२. विधि	६
३. विश्वव्यापी आवधिक समीक्षा (युपिआर) को दोश्रो चक्रका सिफारिसहरूको कार्यान्वयन अवस्था र अघिल्लो समीक्षा पछिका विकासक्रम	६
४. पृष्ठभूमि र संरचना	७
क) अन्तर्राष्ट्रिय दायित्वको दायरा	७
ख) संवैधानिक र विधायिकी संरचना	७
ग) मानव अधिकार संस्था, पूर्वाधार र नीतिगत व्यवस्था	८
५. अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरूको कार्यान्वयन	८
क) समानता र विभेदहीनता	८
ख) व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार	१३
ग) दण्डहीनता र विधिको शासनसहित न्याय प्रशासन	१४
घ) गोपनीयताको हक, विवाह र पारिवारिक जीवन	१६
ङ) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार	१६
अनुसूचीहरू	
१. गैरसरकारी संस्थाहरूको नामावली (२०२०)	३१
२. संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षा (युपीआर)मा प्रस्तुत गरिने संयुक्त प्रतिवेदन युपीआर कार्यसमूहको ३७ औँ सत्र	२८
३. महिला पुनर्स्थापना केन्द्रको समन्वयमा नोभेम्बर २०२० मा हुने विश्वव्यापी आवधिक समीक्षा (युपीआर) संयन्त्रअन्तर्गत नेपालको तेश्रो समीक्षामा राष्ट्रिय महिला सञ्जालको प्रतिवेदन	४९

संयुक्त राष्ट्रसङ्घमा नेपालका गैरसरकारी संस्थाको सञ्जालद्वारा प्रस्तुत आवधिक समीक्षा प्रतिवेदन

६ जुलाई २०२०

१. परिचय

यो संयुक्त प्रतिवेदन विश्वव्यापी आवधिक समीक्षा (युपीआर)का लागि नेपाल राष्ट्रिय सञ्जाल, राष्ट्रिय महिला सञ्जाल र डर्बन समीक्षा सम्मलेन अनुगमन समिति, नेपाल मिलेर यो प्रतिवेदन तयार पारेका हुन् । यी सञ्जालमा ४ सय ४० नागरिक समाज संस्था आबद्ध छन् । संस्थाहरूको विवरण अनुसूची १ मा उपलब्ध छ ।

२. विधि

यो प्रतिवेदन दुई ओटा राष्ट्रियस्तरका परामर्श बैठक, सात ओटा प्रदेशस्तरीय भेला र आठ ओटा विषयगत परामर्शमा भेलामा उपस्थित सहभागीहरूले दिएका सुझावका आधारमा तयार पारिएको हो । यी परामर्श तथा भेलाहरूमा ९ सय २४ जना सहभागीसहित सम्बद्ध सरोकारवालाको उपस्थिति थियो । राष्ट्रिय मानव अधिकार आयोग, सरकार, यौनिक अल्पसङ्ख्यक, मुस्लिम, धार्मिक अल्पसङ्ख्यक, दलित, मधेसी, आदिवासी जनजातिका प्रतिनिधि, पत्रकार, अधिवक्ता, मुक्त कमैया र बालअधिकारकर्मीको भेलाहरूमा सहभागिता रहेको थियो । यसअन्तर्गत डीआरसीएफसी र महिला सञ्जालका दुई ओटा भिन्न-भिन्न विषयगत प्रतिवेदनसमेत रहेका छन् जसलाई अनुसूची २ र ३ मा राखिएको छ ।

३. विश्वव्यापी आवधिक समीक्षा (युपिआर)को दोश्रो चक्रका सिफारिसहरूको कार्यान्वयन अवस्था र अघिल्लो समीक्षा पछिका विकासक्रम

१. राष्ट्रिय सञ्जालले गरेको मध्यावधि समीक्षाबमोजिम नेपालले कूल सिफारिसमध्येबाट १ सय ५२ ओटाको समर्थन गरेकोमा (७८ प्रतिशत) आठ ओटा सिफारिसहरू मात्र (चार प्रतिशत) पूर्णतः कार्यान्वयन भएका छन् भने १ सय २१ ओटा सिफारिसहरू (६२ प्रतिशत)लाई आंशिकरूपमा लागु गरिएका छन् । जम्मा ६६ ओटा सिफारिसहरू (३४ प्रतिशत)लाई हालसम्म कार्यान्वयन प्रक्रियामा लगिएको छैन । मध्यावधि प्रतिवेदन र म्याट्रिक्सको विस्तृत विवरण अनुसूचीमा उपलब्ध छ ।

२. नेपालको सङ्घीय संसद्का दुवै सदनले संविधान प्रदत्त मौलिक हकहरू सुनिश्चित गर्न आवश्यक विभिन्न १६ ओटा विधेयकहरू पारित गरेका छन् । यद्यपि, यी कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन भने बाँकी नै छ । विशेषतः महिला र बालबालिकासमेत व्यक्तिहरूको ओसारपसारको निवारण, दमन र दण्डित गर्ने राष्ट्रसङ्घीय आलेखलाई अनुमोदन गरिएको छ ।[1]

३. नेपाल सरकारले मानव अधिकार दायित्व लागु गर्न पाँचौं राष्ट्रिय मानव अधिकार कार्ययोजनाको मस्यौदा तयार गरेको छ ।

---

१ नेपालको राजपत्रमा प्रकाशीत सन्धि अनुमोदनसम्बन्धी जानकारी २९ वैशाख २०७७

४. पृष्ठभूमि र संरचना

क) अन्तर्राष्ट्रिय दायित्वको दायरा

४. युपीआरको पहिलो र दोश्रो चक्रले मानव अधिकार अवस्थामा सुधार ल्याउन विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गर्न सिफारिस गरेका थिए ।[२] यसरी सिफारिस गरिएका कतिपय महासन्धिहरू अझै अनुमोदन हुन बाँकी छन् ।

नागरिक समाज संस्थाका सिफारिसहरू

- बलपूर्वक बेपत्ता पार्ने विरुद्धको, आप्रवासी कामदारसम्बन्धी महासन्धिहरू एवम् जेनेभा महासन्धि, १९४९ का सबै अतिरिक्त आलेखहरूलाई अनुमोदन गर्ने ।
- अन्त्यर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र अन्त्यर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को महासन्धि १८९ को सदस्य बन्ने ।
- आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, यातनाविरुद्धको महासन्धि तथा बालअधिकार महासन्धिको तेश्रोसहित सबै इच्छाधीन आलेखहरूलाई अनुमोदन गर्ने ।

ख) संवैधानिक र विधायिकी संरचना

५. मानव अधिकारसहित लोकतान्त्रिक मूल्य र मान्यताप्रति नेपालको संविधानले[३] प्रतिबद्धता जनाएको छ । सङ्घीय शासकीय ढाँचाअन्तर्गत संविधानको कार्यान्वयन भइरहेको छ ।

६. संविधानले नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ ।[४] साथै, यसले संवैधानिक उपचारलाई समेत सुनिश्चित गरेको छ ।[५] निर्देशक सिद्धान्तले लोककल्याणकारी शासन व्यवस्थाको स्थापनालाई राज्यको उद्देश्यको रूपमा तोकेको छ ।[६]

७. संविधानले नै राज्यका सबै तह र निकायमा जातजाति तथा जातीय समुदाय, महिला, आदिवासी नागरिक, दलित, मुस्लिम, मधेसी, अपाङ्गता भएका व्यक्ति एवम् यौनिक अल्पसङ्ख्यकको सहभागितालाई सुनिश्चित गरेको छ ।

सिफारिसहरू

- नागरिकता प्राप्ति र हस्तान्तरण गर्न महिलालाई समान हक सुनिश्चित गर्ने ।
- संविधानमा प्रत्याभूत गरिएबमोजिम महिला, आदिवासी नागरिक, दलित, मुस्लिम, मधेसी, अपाङ्गता भएका व्यक्ति एवम् यौनिक अल्पसङ्ख्यकका हकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।

---

२ विश्वव्यापी आवधिक समीक्षा तेस्रो चक्र सम्बन्धमा सुझाव अनुच्छेद १२३.१, १२३.२, १२३.२१

३ २०७२ असोज ३ मा जारी गरिएको

४ समावेशी अधिकार, समानताको अधिकार, गरीबीसँग आबद्ध अधिकार, भाषा र संस्कृतीसम्बन्धी अधिकार, रोजगारीसम्बन्धी अधिकार, श्रमसम्बन्धी अधिकार र खाधान्न तथा आवाससम्बन्धी हकको कार्यान्वयनको लागि यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनको लागि आवश्यकताअनुसार राज्यले यो संविधान प्रारम्भ भएको मितिले तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ, (धारा ४७)

५ नेपालको संविधान, धारा ४७

६ राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै मानव अधिकारका मूल्य/मान्यता र लैङ्गिक समानता कायम गरिनेछ (नेपालको संविधान, निर्देशक सिद्धान्त धारा ५०) विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात गर्दै स्वायतता र सहभागिताको व्यवस्था गरिएको छ ।

ग) मानव अधिकार संस्था, पूर्वाधार र नीतिगत व्यवस्था

८. राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको अनुगमन गर्ने एक स्वतन्त्र तथा संवैधानिक निकाय हो ।[७] अनुगमन, अनुसन्धान र मानव अधिकारको प्रवर्द्धनमार्फत आयोगले आफ्ना संवैधानिक दायित्वहरू निर्वाह गरिरहेको छ ।[८] यद्यपि, सरकारद्वारा आयोगको सिफारिसहरू कार्यान्वयन दर न्यून छ ।[९]

९. राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र राष्ट्रिय मुस्लिम आयोगलाई समेत संवैधानिक निकायको दर्जा दिइएको छ ।[१०] यद्यपि, केही आयोगहरूमा सदस्यहरूको पदपूर्ति गर्न बाँकी नै छ ।[११]

सिफारिसहरू

- राष्ट्रिय मानव अधिकार आयोगको पूर्ण स्वतन्त्रता सुनिश्चित[१२] गर्दै यसका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।
- राष्ट्रिय मानव अधिकार आयोगको पदपूर्तिमा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने ।[१३]
- स्वायत्ततायुक्त अपाङ्गता आयोग र बालबालिका आयोग गठन गर्ने ।
- ६ महिनाभित्र सबै आयोगहरूमा आयुक्त र कर्मचारीहरूको नियुक्ति गरी पूर्णता दिने ।

५. अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरूको कार्यान्वयन

क) समानता र विभेदहीनता

१०. लैङ्गिक समानता र महिलाविरुद्धको हिंसा:[१४] कुनै पनि नागरिकलाई वर्ण, लिङ्ग, आर्थिक अवस्था वा यस्तै अन्य आधारमा विभेद नगरिने प्रत्याभूति नेपालको संविधानले गरेको छ ।[१५] धारा ३८ ले महिला अधिकारहरूको विस्तृत् प्रबन्ध गरेको छ । यद्यपि, लैङ्गिक असमानता कायमै छ र सार्वजनिक तथा राजनीतिक मञ्चहरूमा महिलामाथि विभेद जारी नै छ ।[१६] दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, मुस्लिम समुदायका महिला र अपाङ्गता भएका महिलाले अझै पनि लैङ्गिक तथा पहिचानजन्य विभेद व्यहोरिरहेका छन् ।

११. कानुनी सुरक्षाका बावजुद परिवार र समुदायमा महिलामाथिको विभेद कायमै छ । पितृसत्तात्मक सामाजिक संरचनाका कारण घरेलु हिंसाका घटनामा कमी ल्याउन गर्न गाह्रो भइरहेको छ । हिंसा पीडितहरू अक्सर उजुरी

---

७ नेपालको संविधान, धारा २४९

८ https://reliefweb.int/report/nepal/nepal, राष्ट्रिय मानव अधिकार आयोग वार्षिक प्रगति प्रतिवेदन समीक्षा २०१५-२०१६

९ राष्ट्रिय मानव अधिकार आयोगले उजुरीहरूउपर दिएको सुझावहरू एक दशक (२०००- २०१०)

१० नेपालको संविधान, भाग २७

११ https://thehimalayantimes.com/kathmandu/constitutional- commissions-yet-to-get-full-shape/

१२ हेर्नुहोस्: सिफारिस "आयोगको स्वतन्त्रता र वित्तीय स्वायत्तता प्रत्याभूत गर्न राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन गर्ने (पोर्चुगल) (अनुच्छेद १२१.११ यूपीआर नेपाल, २०१५; A/HRC/3/9); सर्वोच्च अदालत, नेपालको फैसलाबमोजिम राष्ट्रिय मानव अधिकार आयोगलाई आवश्यक स्वायत्तता र स्वतन्त्रता प्रदान गर्न सान्दर्भिक कानुन पारित गर्ने (युगाण्डा)" (अनुच्छेद १२१.१२ यूपीआर नेपाल, २०१५; A/HRC/3/9)

१३ हेर्नुहोस्: सिफारिस "नियुक्तिमा प्रतिनिधित्वमूलक दृष्टिकोणसमेत अपनाउँदै राष्ट्रिय मानव अधिकार आयोगको प्रभावकारी सञ्चालन सुनिश्चित गर्ने (अष्ट्रेलिया)" (अनुच्छेद १२१.१३ यूपीआर नेपाल, २०१५; A/HRC/3/9)

१४ विश्वव्यापी आवधिक समीक्षा दोस्रो चक्र (२०१५) सम्बन्धमा सुझाव अनुच्छेद १२२.१०, १२२.५

१५ नेपालको संविधान, धारा १८ मा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति आदिको सशतिकरण वा विकासका लगि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक नलगाइने व्यवस्था छ ।

१६ महिला विरुद्धको हिंसा, यसका कारण र परिणामसम्बन्धि विशेष समाधिक्षकको नेपाल भ्रमणको प्रतिवेदन, UN Doc. A/HRC/41/42/Add.2 , ४ असार २०७६, अनुच्छेद ३५

दिन चाहँदैनन् र धेरैजसो घटनामा मेलमिलापलाई प्रश्रय दिइन्छ । घरेलु हिंसा (कसुर र सजाय) ऐनले परिकल्पना गरेको अन्तरिम सुरक्षाको उपाय प्रभावकारी देखिएको छैन ।[१६] सन् २०१९ मा इन्सेकले घरेलु हिंसाका ३ हजार ३ सय ६४ ओटा घटना[१८] र कोभिड-१९ सम्बन्धित बन्दाबन्दीको अवधि (मार्च २४ देखि मई १६, २०२०) मा महिला तथा बालबालिकाविरुद्धका ५ सय २ ओटा घरेलु हिंसाका घटना अभिलेख गरेको थियो । [१९]

सिफारिसहरू

- आमाको नागरिकताका आधारमा सजिलै नागरिकता प्राप्त गर्न तत्सम्बन्धी कानुन र सर्वोच्च अदालतका फैसलाको कार्यान्वयन गर्ने ।
- पर्याप्त साधनश्रोतसहित लैङ्गिक समानतासम्बन्धी कानुन र नीतिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
- अभ्यासमा रहेका सांस्कृतिक कुरीतिहरू अन्त्य गर्दै महिलाविरुद्ध हुने विभेद उन्मूलन गर्न चेतना बढाउने ।[२०]
- हानिकारक परम्परागत अभ्यासहरूको छानबिन गर्दै यसका लागि जिम्मेवार व्यक्तिहरूलाई दण्डित गर्ने । पीडितहरूको संरक्षण र पुनःस्थापना गर्ने । दाइजो प्रथा र बहुविवाहजस्ता मुद्दाका विरुद्ध चेतना जागृत गर्ने ।[२१]
- घरेलु हिंसाबाट महिलाको संरक्षण गर्न संयन्त्रहरूमा सुधार गर्ने ।

१२. दलित र मधेसी जनताविरुद्धको विभेदः नेपालको संविधानले छुवाछूत र जातीय विभेदविरुद्धको हक प्रत्याभूति गरेको छ ।[२२] विभिन्न कानुनी सुनिश्चितताका बावजुद नेपाली समाजमा अझै पनि जातीय विभेद अभ्यासमा छ । यस्तो विभेदले यी समुदायका मानिसको शिक्षा, स्वास्थ्य, स्याहार, रोजगारी, खानेपानीको उपलब्धतामा पहुँच तथा सम्मानित जीवन उपभोग गर्ने पाउने उनीहरूको अधिकारलाई कुण्ठित गरिरहेको छ ।[२३]

१३. मधेसी दलितहरूले थप बहिष्करण, सीमान्तीकरण र भूमिहीनताजस्ता[२४] समस्या सामना गरिरहेका छन् भने तिनीहरू दलित र मधेसी समुदायभित्रै विभेदको शिकार भइरहेका छन् । दलित महिलाहरूले क्षेत्र, वर्ग, जात र लिङ्गमा आधारित विभेद भोगिरहेका छन् । वादी महिला यौनजन्य शोषणबाट पीडित छन् । विद्यालय, मन्दिर र अन्य सार्वजनिक तथा निजी स्थानहरूमा दलितहरूले जातीय विभेद र छुवाछूत व्यहोरिरहेका छन् । उनीहरू शिक्षाबाट वञ्चित हुनुका साथै कुपोषण, बालश्रम, बेचबिखन र यौनिक हिंसाबाट ग्रस्त छन् ।[२५]

---

१६ विश्वव्यापी आवधिक समीक्षा मध्यावधि प्रतिवेदन, पेज ८

१८ नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२०, पेज १९

१९ http://inseconline.org/en/news/violation-of-women-and-childrens-rights-during-54-days-of-lockdown/

२० हेर्नुहोस्: सिफारिस "महिलालाई गलतरूपमा व्याख्या वा प्रस्तुत गर्ने कुरालाई नियन्त्रण गर्न सचेतना वृद्धि अभियानसमेतका माध्यमबाट लैङ्गिक समानताको प्रवर्द्धन गर्ने (मलेसिया)" (अनुच्छेद १२२.३४ यूपीआर नेपाल २०१५; A/HRC/3/19)

२१ ओएचसिएचआरद्वारा संकलित २०१५; A/HRC/WG.6/23/ NPL/2, अनुच्छेद ४०

२२ छुवाछूत र जातीय विभेद गर्ने कार्यलाई दण्डनीय मानिय तापनि दलितहरू विभिन्न किसिमका विभेदहरू भोगिरहेका छन् (जातीय तथा अन्य छुवाछूत तथा भेदभाव/कसुर र सजाय ऐन, २०६८)

२३ नेपालमा छुवाछूत र जातीय विभेद सम्बन्धमा, नागरिक समाजको तर्फबाट तयार पारी संयुक्त राष्ट्रसङ्घमा बुझाएको छाँया प्रतिवेदन (सबै किसिमका जातीय विभेद अन्त्य गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि) २०१८ पेज १३

२४ दिगो विकास मञ्च, दलितको भूमिका स्वामित्वः एक अध्ययन, दिगो विकास मञ्च, काठमाडौँ

२५ https://idsn.org/wp-content/uploads/2015/11/Nepal-UPR-2015-Dalit-Coalition-and-IDSN-report.pdf

सिफारिसहरू

- मातृभाषी बहुभाषिक शिक्षा प्रदान गर्दै दलित र आदिवासी समुदायका बालबालिकालाई विद्यालय पहुँच सुनिश्चित गर्ने ।[२६]
- दलितउपर हुने विभेदका घटनाको छानबिन[२७] र अभियोजन गर्ने, जनचेतना अभियान सञ्चालन गर्ने, राष्ट्रिय दलित आयोगलाई क्रियाशील तुल्याउने तथा विभेदका मुद्दामा न्यायमा पहुँच सुनिश्चित गर्ने ।[२८]
- जातीय विभेदविरुद्धका कानुनको प्रभावकारी कार्यान्वयनका लागि नीति, योजना, रणनीति, कार्यक्रम र बजेटको व्यवस्था गर्ने ।[२९]
- सबै विभेदमूलक कानुन, नियम, निर्देशन, नीति र कार्यक्रममा संशोधन गर्ने ।
- सबै अन्तरजातीय विवाहित जोडीको सुरक्षा सुनिश्चित गर्ने ।
- सम्बन्धित जनसङ्ख्याको अनुपातमा पहाडी र मधेसी दलित एवम् दलित महिलाबीच सबै अवसर, साधन श्रोत र सेवाहरूको समानुपातिक वितरण सुनिश्चित गर्ने ।
- एक वर्षभित्र भूमिहीनताको अन्त्यय गर्दै दलितलाई नागरिकताको हक प्रत्याभूत गर्ने ।

१४. मुस्लिम र अन्य अल्पसङ्ख्यक विरुद्धको विभेदः नेपालमा सीमान्तीकृत समुदायमध्ये एक मुस्लिम[30] पनि हुन् ।

१५. सांस्कृतिक र भाषागत अवरोधका कारण स्वास्थ्य, न्याय एवम् शिक्षामा मुस्लिम महिलाको पहुँच न्यून छ । मुस्लिम महिलाहरू विभिन्न खालका विभेदबाट प्रताडित छन् ।[३१]

सिफारिसहरू

- धार्मिक र साँस्कतिक धरोहरको संरक्षण एवम् धार्मिक पूर्वाधारको निर्माणका निम्ति आवश्यक साधन श्रोतमा सबै धार्मिक समूहहरूको समान पहुँच स्थापित गर्ने ।
- मदरसा शिक्षालाई मान्यता दिँदै नेपालको शिक्षा प्रणालीको मूलप्रवाहमा समावेश गर्ने ।
- सबै सार्वजनिक क्षेत्रमा मुस्लिम महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।

१६. नेपाल सरकारले आदिवासी जनजातिका[३२] ६० ओटा समूहको पहिचान गरेको छ भने कतिपय समूहहरू छुटेका छन् ।[३३] आदिवासी जनजाति बहुल क्षेत्रमा निर्माणाधीन कतिपय परियोजनाका कारण उनीहरू आफ्नो भूभाग र

---

२६ ओएचसिएचआरद्वारा तयार पारिएको सुझावहरू, २०१५ A/HRC/WG.6/23/ नेपाल/अनुच्छेद ८२

२७ हेर्नुहोस्: सिफारिस "दलित समुदायमाथिका सबै विभेदजन्य कार्यको छानबिन गर्ने (अर्जेन्टिना)"(अनुच्छेद १२२.५५, यूपीआर नेपाल, २०१५ A/HRC/3/9)

२८ ओएचसिएचआरद्वारा तयार पारिएको सुझावहरू, २०१५ A/HRC/WG.6/23/ नेपाल/अनुच्छेद ३०

२९ हेर्नुहोस्: सिफारिस "खासगरी महिला तथा दलितमाथि हुने सबै प्रकारका विभेद अन्त गर्ने कानुनहरूको कार्यान्वयन र प्रभावकारिता लेखाजोखा गरी गैरविभेद प्रयासहरूलाई वास्तविक एवम् प्रभावकारी अभ्यासमा रूपान्तरण गर्ने (चेक गणतन्त्र)" (अनुच्छेद १२२.३९, यूपीआर नेपाल, २०१५ A/HRC/3/9)

30 राष्ट्रिय जनसङ्ख्याको ४.४प्रतिशत जनसङ्ख्या मुस्लिम समुदायले ओगट्दछ ।

३१ मुस्लिम महिलाको अधिकारसम्बन्धी संयुक्त प्रतिवेदन, २०१८ https://tbinternet.ohchr.org/Treaties/CEDAW/Shared%20Documents/NPL/INT_CEDAW_CSS_NPL_32673_E.pdf

३२ आदिवासी जनजाति उत्थान राष्टिय प्रतिष्ठान ऐन, २०५८ यसमा उपलब्ध छ http://www.nfdin.gov.np/uploads/ck/5df9de20bdbc7.pdf

३३ सरकारले २०६६ मा उच्चस्तरीय कार्यदल बनाइ जनजातिहरूको सूची बृहत्तर अध्ययन गरी ८१ प्रकारका जनजातिहरू रहेको प्रतिवेदन पेश गरेको थियो । सो प्रतिवेदन सरकारबाट प्रमाणीकरण हुन बाँकी छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ यसमा उपलब्ध छ http://www.nfdin.gov.np/uploads/ck/5df9de20bdbc7.pdf

प्राकृतिक साधनश्रोतबाट विस्थापित भएका छन् ।[३४] आइएलओ अभिसन्धि १६९ को कार्यान्वयनका लागि नेपाल सरकारले राष्ट्रिय कार्ययोजना बनाई स्वीकृतसमेत गरेको छ । तर, यसलाई अझै लागु गरिएको छैन ।[३५] आदिवासी जनजाति महिलाले बहुविभेदको सामना गर्दछन् । सन् २०१८ मा दिइएका महिला विरुद्धका सबै खालका विभेद उन्मूलन गर्ने महासन्धि (सिडा) का समापन मन्तव्यहरूको कार्यान्वयन हुन अझै बाँकी छ ।[३६]

सिफारिसहरू[३७]

- नेपाल सरकारले स्वीकृत गरेको आइएलओ अभिसन्धि १६९ सम्बन्धी राष्ट्रिय कार्ययोजना तत्काल लागु गर्ने ।
- सन् २०१८ मा दिइएका सिडाका समापन मन्तव्यहरूको कार्यान्वयन गर्ने ।
- आदिवासी जनजातिलाई असर गर्ने कुनै पनि क्रियाकलाप गर्नुपूर्व उनीहरूको स्वतन्त्र, र अग्रीम मञ्जुरी लिनुपर्ने अधिकारको मान्यता एवम् अभ्यास गर्ने ।
- महिलासहित आदिवासी जनजातिको समावेशिता र समानुपातिक प्रतिनिधित्वसम्बन्धी संवैधानिक प्रावधानको पूर्ण कार्यान्वयन गर्ने ।
- आगामी जनगणनामा आदिवासी जनजाति महिलाको तथ्याङ्क सङ्कलन एवम्म् पृथकीकरण गर्ने ।

१७. अपाङ्गता भएका व्यक्तिः अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अपाङ्गताको चिकित्सकीय ढाँचामा केन्द्रित छ । यसैले मनोसामाजिक अपाङ्गताका मुद्दालाई सम्बोधन गर्ने ढंगले यसको संशोधन आवश्यक छ । राज्यका सबै संरचनामा समावेशिता र प्रतिनिधित्वका निम्ति अपाङ्गता भएका व्यक्तिको अधिकारका क्षेत्रमा कार्यरतहरू सङ्घर्षरत छन् । सहायता प्रणाली र सामाजिक सुरक्षाको अभावमा मनोसामाजिक र गम्भीर अपाङ्गता भएका व्यक्तिहरूलाई बाँधेर राख्ने, थुनामा राख्ने र तिनीहरूप्रति अमानवीय व्यवहार गर्ने गरिएको पाइन्छ । अपाङ्गता भएका व्यक्तिका लागि शिक्षा र स्वास्थ्य सुविधामा पहुँच पुऱ्याउन सकिएको छैन ।

सिफारिसहरू

- अपाङ्गता भएका व्यक्तिसम्बन्धी ऐनको संशोधन गर्दै मनोसामाजिक र अन्य ओझेलमा परेका अपाङ्गताका मुद्दालाई सम्बोधन गर्ने ।
- सन् २०२१ को जनगणनामा सबै किसिमका अपाङ्गताका बारेमा तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली तयार गर्ने ।

---

३४ जनजातिहरूमाथि भएको अधिकार हननको घटना हेर्नुहोस्: https://www.lahurnip.org/uploads/articles/Cases%20of%20Indijenous%20Peoples.pdf

३५ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयः मानव अधिकारसम्बन्धी चौंथो कार्ययोजना २०१४/२०१५-२०१८/२०१९ यसमा उपलब्ध छ file:///C:/Users/R14i5U360TS/Downloads/4thNational%20Planof%20Actions%20on%20Human%20Rights2014-2018%20(1).pdf

३६ अनुच्छेद ४० (क) आदिवासी जनजाति महिलाहरूको पहिचान तथा आदिवासी जनजाति नागरिकहरूको आफनो स्वनिर्णयको अधिकार कार्यान्वयन अभाव छ, जसलाई अनुच्छेद ४१(क) मा यो सुझाव दिएको छ (क) संयुक्त राष्ट्रसङ्घको आदिवासी नागरिकको अधिकार घोषणापत्रमा उल्लेखीत अधिकारका आधारमा जनजाति महिलाहरूको आत्मनिर्णको विशिष्ट अधिकारको संरक्षण गरिएअनुरूप संविधान संशोधन गर्नुपर्ने । सिडबारेमा नेपालको छैठौं समीक्षाका निर्ष्कषणात्मक टिप्पणी यसमा उपलब्ध छ file:///C:/Users/R14i5U360TS/Desktop/UPR%20core%20documents/CDAW%20Concluding%20Observation%202018/Concluding-comments-English.pdf

३७ पहिलाको यूपीआर सिफारिस (A/HRC/31/19, अनुच्छेद १२१.९ (म्याक्सिको) र A/HRC/31/9, अनुच्छेद १२२.३७ (युगाण्डा)

१८. यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरूः सर्वोच्च अदालतबाट फैसला भएको एक दशक बितिसक्दा[३८] पनि वैवाहिक समानताले अझै मान्यता पाएको छैन । उल्टै, यसमा कानुनी बन्देजहरू रहेका छन् । सर्वोच्च अदालतको आदेशबमोजिम गठित समितिको प्रतिवेदनमा परेका सुझावहरू अझै कार्यान्वयन भएका छैनन् ।[३९] संविधानले वञ्चित वर्गभित्र यौनिक र लैङ्गिक अल्पसङ्ख्यकलाई समेत राखेता पनि[४०] वैवाहिक समानताले अझै मान्यता नपाएको कारण यी अल्पसङ्ख्यकहरू खास अधिकार र सुविधाहरू पाउनबाट विमुख छन् । यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरू आफ्नै परिवार, विद्यालय, रोजगारी र सार्वजनिक सेवाहरूमा विभेद, घृणा, सामाजिक लज्जा तथा हैरानीको शिकार भइरहेका छन् ।[४१]

सिफारिसहरू

- सार्वजनिक सेवा र राज्यका संयन्त्रमा यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरूको सहभागिता एवम् प्रतिनिधित्व बढाउन संवैधानिक व्यवस्थाको पूर्ण कार्यान्वयन गर्ने ।
- यौनिक र लैङ्गिक अल्पसङ्ख्यक समुदायका अधिकार सङ्कुचन गर्ने देवानी तथा अपराध संहिता एवम् अन्य विभेदकारी कानुनमा परिमार्जन र संशोधन गर्ने ।

१९. दासता र मुक्त (पूर्व) बँधुवा श्रमिकः दासता विरुद्ध विधायिकी व्यवस्थाहरू हुँदा हुँदै पनि कृषिमा कमैया, कमलरी, हरूवा, चरुवा, हलियाजस्ता बँधुवा श्रमका ऐतिहासिक स्वरूप र इँटाभट्टा, ढुङ्गाखानी मनोरञ्जन क्षेत्र, घरेलु काम, रेष्टुरेण्ट तथा तयारी पोशाक क्षेत्रमा बाध्यकारी श्रम कायमै छ । यी शोषणहरू नेपालको परिवेशमा जटिल छन् किनकि यहाँ कानुन कार्यान्वयनको पक्ष कमजोर छ । दण्डहीनता उच्च छ । आर्थिक अवसरहरू पनि सीमित छन् ।[४२] सन् २००० मा सरकारले कमैयाहरूलाई उनीहरूले लिएको सौँकी मिनाह गरी बँधुवा श्रमबाट समेत मुक्त गऱ्यो ।[४३] अहिले झण्डै ३७ हजार मुक्त कमैयाहरू रहेका छन् ।[४४] तर, मुक्तिको दुई दशक बितिसक्दा पनि उनीहरूको उपयुक्त पुनःस्थापना हुन सकेको छैन । उनीहरूमध्ये कतिपय पूर्व मालिकहरूकोमा श्रम गर्न बाध्य छन् ।[४५]

सिफारिसहरू

- कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ सहित दासता विरुद्धका कानुनहरूको पूर्ण र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
- मुक्त बँधुवा श्रमिकहरूलाई रोजगारीका अवसर उपलब्ध गराउने ।

---

३८ सुमन पन्त वि.गृह मन्त्रालय मुद्दा नं. ०७३ निर्णय नं १०५४ उत्प्रेषण र परमादेश

३९ सर्वोच्च अदालतको आदेशअनुसार नेपाल सरकारले गठन गरेको समितीले २०७२ मा समलिगिं विवाहलाई कानुनी मान्यता प्रदान गर्नका लागि ८५ पेजको प्रतिवेदन प्रधानमन्त्री कार्यलयमा पेश गरेको थिया`। प्रतिवेदनले समलिंगि विवाहलाई कानुनी मान्यता प्रदान गर्ने सुझाव दिएको थियो । प्रतिवेदन हेर्नुहोस्: https://kathmandupost.com/life--style/2019/05/03/nepals-indecision-on-same-sex-marriage-leaves-couples-in-limbo

४० नेपालको संविधान २०७२ धारा १२ वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता व्यवस्था

४१ ग्लोबल प्रेस जर्नलको प्रतिवेदन हेर्नुहोस्: https://globalpressjournal.com/asia/nepal/wanted-male-female-transgender-people-nepal-suffer-hiring-bias-despite-law/

४२ https://www.spotlightnepal.com/2017/09/24/trapped-modern-slavery-case-nepal/

४३ पश्चिम नेपालको बधुवा मजदुरहरू, कमैया तथा कमलरीहरूको (थारु समुदायमा बधुवा मजदुरहरूको रूपमा कार्य गर्ने) सामाजिक अभियानको कारण हजारौँ मजदुरहरूले थारु जमिन्दारहरूबाट २०५७ साउन २ गते मुक्त भए । यसैगरी सरकारले २०६५ असोजमा हलिया प्रथाको अन्त्य भएको घोषणा गऱ्यो र बधुवा मजदुरहरूका रूपमा रहेका दलितहरूलाई मुक्ति भएको घोषणा गऱ्यो ।

४४ द काठमान्डु पोष्ट, २०७४ साउन २, यो लिंकमा उपलब्ध छ https://kathmandupost.com/miscellaneous/2017/07/17/many-freed-kamaiyas-yet-to-be-rehabilitated

४५ http://inseconline.org/en/wp-content/uploads/2020/YB2020/Chapter_3.3_YB2020.pdf

- समुदायहरूमा दासता, सेवादारी र अन्य दासतामुखी अभ्यासहरू बाँकी नरहेको सुनिश्चित गर्न स्थानीय अधिकारीहरूलाई परिचालन गर्ने ।
- सबै मुक्त बँधुवा श्रमिकहरूलाई आवासको हक सुनिश्चित गर्ने ।

२०. मानव अधिकार रक्षकहरूका अधिकार: नेपाल पत्रकार महासङ्घले पत्रकार हत्याका ३६, पत्रकारलाई बलपूर्वक बेपत्ता पारिएका चार[४६] र प्रेस स्वतन्त्रता हनन्का ७३ ओटा घटनालाई सूचीकृत गरेको छ ।[४७] महिला मानव अधिकार रक्षकहरू अझ बढी जोखिममा रही काम गरिरहेका छन् । घरेलु हिंसा र यौनिक अधिकारको पैरवी गर्ने महिला मानव अधिकार रक्षकहरूले धम्कीको सामना गर्नु परेको छ । [४८]

सिफारिसहरू

- कानुन, नीति र कार्यक्रमिक हस्तक्षेपमार्फत मानव अधिकार रक्षक एवम् महिला मानव अधिकार रक्षकलाई मान्यता, सहयोग तथा सुरक्षा प्रदान गर्ने ।
- अभिव्यक्ति स्वतन्त्रताका कारण धम्की पाएको अवस्थामा सुरक्षा सुनिश्चित गर्न तत्काल कदमहरू चाल्ने । [४९]
- मानव अधिकार रक्षकउपर हुने धाकधम्की, शारीरिक क्षति र आक्रमणका सन्दर्भमा अनुसन्धान गर्न कदमहरू चाल्ने ।[५०]

ख) व्यक्तिको जीवन, स्वतन्त्रता र सुरक्षाको अधिकार

२१. सन् २०१८ मा भक्तपुरमा दुई, रुपन्देहीमा दुई र सुनसरीमा एक गरी कुल पाँच जना र सन् २०१९ मा सप्तरी, रुपन्देही र सर्लाहीमा एक-एकजना गरी ३ जना फर्जी मुठभेडमा मारिए । नेपाल प्रहरीले गरेका यस्ता गैरन्यायिक हत्याका बारेमा इन्सेकले आफ्ना प्रतिवेदन र प्रेस वक्तव्यका माध्यमबाट प्रश्न उठाएको थियो । [५१]

सिफारिसहरू

- गैरकानुनी गिरफ्तारी, यातना, गैरन्यायिक हत्या र अन्य खालका राज्य दुर्व्यवहारको निवारण गर्न कदमहरू चाल्ने ।
- गैरन्यायिक हत्याका आरोपउपर प्रभावकारी अनुसन्धान गर्दै पीडितका लागि न्याय प्रत्याभूत गर्ने ।[५२]

२२. यातना र बलपूर्वक बेपत्ता: सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घनका घटना सम्बोधन गर्न बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ पारित

---

४६ http://www.fnjnepal.org/uploads/freedoms/freedom_1502098548.pdf

४७ प्रेस स्वतन्त्रतामा भएको हिंसासम्बन्धी वार्षिक तथ्याङ्क २०७३ वैशाख २२ देखि २०७४ वैशाख २० सम्म यसमा उपलब्ध छ http://www.fnjnepal.org/uploads/freedoms/freedom_1502095635.pdf

४८ नेपाल मानव अधिकार वर्ष पुस्तक, नेपाली संस्करण पेज २५६, अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) काठमाडौँ, नेपाल

४९ हेर्नुहोस्: सिफारिस "कानुन र व्यवहारमा अनलाइन वा अफलाइन अभिव्यक्त गर्न पाउने हक सुनिश्चित गर्ने । यसका लागि गालीबेइज्जतिलाई अपराधको कोटीबाट हटाउने, पत्रकार तथा मानव अधिकार रक्षकहरूमाथि भएका सबै धम्की एवम् आक्रमणका घटनाको अनुसन्धान गर्ने (इष्टोनिया)" (अनुच्छेद १२२.७२ यूपीआर नेपाल, २०१५A/HRC/3/9)

५० हेर्नुहोस्: सिफारिस "मानव अधिकार रक्षकहरूमाथि भएका सबै धम्की एवम् आक्रमणका घटनाको अनुसन्धान गर्ने (बोत्सवाना)" (अनुच्छेद १२२.६० यूपीआर नेपाल, २०१५A/HRC/3/9)

५१ http://inseconline.org/en/wp-content/uploads/2020/YB2020/Chapter_1_Executive_summary_YB2020.pdf

५२ हेर्नुहोस्: सिफारिस "गैरन्यायिक हत्या, हिरासतमा हुने मृत्यु र मानव अङ्गको तस्करीका आरोपहरूको छानबिन गर्ने (सियरालियोन)" (अनुच्छेद १२१.२७ यूपीआर नेपाल, २०१५; A/HRC/3/9); "यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्याका सबै आरोपहरू तत्काल छानबिन गर्ने एवम् दोषीहरूलाई दण्डित गर्ने (न्यूजिल्याण्ड)" (अनुच्छेद १२१.२६ यूपीआर नेपाल, २०१५A/HRC/3/9)

गरियो ।[५३] यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले व्यक्तिहरूलाई शारीरिक वा मानसिक यातना दिएकोमा वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार गरेकोमा क्षतिपूर्ति दिने व्यवस्था गरेको छ ।[५४]

२३. अपराध संहिताले यातना र बलपूर्वक बेपत्ता[५५] पार्ने कार्यलाई कसुर घोषणा गरेको छ । व्यवस्थापिका संसदले २०७३ भदौ १५ मा यातना, अमानवीय, क्रूर र अमर्यादित कार्य (नियन्त्रण) विधेयकलाई[५६] अन्तिम रूप दिन संसदीय समितिमा पेश[५७] गरेकोमा यो अझै पारित हुन सकेको छैन ।

२४. नेपालले अहिलेसम्म यातना विरुद्धको महासन्धिको इच्छाधीन आलेखलाई अनुमोदन गरेको छैन ।[५८]

सिफारिसहरू

- यातना विरुद्धको महासन्धिको इच्छाधीन आलेखलाई अनुमोदन गर्ने ।[५९]
- यातना पीडितको पुनःस्थापना र परिपूरणका लागि उपयुक्त संयन्त्रको सुनिश्चितता गर्ने ।
- यातना निवारणका निम्ति सुरक्षा बलहरूको जवाफदेहिता र क्षमतामा अभिवृद्धि गर्ने ।[६०]

ग) दण्डहीनता र विधिको शासनसहित न्याय प्रशासन

२५. स्वच्छ पुर्पक्षको अधिकार: नेपालको संविधान (२०७२) ले स्वच्छ पुर्पक्षको हक सुनिश्चित[६१] गरेको छ । तर, नेपालमा अनुसन्धान, अभियोजन र न्याय निरूपण गर्ने निकायहरूबीच प्रभावकारी समन्वयको अभाव छ । यसको परिणामस्वरूप केही थुनुवाहरूले यातना वा अमानवीय व्यवहारको सामना गरेका छन् भने अन्य केही स्वच्छ सुनुवाइबाट वञ्चित छन् ।

---

५३ धेरै लामो समयपश्चात् २०७२ को ऐनमा रही दुई ओटा आयोगहरू जाँचबुझ आयोग स्थापना र सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना भयो जसको जीम्मेवारी द्वन्दको समयमा भएको मानव अधिकारका जघन्य हनन, गैरकानुनी हत्या, यौनहिंसा, यातना तथा अन्य क्रुर अमानवीय गतिविधिको छानविन सञ्चालन गर्नु हो । यसैगरी बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको यथार्थता छानविन गर्नु रहेको छ ।

५४ प्रस्तावना यातनासम्बधी क्षतिपूर्ति ऐन, २०५३

५५ कुनैपनि गैरकानुनीरूपमा यातना गर्ने व्यक्तिलाई ५ वर्ष कैद तथा ५०,००० जरीवाना वा दुवै सजाय दिन सक्ने प्रावधान घटना प्रकृति हेरी गर्ने व्यवस्था छ

५६ यातनाविरुद्धको कानुनी व्यवस्थाको मस्यौदा (यातना तथा अन्य क्रुर, अपमानजनक व्यवहार) सांसदबाट पारित हुन बाँकी छ । प्रस्तावित मस्यौदामा यातना विरुद्धका गतिविधी तथा यससँग सम्बन्धित क्रियाकलापहरूलाई छानविन गर्ने, पीडितलाई क्षति प्रदान गर्ने रहेको छ । संसदमा प्रस्तावित विधेयकका कार्यान्वयन प्रणालीहरू प्रभावकारी भएमा नेपालले प्रतिबद्धता गरेको यातना तथा अन्य क्रुर अपमानजनक व्यवहारविरुद्धको महासन्धि कार्यान्वयन र परिपालना गर्नमा सहयोग पुग्नेछ

५७ http://kathmandupost.ekantipur.com/printedition/news/2016-08-31/anti-torture-bill-moves.html

५८ https://treaties.un.org/Pages/ViewDetails.aspx¿src=IND&mtdsg_no=IV-9-b&chapter=4&clang=_en

५९ हेर्नुहोस्: सिफारिस "यातनाविरोधी समितिको दक्षतालाई स्वीकार गर्न सकिने सम्भाव्यताको अध्ययन गर्ने (पानामा)" (अनुच्छेद १२३.१ यूपीआर नेपाल, २०१५; A/HRC/3/9); "यातनाविरुद्धको महासन्धिको इच्छाधीन आलेखलाई सम्मिलन गर्ने (न्यूजिल्याण्ड, चेक गणतन्त्र)" (अनुच्छेद १२३.३ यूपीआर नेपाल, २०१५; A/HRC/3/9); "यातनाविरुद्धको महासन्धिको इच्छाधीन आलेखलाई अनुमोदन गर्ने (मन्टेनेग्रो, डेनमार्क, उरुग्वे, घाना र जर्मनी)" (अनुच्छेद १२३.४ यूपीआर नेपाल, २०१५ A/HRC/3/9)

६० हेर्नुहोस्: सिफारिस "सार्वजनिक सुरक्षा बललाई विशेषत: यातना र दुर्व्यवहार नियन्त्रणसहित मानव अधिकारका सिद्धान्तका बारेमा प्रशिक्षित गर्ने (जिबुटी)" (अनुच्छेद १२२.२५ यूपीआर नेपाल, २०१५A/HRC/3/9)

६१ नेपालको संविधान धारा २०

सिफारिसहरू

- स्वच्छ पुर्पक्ष सुनिश्चित गर्न फौजदारी न्यायका संयन्त्रका पूर्वाधारको विकास र तिनमा लगानी अभिवृद्धि गर्ने ।
- फौजदारी न्यायसम्बन्धी निकायहरूबीच समन्वय कायम गर्न एक औपचारिक संयन्त्र स्थापना गर्ने ।
- बृहत् साक्षी संरक्षण कानुन बनाई लागु गर्ने ।
- विशेषतः दलित, महिला र बालबालिकासमेत अपराधका पीडित एवम् साक्षीहरूको संरक्षण सुनिश्चित गर्ने ।[६२]

२६. न्यायमा पहुँच र प्रभावकारी उपचारः नेपालमा न्यायिक कार्यविधि खर्चिलो र झन्झटिलो छ । सामाजिक र कानुनी सीमितताका कारण कानुनी सहायता गरिब, विपन्न र महिलासम्म बिरलै पुग्छ ।[६३] अपराध संहिताले बलात्कार र यौनिक हिंसामा उजुरी गर्ने हदम्याद बढाएर एक वर्ष पुऱ्याएको छ । तर, यो अझै अपुग छ । शारीरिक हिंसा, यौनिक हिंसा र जातीय विभेदबाट पीडित महिलाहरूलाई कानुनी उपचार खोज्नभन्दा पनि मेलमिलाप रोज्न बाध्य पारिन्छ ।

सिफारिसहरू

- द्रुत अदालत र मुद्दाको निरन्तर सुनुवाइजस्ता उपायमार्फत न्यायमा पहुँच सुनिश्चित गर्ने ।
- न्यायिक र अर्धन्यायिक निकायमा पर्याप्त मानवीय एवम् वित्तीय संशाधन उपलब्ध गराउने ।
- लोकतान्त्रिक र मानव अधिकारमैत्री प्रहरीका सिद्धान्तबमोजिम नेपाल प्रहरीको नयाँ ऐन बनाइ लागु गर्ने ।

२७. सङ्क्रमणकालीन न्यायः सरकार र तत्कालीन माओवादी विद्रोही पक्षबीच विस्तृत शान्ति सम्झौता भएको १४ वर्ष बितेको छ । यस अवधिमा द्वन्द्वपीडितहरूले अन्त्यरिम राहतमात्र पाएका छन् । परिपूरणबाट अझै वञ्चित छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन सन् २०१५ मा भएको भए पनि यसले के, कसरी कार्य सम्पन्न गर्ने भन्ने अझै टुङ्गो लागेको छैन ।[६४]

२८. राजनीतिबाट प्रभावित आयुक्तहरूको नियुक्तिः हालसम्म यस्तो नियुक्तिको अभ्यासले गर्दा सत्य, न्याय, परिपूरणका लागि गठित आयोगहरूको प्रयोजन र संस्थागत सुधारकै उद्देश्यको अवमूल्यन भएको छ । द्वन्द्वकालीन यौन हिंसा पीडितलाई द्वन्द्वपीडितको रूपमा स्वीकार गरिएकै छैन ।

२९. पीडितबाट उजुरी ग्रहण गर्नेबाहेक यी दुई आयोगहरूले अन्य कुनै पनि नतिजा दिने खालका कार्य गर्न सकेका छैनन् । उजुरीउपरको छानबिनसमेत पूरा भएको छैन ।

३०. द्वन्द्वकालीन अपराध र मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाका आरोपितहरूलाई उच्च तहका नीति निर्माण निकाय, कार्यकारी एवम् सुरक्षा अङ्गहरूमा नियुक्ति गर्ने, पदोन्नति गर्ने एवम् तैनाथी गर्ने कार्य अझै जारी छ ।

सिफारिसहरू

- गम्भीर किसिमका मानव अधिकारको उल्लङ्घनका घटनालाई[६५] सम्बोधन गर्ने क्रममा सर्वोच्च अदालतले दिएको आदेश तथा परमादेशको सम्मान गर्ने ।[६६]

---

६२ हेर्नुहोस्: ओएचसिएचआरले तयार पारेको सङ्ग्रह २०१५, A/HRC/WG.6/23/ NPL/2 अनुच्छेद ५२

६३ घरेलु हिंसा दण्ड तथा सजाय ऐन २०६६ (२००९)मा अपूर्ण कार्यप्रणालीको व्यवस्था

६४ हेर्नुहोस्: http://trc.gov.np/ https://ciedp.gov.np/en/home/

६५ हेर्नुहोस्: सिफारिस "सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनका सम्बन्धमा २०७० र २०७२ सालमा सर्वोच्च अदालतले गरेका आदेश लागु गर्ने ताकि सङ्क्रमणकालीन न्यायसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डबमोजिम नै गृहयुद्धको समयमा भएका मानव अधिकार उल्लङ्घनको अनुसन्धान, पीडितलाई क्षतिपूर्ति र मेलमिलापका कार्यहरू सञ्चालन गर्न सकियोस् (चेक गणतन्त्र)" (अनुच्छेद १२२.६३ यूपीआर नेपाल, २०१५ A/HRC/3/9)

६६ आममाफी तथा जबरजस्ती मेलमिलाप गर्ने कार्यप्रणालीलाई यसको उद्देश्य अनुसार कार्यान्वयन गर्नुपर्दछ ।

- द्वन्द्वकालीन यौन हिंसा पीडितलाई द्वन्द्वपीडितको रूपमा स्वीकार गर्ने र तिनलाई सम्पूर्ण सहायता कार्यक्रममा समावेश गर्ने ।
- पीडितहरूलाई तत्काल चिकित्सकीय, मनोसामाजिक, कानुनी र आजीविका सहयोग उपलब्ध गराउने ।
- सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूमा पीडित र साक्षीको संरक्षण सुनिश्चित गर्ने ।
- सङ्क्रमणकालीन न्यायिक प्रक्रियामा कानुन एवम् संस्थागत सुधार तथा पूर्वपरीक्षण प्रणाली लागु भएको कुरा सुनिश्चित गर्ने ।
- सङ्क्रमणकालीन न्यायिक संयन्त्रमा आयुक्तहरूको नियुक्ति उनीहरूको योग्यताका आधारमा स्वच्छ तवरबाट भएको, तर राजनीतिक आबद्धताका आधारमा नभएको सुनिश्चित गर्ने ।

३१. दण्डहीनता: अझै पनि कतिपय अपराधका जाहेरी दरखास्तहरू दर्ता हुँदैनन्[६७] भने गैरन्यायिक हत्याको पर्याप्त अनुसन्धान नै हुँदैन ।[६८] केही घटनामा राजनीतिक संरक्षणका कारण आरोपितहरू गिरफ्तार नै हुँदैनन् ।

सिफारिसहरू

- दण्डहीनताको रोकथाम र कानुनका अगाडि सबैको समानता सुनिश्चित गर्न उचित संयन्त्रहरूको विकास गर्ने ।

घ) गोपनीयताको हक, विवाह र पारिवारिक जीवन

३२. बालविवाहलाई कसुर कायम गरिएको छ । तैपनि, यसको अभ्यास जारी छ । विद्यमान कानुन कार्यान्वयन नहुने द्विविधा कायम छ ।

३३. सन् २०१६ मा सरकारले बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति लागु गर्दै सन् २०३० सम्म यसलाई अन्त्य गर्ने लक्ष्य राखेको थियो । तर, यो रणनीति लागु गर्न बजेट भने छुट्याइएको छैन ।[६९]

सिफारिसहरू

- विवाहको न्यूनतम वैधानिक उमेरको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।
- यौनजन्य दुर्व्यवहार र हिंसाबाट बालिकाहरूको सुरक्षा गर्दै उनीहरूको प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्ने ।

ङ) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

३४. कामको र कामसम्बन्धी हक: अनौपचारिक अर्थतन्त्रमा रोजगारप्राप्त बहुसंख्यक जनसङ्ख्यालाई न्यायोचित एवम् अनुकूल कार्यवातावरण र सामाजिक सुरक्षा उपलब्ध छैन ।[७०] घरपरिवार, रेष्टुरेण्ट, डान्सबार, मसाज पार्लर, आदिमा काम गर्ने महिलाहरूको पर्याप्त संरक्षण कानुन र संयन्त्रद्वारा हुन सकेको छैन । फलस्वरुप उनीहरू असमान र न्यून ज्याला, अनिश्चित कार्यघण्टा, रोजगारीको असुरक्षा, हैरानी तथा स्वेच्छाचारी पक्राउसहित दुर्व्यवहार एवम् सामाजिक समस्या झेल्न बाध्य छन् ।

---

६७ https://myrepublica.nagariknetwork.com/news/police-refuse-to-register-fir-against-ex-minister-basnet-ex-igp-khanal-ruling-party-lawmaker-shrestha-for-the-alleged-abduction-of-opposition-lawmaker/

६८ https://kathmandupost.com/national/2019/11/06/nepal-police-appears-unwilling-to-take-action-against-officials-involved-in-extrajudicial-killing

६९ विश्वव्यापी आवधिक समीक्षा मध्यावधि प्रतिवेदन, पेज २३

७० हेर्नुहोस्: ओएचसिएचआरले तयार आपारेको सङ्ग्रह, २०१५ A/HRC/WG.6/23/ NPL/2, अनुच्छेद ६७

सिफारिसहरू

- कार्य वातावरणमा सुधार, रोजगारी सुरक्षाको सुनिश्चितता तथा उजुरी संयन्त्रको स्थापनामार्फत मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाको संरक्षण गर्ने ।
- घरेलु कामलाई सम्मान पूर्ण कामको मान्यता दिँदै घरेलु कामदारको सामाजिक सुरक्षा सुनिश्चित गर्ने ।

३५. सामाजिक सुरक्षाको हकः सरकारले २०७५ मंसिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको घोषणा गऱ्यो ।[६१] यस योजनाले औपचारिक क्षेत्रमा काम गर्ने कर्मचारीको संरक्षण गर्छ । तर, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक र बेरोजगारहरूले यसबाट लाभ नपाउन सक्छन् । सरकारले ज्येष्ठ नागरिक, विधवा, एकल महिला, बालबालिका, दलित र सङ्कटापन्न जातीय समुदायका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँछ । यद्यपि, नागरिकता प्रमाणपत्रको अभावमा कतिपय नागरिकहरू यस्तो भत्ता पाउनबाट वञ्चित छन् ।[६२]

सिफारिसहरू

- अनौपचारिक क्षेत्रमा कार्यरत मानिसहरूलाई सामाजिक सुरक्षा प्रत्याभूत गर्ने ।
- गरिबीको रेखामुनि रहेका सबै घरपरिवारलाई संरक्षण भत्ता प्रदान गर्ने ।

३६. उच्चस्तरको जीवन बाँच्न पाँउने अधिकारः खाद्यसम्बन्धी हकको[६३] संवैधानिक प्रत्याभूति र खाद्यमा सहज पहुँच सुनिश्चित गर्ने राज्यको जवाफदेहिताका बारेमा सर्वोच्च अदालतका फैसलाका बावजुद[६४] नेपालको ग्रामीण भेगमा पर्याप्त खाद्य उपलब्धता समस्याको रूपमा रहेको छ । गर्भावस्थाका आमा र ६ महिनासम्मका शिशुहरूका लागि स्थानीयरूपमा उपलब्ध पोषक आहारको प्रवर्द्धन हुन सकेको छैन । भएको पनि नगण्य मात्र छ ।[६५]

३७. सरकारले विकल्प नै नदिइकन भूमिहीन सुकुम्बासीहरूलाई बासस्थानबाट निष्काशन गरेको छ । घरेलु हिंसाका कारण परिवारबाट निकालिएका महिलाका लागि सुरक्षित आवासको प्रबन्ध छैन ।

३८. नेपालका १ करोड ८ लाख मानिस उन्नत सरसफाइको पहुँचमा छैनन् । साथै, ३५ लाख नेपालीहरू स्वच्छ खानेपानीबाट वञ्चित छन् ।[६६]

सिफारिसहरू

- खाद्यसम्बन्धी तथा पोषण सुरक्षाको हकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।[६७]
- खाद्य भण्डारण व्यवस्थापन प्रणालीमा सुधार गर्ने ।

---

६१ https://thehimalayantimes.com/nepal/government-unveils-social-security-scheme/

६२ नागरिकतामा गल्तीले कम उमेरको प्रावधान राखियो

६३ नेपालको संविधान धारा ३६ मा खाद्यसम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ । यसैगरी प्रत्येक नागरिकलाई खाद्य वस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुने र प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक हुने व्यवस्था गरिएको छ ।

६४ प्रकाशमणि शर्मा र अन्य, नेपाल कानुन पत्रिका, २०६५(२००८) पेज १४९

६५ विश्वव्यापी आवधिक समीक्षा मध्यावधि प्रतिवेदन, पेज २४

६६ https://www.unicef.org/nepal/water-and-sanitation-wash

६७ हेर्नुहोस्: सिफारिस "आफ्नो गरिबी निवारण नीतिलाई प्रभावकारी ढङ्गले लागु गर्ने सुनिश्चित गर्दै आफ्ना जनताका लागि खाद्य र पोषण सुरक्षा प्रत्याभूत गर्न एक बृहत् राष्ट्रिय रणनीति अपनाउने सम्बन्धमा विचार गर्ने (मलेशिया)" (अनुच्छेद १२२.८६ यूपीआर नेपाल, २०१५ A/HRC/3/9); "अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सबैलाई खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्न एक बृहत् राष्ट्रिय रणनीति अपनाउने (आइरल्याण्ड)" (अनुच्छेद १२२.८८ यूपीआर नेपाल, २०१५, A/HRC/3/9)

- कृषिको व्यावसायिकरण गर्दै विकास परियोजनाबाट प्रभावित व्यक्तिका अधिकार सुनिश्चित गर्ने ।
- भोकको सामना गर्न लैङ्गिक पाटोसहितको, मानव अधिकारमा आधारित बृहत् रणनीति अवलम्बन गर्ने ।[७८]
- दलित एवम् सीमान्तीकृत समूहका लागि सार्वजनिक आवास परियोजनाको प्रभावकारी कार्यान्वयन[७९] गर्दै यसलाई अन्य विपन्न समुदायसम्म विस्तार गर्ने ।[८०]
- विकासमा आधारित निष्काशन र विस्थापनसम्बन्धी राष्ट्रसङ्घीय सिद्धान्त एवम् मार्गदर्शनको परिपालना गर्ने ।
- संविधानले व्यवस्था गरेबमोजिम *सामाजिक न्याय र समावेशितासम्बन्धी नीतिहरू*को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने ।[८१]
- पारम्परिकरूपमा बहिष्कृत समूहहरूका लागि विद्यमान खानेपानी आपूर्तिमा पहुँचका अवरोध पन्छाउने ।[८२]
- आदिवासी जनजातिको आफ्नो पैतृक जमिनको प्रयोग र विकास गर्न पाउने अधिकार सुरक्षित गर्दै कुनै पनि विकास परियोजना सञ्चालन गर्नुपूर्व उनीहरूको मञ्जुरी प्राप्त गर्ने । [८३]

३९. स्वास्थ्यको हक: संविधानले स्वास्थ्यसम्बन्धी अधिकारलाई मौलिक हककै रूपमा प्रत्याभूत गरेको छ ।[८४] सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ र जनस्वास्थ्य सेवा ऐन, २०७५ पारित भइसकेका छन् । यद्यपि, यी कानुनहरूको कार्यान्वयन पाटो भने हेर्न बाँकी छ ।

४०. नयाँ योजना र नीति हुँदाहुँदै पनि[८५] उच्च मातृ मृत्युदर,[८६] चिकित्सकहरूको न्यून सङ्ख्या[८७] तथा सुरक्षित गर्भपतनमा पहुँचजस्ता समस्या मौजुद रहनुबाट यी उपायहरू प्रभावकारी नरहेको बोध हुन्छ । बन्दाबन्दीको समय (मार्च २४ देखि मई १६, २०२०)मा ५६ जना सुत्केरी महिलाहरूको मृत्यु भयो ।[८८]

---

७८ ओएचसिएचआरले तयार पारेको सङ्ग्रह, २०१५ A/HRC/WG.6/23/ NPL/2, पेज ७७

७९ सरकारले आर्थिक वर्ष २०६६/६७ को बजेटमा *जनता आवास योजना* कार्यक्रम घोषणा गरेको छ, जसले दलित, गरिब र मुस्लिम महिलाको लागि प्रदान गर्ने व्यवस्था छ ।

८० हेर्नुहोस्: सिफारिस "सीमान्तीकृत र अल्प आय समूहलाई आवासमा पहुँच सहजीकरण गर्ने उद्देश्यले प्रयासहरू जारी राख्ने (मोरक्को)" (अनुच्छेद १२२.८९ यूपीआर नेपाल, २०१५, A/HRC/3/9)

८१ नेपालको संविधान धारा ५१ खण्ड ञ मा मुक्त कमैया, कम्लहरी, हरूवा, चरुवा, हलिया, भुमिहिन, सुकुम्बासीको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जलका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुर्नस्थापना गर्ने व्यवस्था छ ।

८२ ओएचसिएचआरले तयार पारेको सङ्ग्रह, २०१५ A/HRC/WG.6/23/ NPL/2, पेज ७६

८३ ओएचसिएचआरले तयार पारेको सङ्ग्रह, २०१५ A/HRC/WG.6/23/ NPL/2, पेज ८९

८४ नेपालको संविधान २०७२ धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ सेवा निशुल्क प्राप्त हुने हक र कसैलाई पनि आकस्मिक स्वास्थ सेवाबाट वञ्चित नगरिने व्वस्था छ । यसैगरी प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुच हुने व्यवस्था छ । यसैगरी माहिलालाई शिक्षा,स्वास्थ,रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने हक हुने व्यवस्था धारा ३८ (५) मा रहेको छ। संविधालको धारा ३९ मा प्रत्येक बालबालिकालाई स्वास्थ्य र अन्य हक हुने व्यवस्था रहेको छ । यस्तै प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थसम्बन्धी हक हुने व्यवस्था धारा ३८(२) मा व्यवस्था गरिएकामे छ । अपाङता भएको व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ को दफा १९ उपदफा (२) मा नेपाल सरकारले अपाङता भएका महिलाको विशेष अवस्थालाई ध्यानमा राखी उनीहरूको स्वास्थ तथा प्रजनन अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ ।

८५ नेपाल सरकारले २० वर्षे लामो स्वास्थ्यको योजना (२०५४-२०७४) १९९७-२०१७ ल्याएको थियोर भर्खरै नयाँ स्वास्थ रणनीति २०१४ समेत ल्याएको छ ।

८६ हजारमा मातृमृत्युदर २२९ र शिशु मृत्युदर ४६ छ ।

८७ ५६१ जना डाक्टरले काम ग्रामीण क्षेत्रमा काम गर्नुपर्नेमा ३१४ ले मात्र काम गरिरहेका छन् ।

८८ https://english.onlinekhabar.com/ लकडाउलको समयमा ५६ नयाँ आमाको मृत्यु भयो । ६०,००० गर्भवती महिला स्वास्थसेवाको पहुँचबाट विमुख भए ।

सिफारिसहरू

- सबैका लागि स्वास्थ्य बीमा लागु गर्दै प्राथमिक स्वास्थ्य सेवा निःशुल्क र पहुँच योग्य बनाउने ।[८९]
- सङ्क्रामक रोगहरूको निरन्तर निगरानी गर्दै क्वारेन्टाइनका लागि असल प्रबन्धहरू गर्ने ।
- यौनिक र प्रजनन स्वास्थ्य स्याहार, सूचना र सेवाहरूमा सबैको पहुँच सुनिश्चित गर्दै यस क्रममा आर्थिक, सामाजिकरूपमा सीमान्तीकृत महिला एवम् किशोरीहरूलाई प्राथमिकता दिने ।

४१. शिक्षाको हकः बीचैमा विद्यालय छोड्ने प्रवृत्ति मुख्य चासोको रूपमा रहेको छ । अनिवार्य र निःशुल्क शिक्षाको सरकारी नीति[९०] प्रभावकारी देखिएको छैन । दुर्गम जिल्लाका सामुदायिक विद्यालयमा समयमै पाठ्यपुस्तक, मसलन्द र विद्यालय पोशाकहरू पुगेका हुँदैनन् । शिक्षक र विद्यार्थीको राजनीतिमा संलग्नता तथा विद्यालय क्षेत्रमा हुने भ्रष्टाचार[९१] प्रमुख चासो हुन् । सामुदायिक र निजी विद्यालयमा शिक्षाको स्तरमा रहेको खाडल फराकिलो छ । लैङ्गिक भिन्नीकरण अझै विद्यमान छ । साथै, अपाङ्गता भएका बालबालिकाका लागि शिक्षा प्रणाली अझै पनि मित्रवत् बन्न सकेको छैन ।

सिफारिसहरू

- अनिवार्य र निःशुल्क शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- विशेषतः छात्रा,[९२] अपाङ्गता भएका बालबालिका र दलित विद्यार्थीका[९३] लागि शिक्षाको स्तर एवम् पहुँचमा अभिवृद्धि गर्ने ।
- बीचैमा विद्यालय छोड्ने प्रवृत्ति कम गर्न रणनीतिहरू अवलम्बन गर्ने ।
- सबै ग्रामीण क्षेत्रहरूमा समयमै पाठ्यपुस्तकको उपलब्धता र राष्ट्रिय मापदण्डबमोजिम नै विद्यार्थी-शिक्षक अनुपात कायम राख्ने ।
- प्राथमिकदेखि उच्च तहसम्म बहुभाषिक शिक्षाका योजना लागु गर्ने ।
- सीमान्तीकृत समुदायका बालबालिकासहित सबैका लागि प्राविधिक र व्यावसायिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।
- शिक्षा नीतिसम्बन्धी निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिका अधिकार रक्षकहरूलाई समावेश गर्न पहल थाल्ने ।[९४]

---

८९ हेर्नुहोस्: सिफारिस "विशेषतः महिला र बालबालिकासमेत सबैका लागि स्तरीय स्वास्थ्य स्याहार सुनिश्चित गर्न नीतिगत उपायहरूको कार्यान्वयनलाई निरन्तरता दिने (सिङ्गापुर)" (अनुच्छेद १२२.९० यूपीआर नेपाल, २०१५, A/HRC/3/9); "आफ्ना नीति र निर्देशनको प्रभावकारी कार्यान्वयनमार्फत सबैका लागि स्तरीय स्वास्थ्य स्याहारमा पहुँचको सुधार गर्ने (थाइल्याण्ड)" (अनुच्छेद १२२.९२ यूपीआर नेपाल, २०१५, A/HRC/3/9); "स्तरीय यौनिक र प्रजनन स्वास्थ्य स्याहारमा सबै महिला र बालिकाको समान पहुँच सुनिश्चित गर्न प्रयासहरूको कार्यान्वयन जारी राख्ने (न्यूजिल्याण्ड)" (अनुच्छेद १२२.९५ यूपीआर नेपाल, २०१५, A/HRC/3/9)

९० सीमान्कृत वर्गका लागि निःशुल्क र अनिवार्य शिक्षाको प्रावधान (सेरिड) शैक्षिक जागरण तथा खोजी केन्द्रले २००९ मा सबैका लागि शिक्षा कार्यक्रममा सिफारिस गरेको थियो ।

९१ तराइका ८ जिल्लामा ६,००० भन्दा बढी झोलेर कागजमा स्कूलहरू स्थापना गरी राज्यलाई १ अर्ब क्षति पुगेका छ। हेर्नुहोस् । http://www.tinepal.org/?p=10032

९२ हेर्नुहोस्: सिफारिस "गरिब विद्यार्थी, बालिका र अपाङ्गता भएका बालबालिकासहित सङ्कटापन्न वर्गहरूको शिक्षाको हकप्रति विशेष ध्यान दिंदै शिक्षाको व्यापकता एवम् गुणस्तरलाई सुधार्नका निम्ति शिक्षामा खर्च वृद्धि गर्न जारी राख्ने (चीन)" (अनुच्छेद १२२.९८ यूपीआर नेपाल, २०१५, A/HRC/3/9); "एक समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्न विद्यमान शिक्षा नीतिहरूमा संशोधन गर्ने तथा अपाङ्गता भएका बालबालिकाको सहभागिता बढाउन ठोस उपायहरूको कार्यान्वयन गर्ने (नर्वे)" (अनुच्छेद १२२.१०७ यूपीआर नेपाल, २०१५, A/HRC/3/9)

९३ हेर्नुहोस्: सिफारिस "बालश्रममा बन्देज लगाउने र विशेषतः गरिब एवम् विपन्न वर्गका सबै बालबालिकाको शिक्षामा पहुँच सहज बनाउनका लागि कानुन कार्यान्वयन गर्न कदम चाल्ने (ब्राजिल)" (अनुच्छेद १२२.४८ यूपीआर नेपाल, २०१५, A/HRC/3/9)

४२. सूचनाको हकः सूचनाको हक कार्यान्वयन गर्न तोकिएको सरकारी निकाय छैन र सूचना सम्प्रेषणका निम्ति बजेट पनि उपलब्ध गराइएको छैन ।

सिफारिसहरू

- राष्ट्रिय सूचना आयोगको प्रभावकारी भूमिकालाई प्रोत्साहित गर्ने ।
- सूचनाको भण्डारण, प्राप्ति र सम्प्रेषणका निम्ति विद्युतीय प्रविधिको प्रयोगलाई मान्यता दिने ।
- सूचनाको हकसम्बन्धी चासोहरूलाई सम्बोधन गर्न प्रत्येक संस्थामा प्रभावकारी संयत्र सुनिश्चित गर्ने ।

४३. बालबालिकाको हकः लिङ्ग, जाति, वर्ग, मातृभाषा, अपाङ्गता वा आवासका आधारमा समुदाय र विद्यालयमा बालबालिकाविरुद्ध विभेद कायमै छ । बाबुको अनुपस्थितिमा जन्मदर्ता कठिन छ । नेपालका कति भागमा अझै बालविवाह प्रचलनमा छ । पीडित र साक्षी बालबालिकाको संरक्षणका निम्ति फौजदारी न्याय प्रणाली प्रभावकारी छैन । अपाङ्गता भएका बालबालिकालाई शिक्षा र पर्याप्त सामाजिक सुरक्षामा पहुँच दुर्लभ छ । बालश्रम उन्मूलन गर्ने सरकारी गुरुयोजना प्रभावकारी देखिन सकेको छैन । बाल न्याय प्रणाली प्रभावहीन छ भने बाल अदालतहरू गठन हुनै बाँकी छ । बालबालिका पुनःस्थापना गृहहरूमा भीडभाड छ भने तिनमा पर्याप्त पूर्वाधार र सुविधाहरू छैनन् ।[९५] नागरिक समाजको अनुरोधका बावजुद सरकारले हालसम्म बालअधिकार महासन्धिका इच्छाधीन आलेखलाई अनुमोदन गरेको छैन ।

सिफारिसहरू

- बालअधिकारको पूर्ण संरक्षणका लागि प्रादेशिक र स्थानीय तहमा कानुन निर्माण प्रक्रियामा गति दिने ।
- बालअधिकार अनुगमन गर्न स्वतन्त्र निकायको गठन गर्ने ।
- बालअधिकार महासन्धि, सिडा र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धिले बालबालिका सम्बन्धमा गरेका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सबै बालबालिकाको लागि अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चित गर्न कदमहरू चाल्ने ।
- बालबालिका पुनःस्थापना गृहहरूको स्तर र सुविधा वृद्धि गर्ने ।
- बालश्रम अन्त्यका लागि परिवार सबलीकरण कार्यक्रम सञ्चालन गर्ने ।
- बृहत् विद्यालय बाल संरक्षण मापदण्डहरू बनाई लागु गर्ने ।
- सडक बालबालिकासम्बन्धी मुद्दाहरू सम्बोधन गर्न पञ्चवर्षीय रणनीतिक कार्यदिशाबमोजिम कामकारबाहीमा तीब्रता ल्याउने ।
- बालबालिकासम्बन्धी ऐन, २०७५ लाई पूर्ण कार्यान्वयन गर्ने ।

९४ हेर्नुहोस्: सिफारिस "शिक्षा नीतिको निर्णय प्रक्रियामा अपाङ्गता भएका व्यक्तिको मानव अधिकारका रक्षकहरूलाई समेत समावेश गर्ने (स्पेन)" (अनुच्छेद १२२.११० यूपीआर नेपाल, २०१५, A/HRC/3/9)

९५ लेखक तथा रिसर्चरहरूबाट प्राप्त तथ्यहरू

गैरसरकारी संस्थाहरुको नामावली (२०२०)

१. आदिवासी राष्ट्रिय उत्थान प्रतिष्ठान
२. आदिवासी जनजाति महासङ्घ
३. आदिवासी जनजाति महिला सङ्घ, झापा
४. एबीसी नेपाल
५. एड्भोकेसी फोरम नेपाल
६. आदिवासी जनजाति अधिकार मञ्च
७. एडजस्ट नेपाल
८. एड्भोकेसी फोरम (एफ)
९. अखिल नेपाल महिला सङ्घ (आन्वा)
१०. अल अमीन मुस्लिम महिला नेपाल
११. अखिल नेपाल यातायात मजदूर युनियन, कास्की
१२. महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल
१३. आप्रवासी महिला कामदार समूह नेपाल
१४. आशा सञ्जाल नेपाल
१५. एशियन मानव अधिकार सङ्घ, कास्की
१६. नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान)
१७. एशोसीयसन फर मार्ट नेपाल
१८. एशोसीयसन अफ किराँत चार्मलिङ ल्याङ्गवेज एण्ड कल्चर डेभलपमेण्ट (एकेएलसिडी)
१९. एशोसीयसन अफ नेपाल किराँत चाम्लिङ ल्याङगवेज एण्ड कल्चर डेभलपमेण्ट (एकेकेएलसिडी)
२०. नेपाल युवा संस्था सञ्जाल (आयोन)
२१. वादी विकास समाज
२२. बहिगां किराँत मुलुखिम
२३. बियोण्ड बेइजिङ कमिटी
२४. भूमि अधिकार मञ्च
२५. विश्वास नेपाल
२६. नील हिरा समाज
२७. बुङ जनकल्याण केन्द्र
२८. मानव अधिकार तथा सामाजिक रूपान्तरण अभियान, नेपाल
२९. क्यान थसिखेल
३०. सीएपिइडी नेपाल
३१. कर्णाली ग्रामीण उत्थान तथा सामाजिक विकास केन्द्र, मुगु
३२. सिड राइटिङ कमिटी
३३. वातावरणीय कृषि विकास केन्द्र
३४. सेन्टर फर डिप्रेस्ड एण्ड इथ्निक डेभलपमेण्ट
३५. सेन्टर फर लेगल रिसर्च एण्ड इथ्निक डेभलपमेण्ट केन्द्र
३६. सेन्टर फर लेगल स्टडी
३७. सेन्टर फर इथ्निक स्टडिज एण्ड डेभलपमेण्ट
३८. सेन्टर फर हिमालयन इन्टिग्रेटेड डेभलपमेण्ट एण्ड सोसियल वेलफेयर
३९. सेन्टर फर हुमन राइट्स् एण्ड डेमोक्रेटीक स्टडिज
४०. सेन्टर फर इण्डिजीनियस इथ्निक पिपुल्स कन्सर्न नेपाल
४१. सेन्टर फर प्रोटेक्सन अफ ल एण्ड इन्भाइरोमेण्ट
४२. सेन्टर फर स्टडी अन जेण्डर डेभलपमेण्ट स्टडी
४३. यातना पीडित सरोकार केन्द्र
४४. चाम्लाङ सिर्जनशील युवा समाज
४५. चेपाङ महिला सङ्घ, उदयपुर
४६. चेतनशील महिला सञ्जाल, उदयपुर
४७. छहारी नेटवर्क
४८. ची हालाम्तुङ बान्तवा युवा हुप नेपाल
४९. चिस्ड
५०. चाइल्ड सोसाइटी, नेपाल
५१. चाइल्ड होम फेडेरेशन नेपाल
५२. चाइल्ड नेपाल
५३. बाल अधिकार सरोकार केन्द्र नेपाल
५४. चाइल्ड वेलफेयर सोसाइटी नेपाल
५५. सिविन-नेपाल

५६. चिल्ड्रेन-विमेन इन सोसियल सर्भिस एण्ड हुमन राइट्स
५७. चिल्ड्रेन एज अ पिस अफ जोन
५८. चिल्ड्रेन नेपाल
५९. चुलाचुली युनेस्को क्लब
६०. दण्डहीनताविरुद्ध नागकि कार्यदल
६१. सिटिनेन्सीप अफेक्टेड पिपल्स नेटवर्क
६२. सिभिक कन्सर्न नेपाल
६३. शान्तीका लागि साझा अभियान
६४. कम्युनिटी इम्पमवरमेण्ट सोसियल जस्टीक फाउण्डेशन
६५. कम्युनिटी एक्सन सेन्टर नेपाल
६६. कम्युनिटी हेल्प सेन्ट
६७. सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
६८. कन्फलिट भिक्टीम नेशनल एलाइस
६९. कन्फलिट भिक्टीम कमन प्ल्याटफर्म अन ट्रान्जिशनल जस्टीक
७०. कन्शसनेस सोसाइटी फर सोसियल डेभलपमेण्ट
७१. संवैधानिक कानुन व्यवसायी मञ्च
७२. राष्ट्रिय विकासका लागि सहकारी समाज नेपाल
७३. कज एड्स नेपाल
७४. सेन्टर स्टडीज अन जेण्डर सोसाइटी एण्ड डेभलपमेण्ट स्टडी
७५. चाइल्ड वेलफेयर स्कीम नेपाल
७६. दलित हुमन राइटस अर्गनाइजेशन
७७. दलित लिटेरेचर एण्ड कल्चर एकाडेमी
७८. दलित महिला समूह
७९. दलित नेशनल लिबरेशन फ्रन्ट नेपाल
८०. दलित गैरसरकारी संस्था महासङ्घ, नेपाल
८१. दलित राइटस नेशनल फोरम, नेपाल
८२. दलित सेवा सङ्घ
८३. दलित स्टडी एण्ड डेभलपमेण्ट सेन्टर
८४. दलित सेवा सङ्गठन
८५. दलित महिला अधिकार मञ्च, नेपाल
८६. दलित ओमन राइट फोरम नेपाल
८७. दलित ओमन एशोसियसन
८८. दाङ तुल्सीपुर सचेतना समूह
८९. दिगो विकास समाज, कैलाली
९०. डिसीओम, कास्की
९१. डेभलपमेण्ट एकाडेमी
९२. नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
९३. अपाङता स्वावलम्बन विकास सङ्घ, नेपाल
९४. जिल्ला बार एशोसीयसन, मकवानपुर
९५. जिल्ला हलिया मुक्ति समाज
९६. डोटी महिला समाज
९७. दृष्टि नेपाल
९८. दर्बान रिभ्यु कनफिरेन्स फलोअप कमिटी
९९. डायानामिक ग्रुप फर चेञ्ज नेपाल
१००. डायानामिक सोसाइटी
१०१. शिक्षा पत्रकार समूह
१०२. एटिन मगरान्त मगर ल्याङ्गवेज लिटेरेचर कल्चर प्रिजरभेशन, रिसर्च एण्ड डेभेलप्मेन्ट एकेडेमी
१०३. इम्पावर नेपाल
१०४. इन्भारमेन्ट एण्ड चाइल्ड डेभलपमेन्ट सेन्टर
१०५. इन्भारमेन्ट एण्ड रुरल डेभलपमेन्ट सेन्टर
१०६. इन्भारमेन्ट डेभलपमेन्ट सोसाइटी, सुर्खेत
१०७. वातावरण, शान्ति, सुरक्षा तथा सामाजिक न्याय केन्द्र
१०८. एस्थर बेन्जामिन मेमोरीयल फाउन्डेशन
१०९. नेपाल परिवार नियोजन सङ्घ
११०. फेडेरेशन अफ इन्डिजिनियस किराँत एशोसियसन
१११. नेपाल पत्रकार महासङ्घ
११२. फेडेरेशन अफ अफ सेक्सुलएण्ड जेण्डर माइनोरिटीज नेपाल
११३. दलित महिला सङ्घ
११४. फुड फस्ट इन्फर्मेशन एण्ड एक्शन नेटवर्क (फियान) नेपाल
११५. फरेस्ट रिर्सोस स्टडिज एण्ड एक्शन टिम नेपाल नेटवर्क
११६. महिला, कानुन र विकास मञ्च
११७. सामुदायिक उत्थान पद्धतिका लागि मञ्च
११८. फोरम फर इन्डिजिनियस नेशनालिटिज कन्सर्न, गोर्खा
११९. फोरम फर इनडिजिनियस नेशनालिटिज डेभलपमेण्ट
१२०. जनअधिकार संरक्षण मञ्च (पिपिआर) नेपाल
१२१. फोरम फर पब्लिक अवेरनेश रुरल डेभलपमेण्ट एण्ड इन्भारोमेण्टल कन्जरभेशन
१२२. फोरम फर वुमन ल एण्ड डेभलपमेण्ट
१२३. फ्रेण्डस अफ हेटौडा

१२४. गडेरी समाज
१२५. गन्धर्व कल्चर एण्ड आर्ट अर्गनाइनेशन
१२६. गन्धर्व समाज
१२७. जेनेरल फेडेरेशन अफ नेर्पलिज ट्रेड युनियन
१२८. गोमेया नेपाल
१२९. ग्रामीण महिला सिर्जनशील समाज
१३०. ग्रामीण उत्थान अभियान
१३१. ग्रामीण समाज उत्थान केन्द्र
१३२. ग्रुप फर हुमन राइटस एण्ड सोसियो लेगल रिसर्च
१३३. ग्यान बोध अर्गनाइजेशन
१३४. हलिया नेपाल
१३५. हलिया महासङ्घ, डडेल्धुरा
१३६. लिया मुक्ति पुनर्वास कार्यक्रम, कञ्चनपुर-११
१३७. हाम्रो खबर डेली
१३८. हाम्रो यात्रा सञ्जाल, सुनसरी
१३९. एच एर एफ नेपाल
१४०. हेल्प नेपाल
१४१. हिल डेभलपमेण्ट एण्ट कन्जरभवेशन ग्रुप नेपाल
१४२. हिमराइट्स
१४३. हिमालयन भोटे सोसाइटी
१४४. हिमालयन इण्डिजिनियस सोसाइटी नेपाल
१४५. हिमालयन नेचुरल फाइवर फाउण्डेशन
१४६. अपाङ बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र
१४७. मानव अधिकार एलाएन्स
१४८. हुमन राइट्स एण्ड कम्यु डेभलपमेण्ट सेन्टर
१४९. मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च
१५०. मानव अधिकार शिक्षा रेडियो श्रोता क्लब, नेपाल
१५१. मानव अधिकार पत्रकार सङ्घ
१५२. मानव अधिकार संरक्षण तथा प्रवर्द्धन केन्द्र
१५३. मानव अधिकार संन्धि अनुगमन समन्वय समिति
१५४. हुमन राइट्स विदाउट फ्रन्टनिर्स नेपाल
१५५. हुमन वेलफेयर कमिटी नेपाल
१५६. हुरहुरे युवा क्लब
१५७. इर्नडपेन्डेन्ट लिभिङ सेन्टर
१५८. इन्डिजिनियस इथ्निक लयर्स काउन्सिल नेपाल
१५९. इन्डिजिनियस नेशनालिटिज डेभलपमेण्ट फोरम, नवलपरासी
१६०. इन्डिजिनियस नन गभरमेण्टल अर्गनाइजेशन डिस्ट्रिक्ट कोअर्डिनेशन फोरम
१६१. इन्डिजिनियस रिसर्च एण्ड रिर्सोस डेभलपमेण्ट सेण्टर
१६२. इन्डिजिनियस रुरल डेभलपमेण्ट सोसियल सर्भिस नेपाल
१६३. इन्डिजिनियस ओमन लेगल अवारनेश ग्रुप
१६४. इनपेग नेपाल
१६५. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
१६६. इन्हुरेड इन्टरनेशनल
१६७. अन्तराष्ट्रिय मानव अधिकार, वातावरण तथा विकास प्रतिष्ठान (इहृकन)
१६८. इन्टिग्रेटेड डेभलपमेन्ट सोसाइटी, नेपाल
१६९. एकीकृत ग्रामीण विकास सेवा, हेटौडा
१७०. इन्टरनेशनल कमिशन अफ जुरिष्ट
१७१. इस्लामी एशोसियट
१७२. जागरण मिडिया सेन्टर
१७३. जागरण नेपाल
१७४. जागृती नेपाल
१७५. जागृती चाइल्ड एण्ड युथ कन्सर्न नेपाल
१७६. जागृती सचेतना महिला समूह
१७७. जनप्रेरणा केन्द्र, जनकपुर
१७८. जनउत्थान प्रतिष्ठान
१७९. जनचेतना महिला सञ्जाल
१८०. जनजाति विकास मञ्च
१८१. जेरो किराँत राडु समाज
१८२. जीमी राई उत्थान समाज
१८३. प्रदेश पत्रकार महासङ्घ
१८४. जस्टीक एण्ड राइट इन्र्सिटच्युट नेपाल (जुरी नेपनल)
१८५. कालीमाटी युवा क्लब
१८६. कम्लहरी विकास मञ्च
१८७. कम्लहरी विकास मञ्च
१८८. कपन दलित उत्थान सङ्घ
१८९. कर्मारोङ कारानी सामुदायिक विकास केन्द्र
१९०. कर्णाली कम्युनिटी डेभलपमेण्ट सेन्टर
१९१. कर्णाली नेत्रहीन सङ्घ
१९२. काठमाडौँ स्कूल अफ ल
१९३. किन नेपाल
१९४. किराँत कम्युनिटी डेभलपमेण्ट सेण्टर
१९५. किराँत खालिङ राई विकास सङ्घ

१९६. किराँत खालिङ उत्थान सङ्घ
१९७. किरात रोङु नाचिरीङ सखम, काठमाडौँ
१९८. किरात सेवा समाज
१९९. किरात युवा समाज
२००. किरात याक्थुम चुम्लुङ
२०१. किशोरी अधिकार मञ्च
२०२. कोपिला नेपाल
२०३. कोशिश नेपाल
२०४. कृषि विकास तथा सामुदायिक विकास केन्द्र, जनकपुर
२०५. कुलुङ सङ्घ
२०६. कुलुङ विधार्थी सङ्घ
२०७. लयर्स एशोसियसन फर हुमन राइट्स अफ नेपलिज इण्डिजिनियस पिपुल
२०८. लयर्स नेशनल क्याम्पीयन फर अगेन्स्ट अनटचेबीलिटी
२०९. लेगल एड्भोकेशी फोरम नेपाल
२१०. कानुनी सहयोग तथा परामर्श केन्द्र
२११. लिम्बु भाषा तथा संस्कृति विकास केन्द्र
२१२. लिम्बु भाषा विकास संगठन
२१३. लोरुङ याख्खमा युयोङ
२१४. लोककल्याण नेपाल
२१५. लुम नेपाल
२१६. लभग्रिन डेभलपमेण्ट कमिटी
२१७. लुमन्ती नेपाल
२१८. लुथरन सामुदायिक कल्याण समाज
२१९. लुज्जा नेपाल
२२०. महिला एकल समाज
२२१. मधेशी मानव अधिकार
२२२. मधेशी दलित सेवा समाज
२२३. मधेशी दलित विकास महासङ्घ
२२४. मधेशी दलित महासङ्घ
२२५. मधेशी पत्रकार सङ्घ
२२६. महाकुलुङ युथ काउन्सिल
२२७. महिला अधिकार मञ्च
२२८. महिला अधिकार सञ्जाल
२२९. महिला एकता समाज
२३०. महिला फेडेरेशन रङ्गेली
२३१. महिला सहयोगी समाज
२३२. महिला प्रजनन अकिार समाज
२३३. महिला राष्ट्रिय सञ्जाल
२३४. महिला सेवा समाज
२३५. महिला उत्थाल तथा सीप विकास केन्द्र
२३६. महोतरी मगर सर्भिस सोसाइटी
२३७. माहुरी होम
२३८. माइती नेपाल
२३९. मैत्री सामाजिक विकास
२४०. मकालु याख्खावा चुपथाम
२४१. म्यान इङगेज
२४२. मानव अधिकार निगरानी समूह
२४३. मानव अधिकार सञ्जाल सुनसरी
२४४. माङगेनी सञ्जाल
२४५. मिडिया एडभोकेशी ग्रुप
२४६. मिडिया एडभोकेशी ग्रुप (म्याग)
२४७. मेवाहाङ याखोम्मा
२४८. मितिनी नेपाल
२४९. एमओपी नेपाल
२५०. मुक्त कम्लहरी समाज, दाङ
२५१. मल्टिपरपोस डेभलप्मेन्ट इन्स्टिच्युट
२५२. मुस्लिम सांस्कृतिक समाज
२५३. नागरिक आवाज
२५४. नारी सञ्जाल
२५५. नारी उत्थान केन्द्र, सुनसरी
२५६. नेशनल एलायनस फर वमन हुमन राइटस डिफेन्डरस
२५७. राष्ट्रिय बहिरा तथा सुस्त श्रवणसङ्घ
२५८. राष्ट्रिय शारीरिक अपाङ्ग सङ्घ नेपाल
२५९. जातिय भेदभावविरुद्ध राष्ट्रिय मञ्च
२६०. अन्तर्राष्ट्रिय फौजदारी अदालतको लागि राष्ट्रिय सञ्जाल
२६१. राष्ट्रिय अपाङ्ग सङ्घ
२६२. राष्ट्रिय किसान महासङ्घ
२६३. राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपाल
२६४. राष्ट्रिय मानव अधिकार प्रतिष्ठान, नेपाल
२६५. राष्ट्रिय मानव अधिकार प्रतिष्ठान
२६६. राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला सङ्घ
२६७. राष्ट्रिय आदिवासी जनजाति महिला सङ्घ
२६८. राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ
२६९. राष्ट्रिय भूमि अधिकार सरोकार समूह
२७०. राष्ट्रिय मुस्लिम महासङ्घ
२७१. राष्ट्रिय मुस्लिम मञ्च नेपाल

२७२. राष्ट्रिय आदिवासी जनजाति महिला सञ्जाल
२७३. राष्ट्रिय सञ्थाल समाज
२७४. नेशनल स्कूल अफ रिसर्च
२७५. महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल
२७६. एनबीएस, विराटनगर
२७७. नेपाल नेत्रहीन सङ्घ
२७८. नेपाल बार एशोसियसन
२७९. नेपाल नेत्रहीन सङ्घ
२८०. नेपाल अपाङ्ग महिला सङ्घ
२८१. नेपाल गुडवेब फाउण्डेशन
२८२. राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग सङ्घ, नेपाल
२८३. नेपाल केवारत विकास समाज
२८४. नेपाल किराँत कुलुङ भाषा संस्कृति उत्थान सङ्घ
२८५. नेपाल महिला एकता समाज
२८६. नेपाल महिला एकता समाज (नेम्से)
२८७. नेपाल मुस्लिम महिला सेवा समाज
२८८. नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ
२८९. नेपाल प्यारालम्पिक कमिटी
२९०. नेपाल रजक जनकल्याण समिति
२९१. नेपाल राना थारु समाज
२९२. नेपाल राना थारु समाज, जिल्ला समिति
२९३. नेपाल ग्रामीण विकास समाज
२९४. नेपाल संथाल आदिवासी उत्थान सङ्घ
२९५. नेपाल अपाङ्ग समाज
२९६. नेपाल स्टर्स एशोसीयसन
२९७. नेपाल तामाङ घेदुङ
२९८. नेपाल तामाङ एनजिओ फेडेरेशन
२९९. नेपाल तामाङ महिला सङ्घ
३००. नेपाल व्हील चियर क्लब
३०१. युवा कार्य नेपाल
३०२. नेपाल युवा परिषद्
३०३. नेत्रहीन यवा सङ्घ
३०४. नेत्रहीन सङ्घ, सुर्खेत
३०५. एन एफ एन गण्डकी प्रदेश
३०६. एन एफ एन मकवानपुर
३०७. गैरसरकारी संस्था महासङ्घ, नेपाल
३०८. गैरसरकारी संस्था आदिवासी जनजाति महासङ्घ
३०९. गैरसरकारी संस्था आदिवासी जनजाति महासङ्घ, जिल्ला समिति दोलखा
३१०. नेपाल नेशनल फेडेरेशन अफ डेफ एण्ड हार्ड अफ हियरिङ
३११. एन एच पिडी नेपाल
३१२. एन एम वाइ सी विराटनगर
३१३. गैरसरकारी संस्था समन्पय समिति
३१४. पवित्र पालाडोर समाज
३१५. पारपाच्छा गच्छम
३१६. प्यारेन्ट एशोसीयसन अफ इन्टेलेक्टुल डिस्याबिलिटी
३१७. परिवर्तनशील समाज
३१८. परिवर्तनशील नेपाल
३१९. परिचय समाज
३२०. पार्टनरसीप नेपाल
३२१. पेवा नेपाल
३२२. सामाजिक उतरदायित्वका निमित चिकित्सकहरू, नेपाल
३२३. पिएनसी बुटवल
३२४. पपुलेशन वाच
३२५. पौरखी नेपाल
३२६. प्रगती जागरण मञ्च
३२७. प्रगतीशील महिला सचेतना समूह
३२८. प्रवासी नेपाल
३२९. प्रयास महोतरी
३३०. प्रिजनर्स एसिस्टेन्स नेपाल
३३१. प्रोफेशनल डेभपमेण्ट एण्ड रिसर्च सेन्टर
३३२. प्रो पब्लिक
३३३. प्रयास नेपाल
३३४. पब्लिक हेल्थ कन्सर्न ट्रष्ट नेपाल
३३५. पिडब्लुयुडिओ नेपाल
३३६. रजक जनकल्याण समिति
३३७. राजी समाज फेडेरेशन, नेपाल
३३८. राष्ट्रिय दलित सञ्जाल, नेपाल
३३९. रसुवा डेभलपमेण्ट कमिटी
३४०. राउटे सामुदायिक स्रोत केन्द्र
३४१. आरडिएफ नेपाल
३४२. रिडेफ नेपाल
३४३. रिहाविलेशन डेभलपमेण्ट
३४४. रिहाविलेशन एण्ड इम्पावरमेण्ट सेन्टर अन डिजाबिलिटी

३४५. रिमोट एरिया वमल एण्ड चिल्ड्रेन इम्पावरमेण्ट सेन्टर
३४६. प्राथमिक स्वास्थ सेवा स्रोत केन्द्र
३४७. पुनर्स्थापना तथा विकासका लागि स्रोत केन्द्र
३४८. आर एचन युवा
३४९. राइट अफ चिल्ड्रेन
३५०. राइट टु फुड नेटवर्क
३५१. राइट हियर राइट नाउ
३५२. राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ, डडेल्धुरा
३५३. रुरल बेसिक सर्भिस अर्गनाइजेशन
३५४. रुरल इर्थनिक पिपुल्स डेभलपमेण्ट फोरम, उदयपुर
३५५. रुरल रिकन्स्ट्रक्सन नेपाल
३५६. रुरल रिकन्स्ट्रक्सन नेपाल (आरआरएन)
३५७. रुओन नेपाल
३५८. साथी
३५९. साथी वमन सेन्टर
३६०. साहारा नेपाल
३६१. साहारा समाज, इटहरी
३६२. साझा बिसौनी
३६३. समावेशी फाउण्डेशन
३६४. समविकास केन्द्र डोटी
३६५. समाज विकास एम
३६६. समता फाउण्डेशन
३६७. समृद्ध समाज
३६८. समृद्धिका लागि सहायता नेपाल
३६९. सामुदायिक सशक्तिकरण केन्द्र
३७०. समुरी उत्थान सङ्घ
३७१. संयुक्त अपना एकता आवाज केन्द्र
३७२. सञ्चारिका समूह
३७३. सन्थाल उत्थान मञ्च
३७४. शान्तिमालिका
३७५. साउथ एशिया पार्टनरसीप नेपाल
३७६. एसआरसिएस नेपाल
३७७. एसडियम
३७८. सेतो गुरास
३७९. सेभेन स्कोन झम्सीखेल
३८०. शक्ति मिलन समाज
३८१. शक्ति मिलन समाज, नेपाल
३८२. शक्ति समूह
३८३. एसएचईडिसी नेपाल
३८४. श्री जनउत्थान सरोकार केन्द्र
३८५. श्री मिमिरे बिहानी क्लब इलाम
३८६. सिद्धार्थ सामुदायिक समाज
३८७. सिलीचोङ क्लब सामुदयिक विकास केन्द्र
३८८. सिर्जनशील नेपाल
३८९. सामुदायिक विकास
३९०. सोसियल इन्भाइरोमेण्ट वेलफयर एशोसियसन सोसाइटी (सेवा), कैलाली
३९१. सोसाइटी फर इन्डिजिनियस डेभलपमेण्ट (सिड) नेपाल
३९२. सोसाइटी फर पिपुल इन निडस
३९३. सोसाइटी फर लिवरेशन अफ अप्रेशड कास्ट, नेपाल
३९४. सोसाइटी फर अपलिफटमेन्ट अफ डिजाबल्ड एण्ड अर्फान
३९५. सोसाइटी फर वमनस् इम्पारमेण्ट फस सस्टानिबिलिटी
३९६. सोलिड नेपाल
३९७. सुधार नेपाल
३९८. सुन्दर संस्था नेपाल
३९९. सुनगाभा वुमन भोकेशनल सेन्टर
४००. सस्टेनबेल एग्रीकल्चर फर रुरल डेभलपमेण्ट कन्सर्न सोसाइटी नेपाल
४०१. सस्टेनबेल लाइभलिहुड फोरम, नेपाल
४०२. एसडब्लुएसए नेपाल
४०३. स्याकु नेपाल
४०४. तराई, मधेश नेशनल काउन्सिल
४०५. थारु युथ इनोभेटिभ सोसाइटी, नेपाल
४०६. द इस्ट फाउण्डेशन
४०७. थर्ड एलबयन्स
४०८. थ्रि एन्जेल्स नेपाल
४०९. थुलुङ महिला समाज
४१०. तिलपुङ काठमाडौँ तामाङ समाज
४११. युसेप नेपाल
४१२. युनिफाइड दलित राइट फोरम नेपाल
४१३. उपत्यका मण्डल केवत समाज
४१४. उत्थान सङ्घ, मोरङ
४१५. भिजीवल इम्प्याक्ट
४१६. भ्वाइस अफ चिल्ड्रेन
४१७. भ्वाइस अफ मुस्ताङ
४१८. डब्लुएचआरडी डडेल्धुरा

४१९. डब्लुएचआरडी, कास्की
४२०. महिलाको निम्ति महिला मञ्च, नेपाल
४२१. वुमन आक्ट
४२२. नारी चेतना केन्द्र, नेपाल
४२३. वुमन कोएलिशन फर यूपीआर
४२४. वुमन डेभलपमेण्ट सेल्फ इमपावरमेण्ट ट्रेनिङ सेन्टर
४२५. महिला महासङ्घ
४२६. वुमेन हेल्थ रिसर्च सेन्टर
४२७. महिला मानव रक्षक अधिकार सञ्जाल
४२८. महिला मानव अधिकार रक्षक सञ्जाल, काठमाडौँ
४२९. महिला मानव अधिकार रक्षक सञ्जाल, ललितपुर
४३०. महिला पुनर्स्थापना केन्द्र (ओरेक)
४३१. महिला सुरक्षा दबाब समूह
४३२. वुमेन स्कील क्रियशन सेन्टर
४३३. नारी संरक्षण केन्द्र, हेटौडा, ४
४३४. याम्फु किराँत समाज
४३५. युवा कार्य नेपाल
४३६. युथ एड्भोकेशी नेपाल
४३७. युथ क्लब
४३८. युवा विकास केन्द्र, सुनसरी
४३९. युथ फेडेरेसन अफ इन्डिजिनियस नेशनालिटिज
४४०. युथ फेडेरेसन अफ इन्डिजिनियस नेशनालिटिज, नेपाल

अनुसूची २

संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षा (युपीआर)मा प्रस्तुत गरिने संयुक्त प्रतिवेदन

युपीआर कार्यसमूहको ३७ औँ सत्र

(जुलाइ २०२०)

प्रस्तुतकर्ता

डर्बान समीक्षा सम्मेलन अनुगमन समिति (डिआरसीएफसी)
राष्ट्रिय आदिवासी महिला मञ्चको गठन आदिवासी महिलाद्वारा सन् १९९८ मा गरिएको हो ।
यसले हाल डिआरसीएफसीको सचिवालयको रूपमा कार्य गरिरहेको छ ।
नेपालका विशेषगरी जोखिमग्रस्त र अति सीमान्तकृत आदिवासी महिलासहित सबै आदिवासी महिलाको अधिकार तथा सम्मानको संरक्षण एवम् प्रवर्द्धन गर्न मञ्च प्रतिबद्ध छ ।

राष्ट्रिय आदिवासी महिला मञ्च
काठमाडौँ महानगरपालिका, वडा नं. ३२, पुरानो सिनामङ्गल
काठमाडौँ, नेपाल
इमेलः niwfnepal@gmail.com
वेबसाइटः https://www.niwfnepal.org.np

सहयोगी निकायहरू
स्वीडिस विकास साझेदार
वुमन्स फण्ड, एशिया
बियोण्ड बेइजिङ्ग समिति, नेपाल
राइट हियर राइट नाउ
लुथरन विश्व महासङ्घ

नेपालका सीमान्तकृत र जोखिमग्रस्त समूहहरू

१. परिचय

डर्बान समीक्षा सम्मेलन अनुगमन समिति (डिआरसीएफसी) नेपालका सीमान्तीकृत समुदायको मानव अधिकार संरक्षण र संवर्द्धन गर्न सन् २००९ मा गठित एक सञ्जाल हो । दलित, आदिवासी जनजाति, मुक्त बँधुवा श्रमिक, लैङ्गिक लैङ्गिक तथा लिङ्गीय अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, मुस्लिम र तराई मधेसी समुदायजस्ता सीमान्तकृत एवम् जोखिमग्रस्त समूहकाविरुद्ध हुने विभेद अन्त्य गर्ने दिशामा यो समितिले सक्रियतापूर्वक काम गरिरहेको छ । तेश्रो समीक्षा चक्रका लागि निर्धारित प्राविधिक मार्गदर्शनबमोजिम यो प्रस्तुति तयार गरिएको हो ।[९६] मुख्यतः यस प्रस्तुतिमा मुख्यतः युपीआरका अघिल्ला सिफारिसहरूको कार्यान्वयन अवस्था, विकासक्रम, चुनौती र वर्तमानको मानव अधिकार अवस्थाका बारेमा लेखाजोखा गरिएको छ । यो प्रतिवेदन तयार गर्ने क्रममा प्रादेशिक तथा राष्ट्रिय तहमा अक्टोबर २०१९ देखि मार्च २०२० सम्म सरोकारवालाहरूसँग गरिएको परामर्श र सामुदायिक साक्षात्कारबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

२. दोश्रो युपीआरदेखि यताको विकासक्रम र गरिएको अनुगमन (सीमान्तकृत समुदायसँग सम्बन्धित)

१. सन् २०११ को पहिलो युपीआर चक्रमा नेपालले संविधान निर्माण प्रक्रियामा सीमान्तकृत समूहको सहभागितासँग सम्बन्धित धेरै सिफारिसहरूलाई स्वीकार गरेको थियो ।[९७] दोश्रो युपीआर चक्रमा समेत दोहोऱ्याइएका यी सिफारिसहरूमा नेपालका सबै अल्पसङ्ख्यक समूहसँग समावेशी संवाद सुनिश्चित गर्ने (ए/एचआरसी/३१/९, प्यारा १२२.३८, युक्रेन), फराकिलो स्वामित्व र सहभागिता सुनिश्चित गर्न नेपालका सबै वर्गहरूलाई समायोजन गर्ने (ए/एचआरसी/३१/९, प्यारा १२२.१, भारत) आदि प्रमुख छन् । यसबाहेक, वर्णभेदको उन्मूलनसम्बन्धी समिति (सिइआरडी)ले सेप्टेम्बर २००९ मा नेपाल सरकारलाई स्वतन्त्र, अग्रीम सहमति हासिल गर्न तथा संविधान निर्माण प्रक्रियामा स्वतन्त्र ढङ्गले चुनिएका प्रतिनिधिहरूको माध्यमबाट आदिवासी नागरिकहरूको सहभागिता प्रत्याभूत गर्न आह्वान गरेको थियो ।[९८] यसबाहेक, आदिवासीहरूको अधिकारसम्बन्धी विशेष प्रतिवेदकले आदिवासी नागरिकहरूको प्रत्यक्ष प्रतिनिधित्व सुनिश्चित गर्न र संविधानसभाभित्र स्वतन्त्र, अग्रीम र सुसूचित सहमति कायम गर्न उनीहरूको एक बेग्लै संयन्त्र खडा गर्न सुझाएका थिए (ए/एचआरसी/१२/३४/एड.३, २० जुलाई २००९, प्यारा ८६ र ८७) ।[९९]

२. पहिलो युपीआर चक्रमा नेपालले आदिवासी नागरिक, अल्पसङ्ख्यक र जोखिमग्रस्त समूहको सहभागिता एवम् समावेशितासँग जोडिएका धेरै सिफारिसहरूलाई स्वीकार गरेको थियो ।[१००] सन् २०१५ को दोश्रो युपीआर चक्रमा नेपालले तिनै सिफारिसहरूलाई आत्मसात गऱ्यो जसमा भनिएको थियोः आदिवासी नागरिकहरूको संरक्षण र संवर्द्धनका लागि विधायिकी र संस्थागत संरचनालाई सुदृढ बनाउने (ए/एचआरसी/३१/९, प्यारा

---

९६ विश्वव्यापी आवधिक समिक्षा (तेस्रो चरण): सार्न्दभिक सरोकारवालाहरूको लिखित प्रस्तुतीका लागि सूचना तथा निर्देशिका: https://www.upr-infO{.org/sites/default/files/general-document/pdf/upr_technicalguidelines3rdcycle_submissions.pdf

९७ नेपालले आदिवासी, जातीय तथा अन्य किनारीकृत समुदायको पूण सहमागिता सुनिश्चितताका लागि धेरै सुझावहरू ग्रहण गरेको थियो । (A/HCR/17/5 अनुच्छेद १०६.१, (रिपब्लिक कोरिया र पोल्याण्ड)

९८ सर्ड ले १२ असोज, २०६६ मा पूर्व चेतावनी जारी गरेको थियो (Ref: TS/JF), १५ भदौ २०६९ (Ref: CERD/EWUAP) र ३० फागुन २०६५(Ref: TS/JF)

९९ https://tbinternet.ohchr.org/Treaties/CERD/Shared%20Documents/NPL/INT_CERD_NGO_NPL_30811_E.pdf

१०० पहिलो यूपिआर सिफारिस २०११ A/HRC/17/5, अनुच्छेद १०७.८ (मलेसिया), A/HRC/17/5, अनुच्छेद १०७.४ (अस्ट्रेलिया) र A/HRC/17/5, अनुच्छेद १०७.१८ (स्पेन), जुन आदिवासी, अल्पसङ्ख्यक र जोखिमयुक्त समुदायको सहभागिता अभिवृद्धि, सबै जातजातिबीच समानता, सांस्कृतिक र भाषिक समूहको नागरिक सेवा, कानुन कार्यान्वयन एजेन्सी र स्थानिय निकायमा समावेशीकरणसंग सम्बन्धित छ ।

१२१.९, मेक्सिको) तथा आदिवासी महिलाविरुद्धका विभेदका बहुरूपहरूलाई सम्बोधन गर्ने (ए/एचआरसी/३१/९, प्यारा १२२.३७, युगाण्डा) ।

३. दोश्रो समीक्षाका क्रममा नेपालले आदिवासी र अल्पसङ्ख्यक समुदायका विद्यालय उमेरका बालबालिकाको भर्ना दर सुधार्न नीतिहरू बनाई लागु गर्ने सिफारिस (ए/एचआरसी/३१/९, प्यारा १२२.१०५, सिंगापुर) एवम् आदिवासी नागरिकहरूको खाद्य सुरक्षा सुधार गर्नुपर्ने (ए/एचआरसी/१७/५, प्यारा १०६.४९, हङ्गेरी) सिफारिसलाई स्वीकार गरेको थियो ।

४. पहिलो युपीआर चक्रमा विभेद र छुवाछूतका सबै स्वरूपहरूलाई अन्त्य गर्न आफ्ना प्रयासलाई निरन्तरता दिने सिफारिसलाई नेपालले स्वीकार गरेको थियो ।[१०१] जातीय विभेद र छुवाछूतसँग सम्बन्धित यी सिफारिसहरू सन् २०१५ को दोश्रो युपीआर चक्रमा समेत दोहोरिएका थिए । जस्तैः ए/एचआरसी/३१/९, प्यारा १२१.१७, थाइल्याण्ड र जापान, ए/एचआरसी/३१/९, प्यारा १२२.३३, पाराग्वे, ए/एचआरसी/३१/९, प्यारा १२२.३५, डेनमार्क, ए/एचआरसी/३१/९, प्यारा १२२.४०, जर्मनी र ए/एचआरसी/३१/९, प्यारा १२२.३६, स्वीजरल्याण्डले दिएका सुझावहरू । यी सुझावहरू विभेदका सबै स्वरूपहरूलाई निर्मूल गर्न विद्यमान कानुन र नीतिहरूलाई सुदृढ गराउने, जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को पूर्ण तथा प्रभावकारी कार्यान्वयन गर्न नीतिगत व्यवस्था गर्ने दिशामा केन्द्रित थिए ।

५. पहिलो युपीआर चक्रपछि दलित, सीमान्तकृत एवम् जोखिमग्रस्त समूहका सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरूमा जोड दिइएको छ ।[१०२] यिनै सिफारिसहरूलाई सन् २०१५ को दोश्रो युपीआर चक्रमा समेत दोहोऱ्याइएको थियो । भेनेजुएलाको बोलिभियन गणतन्त्रले ए/एचआरसी/३१/९, प्यारा १२२.७९ मा र फिनल्याण्डले ए/एचआरसी/३१/९, प्यारा १२२.१०४ मा नेपाललाई रोजगारीका माध्यमबाट जोखिमग्रस्त समूहमा रहेको गरिबी र सामाजिक असमानतालाई हल गर्न तथा सिडा र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको टिप्पणीबमोजिम दलितसहित सबै बालबालिकाको समान शिक्षाका लागि प्रबन्ध गर्न सिफारिस गरेका थिए ।

६. सन् २०१५ को दोश्रो युपीआर चक्रमा अपाङ्गता भएका व्यक्तिका हकका बारेमा दिइएका मुख्य सिफारिसहरूमा खासगरी अपाङ्गता भएका बालबालिकाका लागि मौजुदा शिक्षा नीतिहरूको संशोधन गर्ने (ए/एचआरसी/३१/९, प्यारा १२२.१०७, नर्वे) तथा शिक्षासम्बन्धी नीति निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिलाई सहभागी गराउने (ए/एचआरसी/३१/९, प्यारा १२२.११०, स्पेन) तथा अपाङ्गता भएका व्यक्तिका बारेमा तथ्याङ्कको पृथकीकरणसहित ती व्यक्तिविरुद्ध लक्षित कानुनी अवरोध एवम् विभेदजन्य अभ्यासलाई परिमार्जन गर्ने विषय थिए ।

---

१०१ पहिलो चरणको यूपीआर २०११ मा धेरै राष्ट्रहरूले नेपाललाई जातको आधारमा हुने विभेद र अछुतपन निर्मूल गर्नका लागि सिफारिसहरू गरेको थियो । पहिलो चरणको यूपीआर २०११ मा नेपालले सबै किसिमका भेदभाव अन्त गर्ने र जातमा आधारित भेदभाव तथ छुवाछूतसम्बन्धी विधेयक पारित गर्ने सुझाव स्वीकार गरेको थियो, A/HRC/17/5, अनुच्छेद १०६.२४ (डेनमार्क); स्थानीय अधिकारीले सो नीति पूर्णरूपमा कार्यान्वयन गर्ने सुनिश्चित गर्ने A/HRC/17/5, अनुच्छेद १०६.२४ (चेक गणतन्त्र) सुनिश्चित गर्न त्यसैगरि दलितविरुद्ध हुने भेदभाव अन्त गर्न आवश्यक कानुनी र नीतिगत उपायहरू अपनाउने A/HRC/17/5 अनुच्छेद १०७.११ (नेदरल्याण्ड); दलित समुदायमाथिका सबै विभेदजन्य कार्यको छानबिन गर्ने A/HRC/31/9 अनुच्छेद १२२.५५(अर्जेन्टिना); जातमा आधारित भेदभावहरूबारे उजुरी हुने र छानबिन हुने कुराको सुनिश्चित गर्ने साथै यस्तो अपराध गर्नेलाई कानुनी सजाय दिने र यस्तो हिंसा पीडितलाई क्षतिपूर्ति दिन A/HRC/17/5 अनुच्छेद १०८.१२ (चेक गणतन्त्र); यूपीआर २०१५ मा, खासगरी महिला तथा दलितमाथि हुने सबै प्रकारका विभेद अन्त गर्ने कानुनहरूको कार्यान्वयन र प्रभावकारिता लेखाजोखा गरी गैरविभेद प्रयासहरूलाई वास्तविक एवम् प्रभावकारी अभ्यासमा रूपान्तरण गर्न A/HRC/31/9 अनुच्छेद १२२.३९ (चेक गणतन्त्र)ले नेपाललाई आमन्त्रण गऱ्यो ।

१०२ पहिलो चरणको यूपीआर २०११ मा नेपालले स्वीकारेका सुझावहरू; दलितहरू र जोखिममा रहेका समूहहरूको खाद्य सुरक्षा अभिवृद्धि गर्ने A/HCR/17/5 अनुच्छेद १०६.४९ (हङ्गेरी); निःशुल्क र अनिवार्य शिक्षा दिन उपयुक्त, प्रभावकारी र समावेशी शिक्षा नीतिहरू लागु गर्ने काम जारी राख्ने A/HCR/17/5 अनुच्छेद १०८.३४ (स्लोभाकिया), दलित बालबालिका, अल्पसङ्ख्यक जातिका बालबालिकाहरूको गुणस्तरीय शिक्षामा बराबर पहुँच स्थापना भएको सुनिश्चित गर्ने A/HCR/17/5 अनुच्छेद १०६.५३ (फिनल्याण्ड); गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवाहरू प्रदान गरेर तथा बढी रोजगारका अवसर सृजना गरेर जोखिममा रहेका, सीमान्तकृत समूह, बँधुवा मजदुर, अपाङ्गता भएका व्यक्तिहरू, मुस्लिम र अल्पसङ्ख्यक समुदायहरूलाई आधारभूत सेवा प्रदान गर्न उठाइएका प्रयास तीब्र पार्ने A/HCR/17/5 अनुच्छेद १०६.४१ (म्यानमार); HCR/17/5 अनुच्छेद १०६.४६ (मलेसिया), HCR/17/5 अनुच्छेद १०६.४६ (क्यूबा)

७. सन् २०१५ को दोश्रो युपीआर चक्रमा नेपालले लैङ्गिक अल्पसङ्ख्यकका बारेमा दुई ओटा सिफारिसहरू प्राप्त गऱ्यो । ती हुन्: नयाँ संविधानमा लैङ्गिक अल्पसङ्ख्यकका अधिकार सुनिश्चित गराउन आवश्यक कदम चाल्ने (ए/एचआरसी/३१/९, प्यारा १२१.१६, स्वीडेन) र लैङ्गिक अल्पसङ्ख्यकविरुद्ध विभेदका घटनाको छानबिन गर्दै दोषीलाई दण्डित गर्ने संयन्त्र तयार पार्ने (ए/एचआरसी/३१/९, प्यारा १२२.४२, स्पेन) ।

३. विकासक्रमहरू (राष्ट्रिय मानव अधिकार संरचना)

८. थारु, आदिवासी जनजाति र तराई मधेसका जनताको असहमतिका बावजुद द्रुतमार्गबाट २०७२ साल असोजमा संविधानसभाले नेपालको संविधान जारी गरेको थियो । यस क्रममा उपर्युक्त सिफारिसहरूलाई समावेश गर्ने कुनै प्रयास भएन । नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय मापदण्ड विपरीत आदिवासी जनजाति र सीमान्तकृत समुदायका अधिकारलाई संविधानमा समेट्नबाट संविधानसभा चुक्यो । थारु, आदिवासी जनजाति र तराई मधेसका संविधानसभा सदस्यहरू आ-आफ्ना राजनीतिक दलको दवाबमा मस्यौदा संविधानमा परेका आफ्ना संशोधनहरू फिर्ता लिन बाध्य भए । यहाँ उल्लेखनीय छ कि, नयाँ संविधानमा आत्मनिर्णयको हक, स्वायत्तता र स्वशासनका अधिकार राख्न नेपाल सरकार सहमत भएको थियो ।[१०३]

९. यी तथ्यका बावजुद केही हदसम्म संविधानले केही प्रगतिशील व्यवस्थाहरू पनि गरेको छ । यसले राज्य संरचनामा सीमान्तकृत समुदायहरूको समानुपातिक समावेशिता र सहभागिताको हक प्रत्याभूत गरेको छ ।[१०४] साथै, संविधानले सीमान्तकृत समुदायहरूको हक संरक्षण एवम् संवर्द्धन गर्न विभिन्न आयोगहरूको गठनसमेत गरेको छ । जस्तैः आदिवासी जनजाति आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, मुस्लिम आयोग, मधेसी आयोग र थारु आयोग ।[१०५] तर, यहाँनेर उल्लेखनीय छ कि यी आयोगहरूको परिकल्पना पेरिस सिद्धान्तबमोमिज गरिएको छैन र यिनको अर्धन्यायिक हैसियतसमेत छैन । साथै, संविधान जारी भएको पाँच वर्ष बितिसक्दा पनि यी आयोगहरूले पूर्ण र प्रभावकारी क्षमतामा काम गर्न बाँकी नै छ । यसैगरी, संविधानले मातृभाषामा शिक्षा पाउने हक र त्यसका लागि प्राथमिक तहसम्मका विद्यालय तथा शिक्षण संस्थाहरू खोल्न छूट दिएको छ ।[१०६] भाषा र संस्कृतिको हकलाई संविधानले नै सुनिश्चित गरेको छ ।[१०७] नेपाल सरकारले सन् २०१६ देखि २०२३ सम्मका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रमसमेत लागु गरिरहेको छ ।

१०. जातीय विभेदका सन्दर्भमा केही ठोस प्रगतिहरू भएका छन् । जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन- २०६८ सोही वर्षदेखि लागु भयो । संविधानले छुवाछूत र विभेदविरुद्धको हक प्रदान गरेको छ ।[१०८] राज्यका सबै निकायमा आदिवासी जनजाति, दलित, खसआर्य, थारु, मधेसी, अपाङ्गता भएका व्यक्ति तथा अन्य पिछडिएका समुदायलाई समानुपातिक प्रतिनिधित्वमार्फत सामाजिक समावेशिताको अवसर दिएको छ ।[१०९] साथै, शिक्षाको हक, सामाजिक न्यायको हक, स्थानीय तहमा समानुपातिक प्रतिनिधित्वको हक,[११०] सम्मानपूर्ण जीवनको हक, सार्वजनिक सेवा र सुविधामा समान पहुँचको हकका[१११] साथै प्राथमिकदेखि उच्च तहसम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको हकसमेत संविधानमा समेटिएका छन् । यसका अतिरिक्त आवासको

---

१०३ सङ्घीय लिम्बुवान पार्टी र नेपाल सरकारले हस्ताक्षर गरेको सम्झौता सन् २००८

१०४ निजामती सेवा ऐन ४५ प्रतिशत सिटहरू खुला प्रतिस्पर्धामा सीमान्तकृत वर्गका खस तथा आर्य महिलाहरूका लागि निश्चित गर्ने भनि संशोधन गरिएको छ । यी सिटहरूमा ३३ प्रतिशत महिला, २७ प्रतिशत जनजाति, २२ प्रतिशत मधेशी, ९ प्रतिशत दलित र ५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू र ४ प्रतिशत उपेक्षित क्षेत्रहरूका लागि आरक्षित छन् ।

१०५ नेपालको संविधान (२०७२), भाग २७

१०६ नेपालको संविधान (२०७२), धारा ३१(५)

१०७ नेपालको संविधान (२०७२), धारा ३२)

१०८ नेपालको संविधान, धारा २४ को उपधारा १ मा "कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेषा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरिरहेको" छ भने सोही धाराको उपधारा ५ मा "यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।"

१०९ नेपालको संविधान (२०७२), धारा ३८(४), ४०, ४२, ८४(२), ८५(२क), १७६(६), १८५(२) ले दलित तथा सिमान्तीकृत समुदायको समानुपातिक प्रतिनिधित्व व्यवस्था गरेको छ ।

११० नेपालको संविधान (२०७२), धारा ८४ (३)

१११ नेपालको संविधान (२०७२), धारा १८ (३)

अधिकारसम्बन्धी ऐन, २०७५ तथा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ समेत जारी भएका छन् ।

११. नेपालको संविधानले अपाङ्ग मैत्री पूर्वाधार र परिवहनका[११२] साथै अपाङ्गता भएका बालबालिकाका लागि ब्रेल लिपी वा साङ्केतिक भाषाका माध्यमबाट निःशुल्क एवम् समावेशी शिक्षालाई प्रत्याभूत गरेको छ ।[११३] अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ लाई बदली गर्न जारी भएको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ लागु भइसकेको छ । यसलाई कल्याणमा आधारित दृष्टिकोणबाट महत्वपूर्ण रूपान्तरण मान्न सकिन्छ । यसैगरी, मुलुकी अपराध संहिता, २०७४ ले उल्लेख्य जरिवानासहित अपाङ्गता भएका व्यक्तिउपर हुने विभेदलाई अपराधिकरण गरेको छ ।[११४]

१२. लैङ्गिक अल्पसङ्ख्यकका अधिकारका सन्दर्भमा संविधानले उनीहरूको समानता, स्वतन्त्रता र हकहरूको प्रत्याभूति गरेको छ[११५] साथै, संविधानले वञ्चित वर्गभित्र लैङ्गिक एवम् लिङ्गीय अल्पसङ्ख्यकहरूलाई समेत समेटेको छ । समावेशिताको सिद्धान्तबमोजिम राज्य संयन्त्रमा र सार्वजनिक सेवाहरूमा सहभागी हुन पाउने यो समुदायको हकलाई संविधानले नै सुनिश्चित गरेको छ ।[११६] सर्वोच्च अदालतले २०६४ सालमा गरेको एक फैसलाबमोजिम लैङ्गिक अल्पसङ्ख्यकहरूले अबउप्रान्त अन्य वर्गमा नागरिकता र राहदानी प्राप्त गर्न सक्नेछन् । यद्यपि, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को एक प्रतिवेदनअनुसार ज्यादै कम लैङ्गिक अल्पसङ्ख्यकहरूले मात्र आफ्नो नागरिकता वा कागजातमा अर्कै लिङ्ग उल्लेख गर्न चाहेका छन् ।[११७] २०६८ सालको जनगणनाले पहिलोपटक लैङ्गिक अल्पसङ्ख्यकहरूलाई तेश्रो लिङ्गीका रूपमा सूचीकृत गरेको थियो ।[११८]

३. मानव अधिकारको संरक्षण र संवर्द्धन

आदिवासी नागरिकविरुद्ध विभेद

१३. राष्ट्रिय जनगणना, २०६८ अनुसार नेपालमा आदिवासी जनजातिहरू कुल जनसङ्ख्याको ३५.८१ प्रतिशत छन् । जातीय रूपमा गरिबीको मापन गर्दा उच्चजातका ब्राम्हण (१०.३४ प्रतिशत)मा भन्दा पहाडका आदिवासी जनजाति (२८.२५ प्रतिशत)मा गरिबीको दर अधिक छ । यो गरिबी शहरी क्षेत्रमा सबैभन्दा कम (१५.४६ प्रतिशत), ग्रामीण क्षेत्रमा उच्च (२७.४३ प्रतिशत) र हिमाली भूभागमा सर्वाधिक (४२.२७ प्रतिशत) रहेको छ । हिमाली क्षेत्रमै सबैभन्दा धेरै आदिवासी जनजातिहरूको बासस्थल छ ।[११९] नेपाल सरकारले विभिन्न ६० ओटा समूहलाई मात्र आदिवासी जनजातिको मान्यता दिएको छ भने अरु कतिपय छुट्न पुगेका छन् । सन् २००९ मा सरकारले आदिवासी जनजातिको आधिकारिक सूचीको परिमार्जन गर्न एक उच्चस्तरीय कार्यदलको गठन गरेको थियो । विस्तृत अध्ययनपश्चात उक्त कार्यदलले आधिकारिक सूचीमा ८१ किसिमका आदिवासी जनजातिलाई

---

११२ नेपालको संविधान (२०७२), धारा ५१ (ज) १४ र ८६ (२क)

११३ नेपालको संविधान (२०७२), धारा ३४ (४)

११४ मुलुकी अपराध संहिता २०७४ को दफा ११८ मा शारीरिकरूपमा अशक्त व्यक्तिहरूलाई विभेद गर्नेलाई एक वर्षसम्म जेल सजाय वा दश हजार रुपियाँसम्मको जरिमाना वा दुवै सजाय हुने व्यवस्था छ । त्यसैगरी दफा १६० ले शारीरिकरूपमा अशक्त व्यक्तिहरूमाथि हुने विभेदलाई अपराध मानेको छ यस्तो विभेदविरुद्ध तीन वर्षसम्म कैद वा तीस हजार रुपियाँ वा दुवै सजाय हुने व्यवस्था गरेको छ ।

११५ नेपालको संविधान (२०७२), धारा १२ (नागरिकतासम्बन्धी)

११६ नेपालको संविधान (२०७२), धारा ४२ (सामाजिक न्यायसम्बन्धी)

११७ प्रतिवेदनका अनुसार उत्तरदिनेहरूमध्ये ९२ प्रतिशतभन्दा बढीले नागरिकता प्राप्त गर्न आफ्नो लिङ्ग परिवर्तन गर्ने प्रयास गर्नुपरेको थियो । "pp. xix. UNDP William Institute (2014): Surveying Nepal's Sexual and Gender Minorities: An Inclusive Approach." हेर्नुहोस्: https://williamsinstitute.law.ucla.edu/wp-content/uploads/Nepal-Survey-Oct-2014.pdf

११८ यद्यपि गणनाकर्तालाई सीमित शिक्षण, रेकर्ड गर्न अनिच्छुक गणनाकर्ता आदिका कारणले २०६८ को जनगणनामा तेस्रो तेस्रो लिङ्गीको वास्तविक सङ्ख्या प्राप्त हुन सकेन

११९ नेपालमा गरिबीसम्बन्धी सिबिएसको प्रतिवेदनः file:///C:/Users/R14i5U360TS/Desktop/Social%20Exclusion%20Report/CBS-view-on-poverty-in-Nepal.pdf

समेट्न सुझाएको थियो । यद्यपि, यो कार्यदलको प्रतिवेदनलाई नेपाल सरकारले कार्यान्वयन गर्न भने बाँकी नै छ ।

१४. संविधानले हिन्दुत्वका मूल्य, मान्यता र दर्शनसँग निकट धर्मको प्रवर्द्धन गर्दछ । उदाहरणका लागि संविधानले हिन्दु सांस्कृतिक प्रतीकहरूलाई राष्ट्रिय चिन्हका रूपमा तोकेको छ । गाई (हिन्दुहरूको पवित्र जनावर), झण्डा (हिन्दु प्रतीक) र सिन्दुर रङ्ग (हिन्दु संस्कृतिमा विजयको प्रतीक) केही नमूनाहरू हुन् ।[१२०] यसको परिणामस्वरुप मुलुकी ऐनले गौबधलाई १२ वर्षसम्मको कैद सजायसहित प्रतिबन्धित गरेको छ ।[१२१] यसको ठीक विपरीत आदिवासी जनजातिसहित कतिपय गैरहिन्दु समुदायमा गाई, गोरु र चौँरीको मासु खाने परम्परा छ । त्यो उनीहरूका लागि प्रोटिनको महत्वपूर्ण श्रोत पनि हो ।

१५. नेपाल सरकारले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)को अभिसन्धि १६९ लाई अनुमोदन गर्दै आदिवासी जनजातिका अधिकारसम्बन्धी राष्ट्रसङ्घीय घोषणापत्रलाई सन् २००७ मा स्वीकारसमेत गरेको छ । तर, यतिका वर्ष बितिसक्दा पनि यी अन्तर्राष्ट्रिय मानकहरूलाई राष्ट्रिय कानुन प्रणालीमा समाहित गर्न सकिएको छैन । आइएलओ अभिसन्धि १६९ को कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारले स्वीकृत गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई विद्यमान कानुनको समीक्षा गर्दै तिनमा आवश्यकतानुसार संशोधन गर्ने वा कार्ययोजनाबमोजिम नयाँ कानुन तयार गर्ने जिम्मेवारी सुम्पिए तापनि यसको कार्यान्वयन हुन बाँकी नै छ ।[१२२] आइएलओ अभिसन्धि १६९ को कार्यान्वयन गर्न नेपाल सरकार असमर्थ भएको अवस्थाले आदिवासी जनजातिका अधिकार सुनिश्चित गर्ने प्रयासहरू प्रभावकारी बन्न सकिरहेका छैनन् ।[१२३] साथै, लोकसेवा आयोगले कर्मचारी भर्नाका प्रक्रियालाई परिभाषा गर्दा सार्वजनिक सेवामा सीमान्तकृत समुदायका लागि संविधानले नै प्रत्याभूत गरेका कोटालाई अवमूल्यन गरेबाट समेत निजामती सेवामा आदिवासी जनजाति, दलित, थारु, मुस्लिम, मधेसी तथा अन्य सीमान्तकृत समुदायलाई संविधानले नै छुट्याएको कोटाको संरक्षणसमेत बाधित हुन पुगेको छ ।[१२४]

१६. आदिवासी नागरिकहरूले ऐतिहासिकरूपमै र हालसम्म पनि सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक अन्यायको सामना गरिरहेका छन् । जमिन र प्राकृतिक स्रोतसाधन उपरको उनीहरूको पुर्ख्यौली अधिकार खोसिएको छ । सडक निर्माण, जलविद्युत र खनिजका ठूला परियोजना तथा राष्ट्रिय निकुञ्जका कारण मुलुकभर नै आदिवासी जनजातिहरू आफ्नो जमिन, प्राकृतिक स्रोतसाधन र इलाका तथा चरण क्षेत्रबाट विस्थापित भइरहेका छन् । हजारौँ आदिवासी नागरिकहरू आफ्नो थातथलोबाट विस्थापित हुँदै आफ्नै इलाकामा सीमान्तकृत बन्दैछन् ।[१२५] उदाहरणका लागि, भूमिसुधार कार्यक्रमले थारु र मधेसीलाई आफ्नै भूमिबाट विस्थापित गर्दै

---

१२० संयुक्त राष्ट्रसङ्घीय सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धीसम्बन्धी समितिको ९५ सेसनमा नेपाल सरकारले पेस गरेको प्रतिवेदनमाथि नेपाली आदिवासी जनताको बैकल्पिक प्रतिवेदनः हेर्नुहोस्: https://tbinternet.ohchr.org/Treaties/CERD/Shared%20Documents/NPL/INT_CERD_NGO_NPL_30811_E.pdf

१२१ बुँदा नं ११ का अनुसारः यदि कुनै व्यक्तिले जानिबुझि गाई वा गोरुलाई माऱ्यो भने त्यो १२ वर्षसम्म कारागारको सजाय योग्य हुन्छ र उसलाई उक्साउने व्यक्तिलाई ६ वर्षसम्मको कारावास सजाय दिइनेछ । चौरीगाईलाई मार्ने व्यक्तिलाई प्रति चौरी रु. ४० जरीमाना गराइनेछ भन्ने कुरा मुलुकी ऐन २०२० चौपायसम्बन्धी अध्याय ७ मा रहेको छ । हेर्नुहोस्: http://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/muluki-ain-general-code-2020.pdf

१२२ नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको चौथो मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्यायोजना आर्थिक वर्ष २०७१/०७२ देखि २०७४/०७५, हेर्नुहास्: file:///C:/Users/R14i5U360TS/Downloads/4thNational%20Planof%20Actions%20on%20Human%20Rights2014-2018%20(1).pdf

१२३ राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनः "आइएलओको आदिवासी र जनजातिसम्बन्धी कन्भेन्सन १६९ को कार्यन्वयन अवस्थासम्बन्धी प्रतिवेदन २०७६ हेर्नुहोस्: http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/ILO_169_Implimentation_Report_English_NHRC_Jestha_2076.pdf

१२४ ह्युमन राईट वाचको विश्व प्रतिवेदन २०२०:https://www.hrw.org/world-report/2020/country-chapters/nepal#814a01 र हेर्नुहोस्: https://www.recordnepal.com/featured/the-anti-reservation-brigade/

१२५ आदिवासी जनताको अधिकार हनन्का घटनाहरू, हेर्नुहोस्: https://www.lahurnip.org/uploads/articles/Cases%20of%20Indijenous%20Peoples.pdf

उनीहरूलाई पश्चिम तराईमा कमैया बनायो ।[१२६] आदिवासी इलाकामा खडा गरिएका कैयौँ राष्ट्रिय निकुञ्जहरूले चेपाङ, थारु, बोटे, राउटे, बनकरिया, माझी, दरै, राई, गुरुङ र अन्य धेरै समूहहरूलाई आफ्नो भूभागबाट अलग गराए ।[१२७] अरुण तेश्रो, माथिल्लो त्रिशुली र कुलेखानीजस्ता जलविद्युत आयोजना तथा सडक निर्माण, विस्तारका कारण पनि तामाङ, राई, सिङ्सा, ल्होमी एवम् अन्य आदिवासी जनजातिहरू आफ्नो जमिन, इलाकाबाट बेदखल हुनु परेको छ ।[१२८] मौजुदा सडकहरूको विस्तार र ग्रामीण क्षेत्रमा अनियन्त्रित एवम् अव्यवस्थित ढङ्गले नयाँ सडकको निर्माण गरिँदा पहिरोको जोखिम उच्च भएको छ ।[१२९] नेपालका सफलतम कार्यक्रममध्ये एक मानिने सामुदायिक वनले वन सम्पदाको पुर्ख्यौली उपयोगको अधिकारलाई सङ्कुचित पारेको छ । यसबाट आदिवासी नागरिकहरूहरूको आर्थिक जीवन प्रभावित हुनुको साथै उनीहरूको परम्परागत जीवन शैली, सांस्कृतिक धरोहर, विश्वास र अभ्यासहरू, मौलिक ज्ञान र सीपहरूमा समेत जोखिम निम्त्याएको छ । साथै, यसबाट तिनीहरूको पहिचान र सामाजिक घुलनसहितको इतिहासमा समेत असर परेको छ ।[१३०]

१७. उच्च जातका महिलाको दाँजोमा आदिवासी महिलाले विभिन्न प्रकृतिका विभेद र बहिष्करणसहित संवैधानिकरूपमा मान्यता नपाएको अवस्था अझै विद्यमान छ । उनीहरू उपेक्षित छन् । राष्ट्रिय जनगणनाको तथ्याङ्कमा उनीहरूलाई महत्व दिइएको छैन भने सरकारका नीति तथा योजना दस्तावेजमा समेत उनीहरूलाई पारिएको छैन । शिक्षा, न्याय, सार्वजनिक र सामाजिक सेवासम्म उनीहरूको पहुँच सीमित छ भने उनीहरूका पारम्परिक ज्ञान, सीप र अभ्यासहरूलाई अवमूल्यन गर्दै कतिपय अवस्थामा त अपराधिकरण पनि गरिएको छ । महिला बेचबिखन नेपालको बृहत् सामाजिक यथार्थ हो । आदिवासी युवतीहरू बेचबिखनको अधिक जोखिममा छन् । एक अध्ययनअनुसार मानव बेचबिखनका कूल ८ सय २१ जना महिला पीडितमध्ये ७६ प्रतिशत आदिवासी जनजाति समुदायका, १२ प्रतिशत दलित र अर्को १२ प्रतिशत ब्राह्मण क्षेत्री समुदायका छन् ।[१३१] गहिरो गरी व्याप्त शोषण, विभेद, गरिबी र संरचनात्मक असमानताका कारण यस्तो जोखिम जन्मिएको हो ।[१३२] सन् २०१८ मा दिइएका सिडाका समापन मन्तव्यहरू लागु गर्न नेपाल सरकारले इच्छा देखाएको छैन । तिनको उल्लेख अनुच्छेद ४० (क)मा गरिएको छ ।[१३३]

---

१२६ उदाहरणका लागि अर्नुन गुनेरेट (१९९८:७६०) दाङमा जमिनको क्षति, बसाइ-सराइ र गरिबीका कारण पहिले मनाइने विभिन्न प्रमुख चाडपर्व अहिले आर्थिक श्रोतको कमीले गर्दा मनाँइदैन (Cox n.d., 11) चितवनमा मलेरियाउन्मुख परियोजना अर्न्तगत जङ्गल विनास गरिएपछि त्यस प्रकृयामा नष्ट भएका देवीदेवताको मठमन्दिर नभएपछि अनुष्ठान गर्ने दिनहरू पनि पात्रोबाट हटाईयो । चितवनका थारुहरूको मान्यता अनुसार जङ्गल फडानी गरेपछि त्यहाँ बाँस गर्ने देवि देवताले पनि जङ्गल छाड्ने गर्छन् । उनीहरूको शक्ति जङ्गलसँग आबद्ध हुन्छ । अनुष्ठानहरू प्रर्दशन नगर्दा युवा वर्ग सामेल हुन सक्दैनन् र स्थानीय ज्ञान प्रणालीबाट हराउँछ ।

१२७ १८ वैशाख २०७४ मा संकलित हेर्नुहोस्: https://www.recordnepal.com/art-letter/books/the-dark-side-of-nepals-national-parks/

१२८ आदिवासी जनताको अधिकार हनन्का घटनाहरू, हेर्नुहोस्: file:///D:/Working%20Folder%202020/UPR%202020/Publications%20of%20LAHURNIP%203%20Sep.%202019/Cases%20of%20Indijenous%20Peoples.pdf

१२९ मानव अधिकार वर्ष पुस्तक २०२०, इन्सेक नेपाल, हेर्नुहोस्: https://www.insec.org.np/wp-content/uploads/2020/02/Nepal-Human-Right-Year-Book-2020-Eng.pdf

१३० मानव अधिकार वर्ष पुस्तक २०२०, इन्सेक नेपाल, हेर्नुहोस्: https://www.insec.org.np/wp-content/uploads/2020/02/Nepal-Human-Right-Year-Book-2020-Eng.pdf

१३१ हेर्नुहोस्: http://www.indigenousvoice.com/7-out-of-every-10-victims-of-trafficking-in-person-are-indigenous-women-and-girls-in-nepal.html#sthash.oRTS5TL2.dpuf

१३२ राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ) २०१४ "आदिवासी जनजाति महिलाको मुख्य सरोकारसम्बन्धी कार्यशालाको काठमाडौँ" को प्रतिवेदन

१३३ संविधानमा आदिवासी महिलाको अधिकारको पहिचानको कमी र जनजातिको आत्मनिर्णयको अधिकारको सामान्य अभावको सिफारिस अनुच्छेद ४१ (क), "(क) आदिवासी जनजातिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको घोषणापत्रमा आदिवासी जनजाति महिलाहरूको अधिकारलाई विशेषगरि उनीहरूको आत्मनिर्णको अधिकारलाई स्पष्टरूपमा मान्यता दिएर संविधान संशोधन गरिनुपर्छ, सिडको छैठौँ आवधिक प्रतिवेदनमाथिको निष्कर्षणात्मक टिप्पणी, हेर्नुहोस्:, file:///C:/Users/R14i5U360TS/Desktop/UPR%20core%20documents/CDAW%20Concluding%20Observation%202018/Concluding-comments-English.pdf

सिफारिसहरू

युपीआरका अघिल्ला सिफारिसहरू अर्थात ए/एचआरसी/३१/९, प्यारा १२१.९ मा मेक्सिको तथा ए/एचआरसी/३१/९, प्यारा १२२.३७ मा युगाण्डाले दिएका सुझावहरूबमोजिम निम्न कार्यहरू गर्नु, गराउनुपर्ने देखिएको छ:

- आइएलओ अभिसन्धि १६९ को कार्यान्वयनका लागि तयार राष्ट्रिय कार्ययोजनालाई नेपाल सरकारले स्वीकृत गरी लागुसमेत गर्नुपर्ने । आदिवासी नागरिकहरूको हक सुनिश्चित गर्न विद्यमान कानुनहरूको पुनरावलोकन गर्दै कार्ययोजनाअनुसार नयाँ कानुनहरूको तर्जुमासमेत गर्नुपर्ने ।
- आइएलओ अभिसन्धि १६९ र आदिवासी जनजातिका अधिकारसम्बन्धी राष्ट्रसङ्घीय घोषणापत्रमा उल्लेख गरिएबमोजिम आदिवासी जनजातिमा असर पार्ने कुनै पनि परियोजना वा क्रियाकलाप सञ्चालन गर्दा उनीहरूको स्वतन्त्र, अग्रिम र सुसूचित मञ्जुरी लिनु पर्ने अधिकारको मान्यता एवम् अभ्यास गर्ने ।
- सन् २००९ मा गठित आदिवासी जनजातिको आधिकारिक सूचीको परिमार्जन गर्ने उच्चस्तरीय कार्यदलका सिफारिसहरूलाई लागु गर्दै थप समुदायहरूलाई सो सूचीमा आबद्ध गर्ने । साथै, अन्य सबै आदिवासी जनजाति समूहको स्व-पहिचानलाई उचित सम्मान गर्दै तिनको मान्यता सुनिश्चित गर्ने ।
- आदिवासी जनजाति आयोगमा आयुक्तहरूको नियुक्ति प्रक्रिया अघि बढाइ त्यसको पूर्ण र प्रभावकारी सञ्चालनका लागि पर्याप्त बजेट, मानवीय र प्राविधिक संशाधन उपलब्ध गराउने ।
- राष्ट्रिय राजनीति र निर्णयकर्ता तहमा महिलासहित आदिवासी जनजाति समुदायको समावेशिता प्रत्याभूत गर्न समावेशिता तथा समानुपातिक प्रतिनिधित्वका संवैधानिक प्रबन्धहरूको पूर्ण कार्यान्वयन गर्ने ।
- आगामी २०७८ सालको राष्ट्रिय जनगणनामा आदिवासी जनजाति महिलाको बेग्लै एकीकृत तथ्याङ्कको गणना गराउन नयाँ तथ्याङ्क सङ्कलन प्रणालीको विकास गर्ने । साथै, महिलाभित्रका आपसमा जोडिएका मुद्दाहरू सम्बोधन गर्ने दिशामा आदिवासी जनजाति महिलाको लागि राष्ट्रिय नीति तयार गर्न उक्त तथ्याङ्कको प्रयोग गर्ने ।
- सन् २०१८ मा दिइएका सिडाका समापन मन्तव्यहरू लागु गर्दै आदिवासी जनजातिका अधिकारसम्बन्धी राष्ट्रसङ्घीय घोषणापत्रका समापन मन्तव्य अनुकूल आदिवासी जनजाति महिलाको आत्मनिर्णयको अधिकारलाई मान्यता दिन संविधान संशोधन गर्ने ।

दलित र जोखिमग्रस्त समूहउपरको विभेद

१८. युपीआरका अघिल्ला सिफारिसहरू बमोजिम जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ लाई कार्यान्वयनका निम्ति विशेष उपायहरू अवलम्बन गर्नमा नेपाल सरकार चुकेको छ । यसको परिणामस्वरुप दलितहरूविरुद्ध छुवाछूत र विभेद मुलुकभर नै व्याप्त छ । उदाहरणका लागि, सार्वजनिक इनारबाट पानी ल्याएको आरोपमा सन् २०१७ मा सिरहा जिल्लामा ६ जना दलित महिलालाई निर्घात कुटियो ।[१३४] संवैधानिक र कानुनी प्रत्याभूतिका बावजुद नेपालमा जातीय विभेद एवम् हिंसाको दर उच्च छ ।[१३५] २०७७ जेठ १० गते रुकुम जिल्लामा कथित दलित जातका नवराज वि.क. र उनका साथीहरू उनको कथित उच्च जातकी प्रेमिकालाई भगाउन युवतीको घर पुग्दा कुटी-कुटी मारिए ।[१३६] विद्यालय, मन्दिर, अन्य सार्वजनिक तथा निजी स्थानमा दलित युवा र बालबालिकालाई अछूतको रूपमा विभेद गरिन्छ ।[१३७] अन्तरदलित छुवाछूतका रूपमा दलित समुदायभित्रै छुवाछूत र जातीय विभेद कायमै छ । यद्यपि, जातीय विभेदका धेरै कम घटनामात्र मुद्दाको रूपमा अदालतमा आउँछन् । मेलमिलापको माध्यमबाट यस्ता घटनाहरूलाई स्थानीयस्तरमै मिलाउने प्रवृत्ति

---

१३४ हुफ पोष्ट, ,२० मङ्सिर २०७४ हेर्नुहोस्: https://www.huffpost.com/entry/untouchable-modern-nepals_b_10309260

१३५ ओएचसिएचआरको स्टेटमेन्ट, १६ जेठ २०७७ हेर्नुहोस्: https://www.ohchr.org/EN/pages/home.aspx

१३६ द काठमाडौँ पोष्ट, २० जेठ २०७७ हेर्नुहोस्: https://kathmandupost.com/national/2020/05/29/un-condemns-dalit-killings-in-rukum-west-and-calls-for-independent-probe

१३७ पूर्ववत्

सामान्य अभ्यासका रूपमा मुलुकभर बढ्दो छ ।[१३८] कथित उच्च जातको थरसँग मिल्ने थर राखेका कतिपय तराईका दलितहरूलाई नागरिकता दिनबाट वञ्चितसमेत गरिएको छ ।[१३९]

१९. यसैगरी, राष्ट्रिय राजनीतिमा समानुपातिक समावेशिताको सिद्धान्त पालना गर्नसमेत नेपाल सरकार चुकेको छ । उदाहरणका लागि, न्यायाधीश नियुक्त गर्ने न्याय परिषद्को २०७५ चैत १९ को सिफारिसमा दलित र अन्य समुदायलाई समावेश नै गरिएन । सर्वोच्च अदालतमा नियुक्त सबै न्यायाधीशहरू कथित उच्च जातका ब्राम्हणहरू थिए ।[१४०]

२०. गैरदलितको दाँजोमा शिक्षा, स्वास्थ्य, पोषक आहारमा दलितहरूको पहुँच न्यूनमात्र पुगेको छ । साथै, बहुसङ्ख्यक दलितहरू भूमिहीन छन् । अन्य समूहको तुलनामा दलित समूह र चेपाङ, राउटे, वनकरिया, बोटेजस्ता आदिवासी समुदायमाझ खाद्य असुरक्षा चर्को छ ।[१४१] गैरदलितको दाँजोमा दलितहरूले गरिबीको उच्च बोझ बहन गरिरहेका छन् । गैरदलितमा गरिबहरूको प्रतिशत २३ छ भने ४२ प्रतिशत दलितहरू गरिब छन् ।[१४२] एक अध्ययनअनुसार हलियासमेत जोडेर हेर्दा २३ प्रतिशत पहाडी दलित र ४४ प्रतिशत तराई दलित विशुद्ध भूमिहीन छन् ।[१४३] दुर्भाग्यवश २०७५ मा लागु भूमिसम्बन्धी (संशोधन) ऐनले संविधानको धारा ४० को सिद्धान्तलाई कदर गर्दैन ।

सिफारिसहरू

युपीआरका अघिल्ला सिफारिसहरू अर्थात ए/एचआरसी/३१/९, प्यारा १२१.१७ मा थाइल्याण्ड र जापान, ए/एचआरसी/३१/९, प्यारा १२२.३३ मा पाराग्वे, ए/एचआरसी/३१/९, प्यारा १२२.३५ मा डेनमार्क, ए/एचआरसी/३१/९, प्यारा १२२.४० मा जर्मनी र ए/एचआरसी/३१/९, प्यारा १२२.३६ मा स्वीजरल्याण्डले दिएका सुझावहरूबमोजिम निम्न कार्यहरू गर्नु, गराउनुपर्ने देखिएको छः

- जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ एवम् सन् २०१८ मा जारी मौलिक हकसँग सम्बन्धित १६ ओटा ऐनको पूर्ण तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि राष्ट्रिय कार्ययोजना, आवश्यक नियम, नीति र निर्देशिका जारी गर्दै संस्थागत संयन्त्रसमेत तयार पार्ने ।
- राष्ट्रिय दलित आयोग, दलित विकास समिति तथा वादी विकास समितिमा आयुक्त वा सदस्यहरूको नियुक्तिलाई अघि बढाई त्यसको पूर्ण र प्रभावकारी सञ्चालनका लागि पर्याप्त बजेट, मानवीय र प्राविधिक संसाधन उपलब्ध गराउने ।
- संवैधानिक प्रबन्धहरूबमोजिम राष्ट्रिय राजनीति र निर्णयकर्ता तहमा महिलासहित दलित समुदायको समानुपातिक प्रतिनिधित्व प्रत्याभूत गर्ने ।
- जातीय छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ एवम् सन् २०१८ मा जारी मौलिक हकसँग सम्बन्धित १६ ओटा ऐनका बारेमा जनतालाई शिक्षित र संवेदनशील बनाउन राष्ट्रव्यापी अभियान सञ्चालन गर्ने ।

---

१३८ हेर्नुहोस्: http://therisingnepal.org.np/news/452

१३९ सान्तवना बैठकहरूमा सहभागीहरूले धेरै जसो घटनाहरू ल्याएका थिए । घटनाहरूमा दलित वर्गले प्रयोग गर्ने उपनाम थर धेरैजसो कथित उच्च जातिका हुने भएकाले उनीहरूलाई तराइमा त्यस थर मार्फत नागरिकता दिन अस्वीकार गरिएको पाइन्छ ।

१४० सान्तवना बैठकहरूमा सहभागीहरूले धेरै जसो घटनाहरू ल्याएका थिए । घटनाहरूमा दलित वर्गले प्रयोग गर्ने उपनाम थर धेरै जसो कथित उच्च जातिका हुने भएकाले उनीहरूलाई तराइमा त्यस थर मार्फत नागरिकता दिन अस्वीकार गरिएको पाइन्छ ।

१४१ मानव अधिकार वर्ष पुस्तक २०२०, इन्सेक नेपाल, हेर्नुहोस्: https://www.insec.org.np/wp-content/uploads/2020/02/Nepal-Human-Right-Year-Book-2020-Eng.pdf

१४२ सिविएकको नेपालमा गरिबीसम्बन्धी प्रतिवेदन, २०११, हेर्नुहोस्: file:///C:/Users/R14i5U360TS/Desktop/Social%20Exclusion%20Report/CBS-view-on-poverty-in-Nepal.pdf

१४३ Sustainable Development Forum. 2006. Ownership of *Dalit* in Land: A Study. Kathmandu: Sustainable Development Forum

अपाङ्गता भएका व्यक्तिउपरको विभेद

२१. राष्ट्रिय जनगणना, २०६८ बमोजिम कूल जनसङ्ख्याको १.९४ प्रतिशत हिस्सा ओगट्ने अपाङ्गता भएका व्यक्तिहरू सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक अधिकारको उपभोग गर्नबाट वञ्चित छन् ।[१४४] परामर्शको क्रममा उठाइएका मुख्य मुद्दाहरू निम्न छन्: आफ्नो जीवनसाथी छान्ने र विवाह गर्ने, सन्तानलाई आफैँसँग राख्ने र पैत्रिक सम्पत्ति प्राप्त गर्ने कुरामा अपाङ्गता भएका व्यक्तिहरूले पारिवारिक अवरोधको सामना गर्नुपर्ने, उपेक्षा, दुर्व्यवहार तथा हिंसा सहन गर्नुपर्ने, सामाजिक एवम् सांस्कृतिक समारोहमा भाग लिन कमैमात्र अवसर प्राप्त हुने तथा अपाङ्गता भएका महिलाहरू अक्सर यौनजन्य दुर्व्यवहार र हिंसाको शिकार हुने । अपाङ्गता भएका व्यक्तिमध्ये ७० प्रतिशतभन्दा[१४५] बढीलाई आफूले प्राप्त गर्ने सरकारी सुविधा, मौलिक हक तथा कानुनी सेवाहरूका बारेमा जानकारी नै छैन ।

२२. अपाङ्गता भएका व्यक्तिभित्र पनि सीमान्तकृत समूह र गरिब समुदायका सदस्यहरूले धेरै अधिकारहरूको उल्लंघन सहन्छन् ।[१४६] एक अध्ययनले देखाएअनुसार अन्य समूहको दाँजोमा आदिवासी जनजाति समुदायका अपाङ्गता भएका ८१ प्रतिशत व्यक्तिहरूले सार्वजनिक सेवाहरूमा न्यून पहुँचमात्र पाएका छन् ।[१४७] साथै, जातीयता, भाषा, भौगोलिक दुर्गमता र अन्य कारणहरूले गर्दा अपाङ्गता भएका आदिवासी जनजाति महिलाहरू कथित उच्च जातका महिलाभन्दा अल्पप्रतिनिधित्व, सीमान्तीकरण र विभेदको जोखिममा बढी परिरहेका छन् ।[१४८] यसैगरी, अपाङ्गता भएका दलित महिलाहरूले जातीय विभेद र छुवाछूतको पनि सँगसँगै सामना गरिरहेका छन् । संविधान र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७५ ले अपाङ्गता भएका महिला र पुरुषलाई एउटै डालोमा राखेको छ । यसले अपाङ्गता भएका आदिवासी, जनजाति र अन्य सीमान्तकृत समूहका व्यक्तिले झेल्ने बहुविभेदलाई पर्याप्तरूपमा समेटेको छैन ।

२३. ह्युमन राइट्स वाचः नामक संस्थाले सन् २०१८ मा जनाएअनुसार अपाङ्गता भएका बालबालिका विद्यालय बाहिरै रही स्तरीय र समावेशी शिक्षा प्राप्त गर्नमा गम्भीर अवरोधको सामना गर्दछन् ।[१४९] परामर्शको क्रममा बताइयो कि अपाङ्गता भएका अधिकांश बालबालिका विद्यालय बाहिरै रहन्छन् भने विद्यालय पुग्नेहरूलाई पनि बेग्लै कक्षा कोठामा राख्ने गरिन्छ । प्रतिवेदनहरूबाट बोध हुन्छ कि सन् २०१६ मा ५ देखि १२ वर्ष उमेर समूहका अपाङ्गता भएका १ हजार ५ सयदेखि ५ हजार ६ सय बालबालिका विद्यालय जानबाट वञ्चित भए । ह्युमन राइट्स वाचले सन् २०१८ मा खुलाएअनुसार नेपालका ३० हजार विद्यालयमध्ये मात्र ३ सय ४०

---

१४४ http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/The_Rights_of_the_Persons_with_Disability_2075.pdf

१४५ अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी समितमा नेपालको प्रतिवेदन, हेर्नुहोस्: https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx¿NewsID=22676&LangID=E

१४६ पूर्ववत्

१४७ प्रकोप, अपाङ्गता र मतभेद अपाङ्गता भएका मानिसहरूले भुकम्पपश्चात् भोगेका चुनौतीहरूको अध्ययन, २०१६ युएनडिपी सामाजिकशास्त्र र राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल ।

१४८ एक अध्यनका अनुसार, उदारणको रूपमा अशक्तता भएका महिलाले शिक्षा र अन्य सेवाहरूको पहुँचमा लिङ र अपाङ्गताको कारण असर पर्ने र उनीहरूको परिवारको सामाजिक र आर्थिक स्थिति,उनीहरूको जाति/जातीयताले पनि प्रभावित पार्दछ । उनीहरू सहरी वा ग्रामीण क्षेत्रमा बसेर पनि प्रभवित हुन्छन् । अपाङ्गता र लिङका साथसाथै उनीहरूले पाउने सेवामा जातीय, दलित वा पिछडिएको भौगोलिक क्षेत्रका भएमा उनीहरूलाई अस्वीकार गरिन्छ। ९०.९० प्रतिशत अपाङ्गता भएका महिलाका अनुसार विभिन्न प्रकारको भेदभावले गर्दा जानकारी प्राप्त गर्न र सेवाहरू पउने क्रममा प्रभाव पार्दछ । राज्य तथा अपाङ्गता महासङ्घ नेपालले आदिवासीहरूको मानव अधिकारको मुद्दालाई ध्यान नदिएको कुरा छ । हेर्नुहोस्: disabilities. http://www.socialinclusion.org/np/newfile/pratimagurung

१४९ ह्यूमनराइट वाच रिपोर्ट २०१८ https://www.hrw.org/news/2018/09/13/nepal-barriers-inclusive-education

विद्यालयमा साधनसम्पन्न कक्षाहरू थिए जसमा दृष्टिविहीन वा बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई अरुसँगै मिसाएर अध्यापन गरिएको होस् ।[१५०]

सिफारिसहरू

युपीआरका अघिल्ला सिफारिसहरू अर्थात ए/एचआरसी/३१/९, प्यारा १२२.१०७ मा नर्वे) तथा ए/एचआरसी/३१/९, प्यारा १२२.११० मा स्पेनले दिएका सुझावहरू बमोजिम निम्न कार्यहरू गर्नु, गराउनुपर्ने देखिएको छ:

- आगामी २०७८ सालको राष्ट्रिय जनगणनामा दलित, आदिवासी जनजाति, मधेसी र मुस्लिम समुदायका व्यक्तिमाझ रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई तिनको अपाङ्गताको प्रकारबमोजिम वर्गीकृत तथ्याङ्क सङ्कलन गर्ने प्रणाली लागु गर्ने । साथै, अपाङ्गताभित्र आपसमा जोडिएका मुद्दाहरू सम्बोधन गर्ने क्रममा राष्ट्रिय नीति तयार गर्न उक्त तथ्याङ्कको प्रयोग गर्ने ।
- अपाङ्गता ऐनको पूर्ण एवम् प्रभावकारी कार्यान्वयनका लागि यससँग सम्बन्धित राष्ट्रिय कार्ययोजना र आवश्यक नियमावली तयार गरी लागु गर्ने ।
- अपाङ्गता भएका व्यक्तिलाई स्तरीय स्वास्थ्य स्याहार र शिक्षा प्रदान गर्न स्वास्थ्य तथा शिक्षाका क्षेत्रमा हुने वार्षिक बजेट विनियोजनामा वृद्धि गर्ने । यौन तथा प्रजनन स्वास्थ्य सेवामा अपाङ्गता भएका महिलाको पहुँच बढाउने ।
- विद्यालयका शिक्षकहरूलाई समावेशी शिक्षाका बारेमा पर्याप्त तालिम दिई विद्यालयमा अपाङ्गता भएका बालबालिकाको सहज पहुँच सुनिश्चित गर्ने ।
- राष्ट्रिय राजनीति र निर्णयकर्ताको तहमा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता प्रत्याभूत गर्न संवैधानिक तथा कानुनी प्रबन्धहरूको पूर्ण कार्यान्वयन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि (युएनसिआरपिडी) मा उल्लिखित मानव अधिकार ढाँचाबमोजिम आदिवासी जनजाति नागरिक/महिलाले भोगिरहेका विभेदका बहुपत्रका सन्दर्भमा उनीहरूका अधिकारलाई मान्यता दिन अपाङ्गता ऐनलाई संशोधनसहित लागु गर्ने ।

लैङ्गिक झुकाव, लैङ्गिक पहिचान र लैङ्गिक विशेषताउपरको विभेद

२४. विभेदकारी कानुन र अभ्यास तथा मौजुदा कानुनको कार्यान्वयन नहुनु नेपालका गम्भीर समस्या हुन् । सर्वोच्च अदालतको फैसलाको एकदशक बितिसक्दा पनि समलिङ्गी विवाहले मान्यता पाउन सकेको छैन । यसको सट्टा कानुनले यसलाई हतोत्साहित गरेको छ । सर्वोच्च अदालतको आदेशबमोजिम गठित समितिको प्रतिवेदनसमेत लागु हुन सकेको छैन ।[१५१] नेपालको मुलुकी देवानी संहिता, २०७४ ले पुरुष र महिलाबीच हुने विवाहलाई मात्र चिनेको छ ।[१५२] लैङ्गिक अल्पसङ्ख्यकहरूको गुनासो छ कि पुरुष, महिला, पति र पत्नीजस्ता निश्चित शब्दहरूको प्रयोगले गर्दा समलिङ्गी व्यक्तिबीच हुने विवाहको सम्भावनालाई नकारिएको छ । यसको फलस्वरुप समलिङ्गी विवाहले मान्यता पाउन सकेको छैन जसले गर्दा लैङ्गिक अल्पसङ्ख्यक दम्पत्तिहरू कतिपय अधिकार र सुविधा उपभोग गर्नबाट वञ्चित छन्: जस्तै, सामाजिक सुरक्षा प्राप्त गर्ने, संयुक्त बैंक खाता खोल्ने, आयकर

---

१५० संयुक्त राष्ट्रसङ्घ र विश्व स्वास्थ सङ्गठनको, मानव अधिकार वाचका अनुसार ५ देखि १४ वर्षका ६० हजार देखि १ लाख ८० हजार बालबालिका अपाङ्गता भएका छन् । २०६८ को प्रतिवेदनमा मानव अधिकार वाचले २ लाख ७ हजार बालबालिकालाई अपाङ्गता भएको पुष्टि गरेको छ । युनिसेफको सन् २०१६ प्रतिवेदन अनुसार ३०.६ प्रतिशत बालबालिकामा अपाङ्गता भएको र करिब १५ हजार देखि ५६ हजार बालबालिका ५ देखि १२ वर्षभित्रमा पर्छन जो चाहि विद्यालय जादैनन । हेर्नुहोस्: https://www.hrw.org/news/2018/09/13/nepal-barriers-inclusive-education

१५१ सर्वोच्च अदालतले गरेको समलिङ्गी विवाहको फैसलाबारेमा नेपाल सरकारले सन् २०१५ मा समलिङ्गी विवाहको कानुनी मान्यतासम्बन्धी सम्भावनाबारे छानविन गर्न गठन गरेको समितिले प्रधानमन्त्रीलाई बुझाएको ८५ पेजको प्रतिवेदनमा सरकारले समलिङ्गी विवाहलाई कानुनी मान्यता दिनुपर्ने भन्ने सिफारिस गरेको थियो हेर्नुहोस्: https://kathmandupost.com/life--style/2019/05/03/nepals-indecision-on-same-sex-marriage-leaves-couples-in-limbo

१५२ मुलुकी देवानी संहिता २०७४, भाग १, अध्याय ३, दफा ६७

मिलेर तिर्ने, संयुक्त दर्ताको सम्पत्ति बिक्री र हस्तान्तरण गर्ने तथा एक अर्काको कानुनी वारेसको रूपमा कार्य गर्ने । नयाँ मुलुकी देवानी र अपराध संहिताका प्रावधानहरू नेपालले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय नागरिक र राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध एवम् अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धका अतिरिक्त संविधान तथा सर्वोच्च अदालतका निर्देशनसमेतको प्रतिकुल छन् । अपराध संहितामा अप्राकृतिक मैथुनजस्ता प्रतिगामी शब्दको प्रयोग गरिएको छ जुन संविधान तथा सर्वोच्च अदालतको फैसला विरुद्ध छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ मा महिलालाई प्रजनन स्वास्थ्यको हक दिइएको छ जुन सरासर विभेदकारी छ किनकि लैङ्गिक अल्पसङ्ख्यक महिलाको कुनै उल्लेख त्यसमा छैन ।[१५३] यसैगरी, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन नागरिकता विधेयकमा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूले उक्त समूहको पहिचानसहितको नागरिकता लिन सोसम्बन्धी चिकित्सकीय प्रमाण पेश गर्नुपर्ने अवरोधात्मक व्यवस्था राखिएको छ ।

२५. लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू विभेद, घृणा, सामाजिक लज्जा र हैरानीको शिकार छन् ।[१५४] आफ्नै परिवार, विद्यालय, रोजगारी र सार्वजनिक सेवामा यो समुदायले व्यापक विभेद खेपिरहेको छ ।[१५५] तथापि, ज्यादै कम पीडितहरूमात्र अदालतसम्म पुग्ने गरेका छन् । सन् २०१३ मा गरिएको एक नमूना अध्ययनअनुसार सार्वजनिक जीवनका क्षेत्रमा लैङ्गिक अल्पसङ्ख्यकहरूले विभेद, हैरानी र दुर्व्यवहार सहन बाध्य छन् । यसभित्र स्वास्थ्य स्याहारबाट इन्कारी, कानुन कार्यान्वयन निकायबाट दुर्व्यवहारको अनुभूति र सार्वजनिक यातायातमा बेइज्जती आदि पर्दछन् ।[१५६] लैङ्गिक झुकावसँग जोडिएको सामाजिक लज्जाका कारण कतिपय लैङ्गिक अल्पसङ्ख्यकहरूलाई तारो बनाइन्छ र घृणाद्वारा पीडितसमेत गराइन्छ ।[१५७] यस्तो अवस्थाले गर्दा सामाजिक बहिष्करणको डरले कतिपय लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूले आफ्नो लैङ्गिक पहिचान खुलाउन सकिरहेको देखिँदैन ।[१५८]

सिफारिसहरू

- समलिङ्गी विवाहसम्बन्धी समितिको प्रतिवेदन लागु गर्दै समलिङ्गी विवाहलाई मान्यता दिने कानुन जारी गर्नुपर्ने ।
- लैङ्गिक अल्पसङ्ख्यक समुदायका हकविरुद्ध रहेका मुलुकी देवानी र अपराध संहिता तथा अन्य विभेदकारी कानुनहरू परिमार्जन एवम् संशोधन गर्नुपर्ने ।
- लैङ्गिक झुकाव, लैङ्गिक पहिचान र लैङ्गिक विशेषताका आधारमा गरिने हिंसा र विभेदलाई सम्बोधन गर्न संयन्त्रको विकास गर्ने ।
- ए/एचआरसी/३१/९, प्यारा १२२.४२ मा स्पेनले दिएका सुझावसहित युपीआरका अघिल्ला सिफारिसबमोजिम लैङ्गिक अल्पसङ्ख्यक समुदायका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण गर्न एक स्वतन्त्र आयोगको गठन गर्ने ।
- न्यायमा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू पहुँच सहज बनाउन विभेदविरोधी कानुन र नीतिगत प्रबन्धहरू गर्ने ।
- लैङ्गिक अल्पसङ्ख्यक समुदाय आफ्नो वास्तविक पहिचानसहित अगाडि आओस् भन्नका लागि सुरक्षित वातावरण सिर्जनार्थ हरसम्भव उपायहरू अवलम्बन गर्ने ।

---

१५३ सुरक्षित मातृत्व र प्रजनन स्वासथ्य ऐन, २०७५, अध्याय २

१५४ द राईजिङ नेपाल, हेर्नुहोस्: http://www.therisingnepal.org.np/index/news/23500

१५५ ग्लोबल प्रेस जर्नल, हेर्नुहोस्: https://globalpressjournal.com/asia/nepal/wanted-male-female-transgender-people-nepal-suffer-hiring-bias-despite-law/

१५६ यूएनडिपी वीलियम इनस्टीच्यूट, २०१४ हेर्नुहोस्: Surveying Nepal's Sexual and Gender Minorities: An Inclusive Approach. Visit at https://williamsinstitute.law.ucla.edu/wp-content/uploads/Nepal-Survey-Oct-2014.pdf

१५७ द काठमाडौँ पोष्ट २३ फागुन २०७६, हेर्नुहोस्: https://kathmandupost.com/life--style/2019/05/03/nepals-indecision-on-same-sex-marriage-leaves-couples-in-limbo

१५८ द राईजिङ नेपाल, हेर्नुहोस्: http://www.therisingnepal.org.np/index/news/23500

- यौनिक र लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूलाई एक अल्पसङ्ख्यक समूहका रूपमा संवैधानिक मान्यता प्रदान गर्ने ।
- लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई शिक्षा र रोजगारीमा समान अवसर प्रदान गर्दै सार्वजनिक सेवा तथा राज्यका संयन्त्रमा उनीहरूको सहभागिता तथा प्रतिनिधित्व बढाउन संविधानमा रहेका समावेशिताका सिद्धान्तको पूर्ण कार्यान्वयन गर्ने ।

मुस्लिम समुदायउपरको विभेद

२६. राष्ट्रिय जनगणना, २०६८ बमोजिम कूल जनसङ्ख्याको ४.४ प्रतिशत हिस्सा मुस्लिम समुदायले ओगटेको छ । सन् २०१५ को मानव विकास प्रतिवेदनअनुसार एक चौथाइ मुस्लिमहरू गरिबीको रेखामुनि रहेका छन् र उनीहरूको मानव विकास सूचकाङ्क दलितहरू (०.४३४) भन्दा पनि तल (०.४२२) रहेको छ ।[१५९] ऐतिहासिक रूपमै आफ्नो फरक पहिचानसहित मुस्लिमहरू नेपालमा सामाजिक, आर्थिक र राजनीतिक समावेशिताका लागि सङ्घर्षरत छन् ।[१६०] उनीहरू आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी विभिन्न विभेदबाट निरन्तर पीडित छन् । उदाहरणका लागि, कानुनी दृष्टिबाट हेर्दा इस्लामिक विवाह र सम्बन्धविच्छेद मुस्लिम परम्परा तथा पारिवारिक कानुनबमोजिम हुने गर्दछन् जसलाई अहिलेसम्म मान्यता दिइएको छैन ।

२७. इस्लामिक बिदालाई राष्ट्रिय सार्वजनिक बिदाका रूपमा मान्यता दिइएको छ । समावेशी सिद्धान्तमा आधारित भएर संविधानले मुस्लिमहरूलाई राजनीतिक तथा प्रशासनिक प्रतिनिधित्वको प्रयोजनार्थ एक बेग्लै समूहको रूपमा स्वीकारेको छ ।[१६१] यस्तो संवैधानिक प्रत्याभूतिका बावजुद सरकारले राष्ट्रिय राजनीतिमा समावेशिताको सिद्धान्तलाई अवलम्बन गर्न सकिरहेको छैन । उदाहरणका लागि, न्यायाधीश नियुक्त गर्ने न्याय परिषद्को २०७५ चैत्र १९ को सिफारिसमा दलित र अन्य समुदायलाई समावेश नै गरिएन । सर्वोच्च अदालतमा नियुक्त सबै न्यायाधीशहरू कथित उच्च जातका ब्राम्हणहरू थिए ।[१६२]

२८. भाषागत अवरोधका कारण पनि स्वास्थ्य, न्याय र शिक्षामा मुस्लिमहरूको पहुँच न्यून छ । दर्तावाल मदरसा विद्यालयहरूले अन्य सामुदायिक विद्यालयसरह सरकारी सहायता पाइरहेका छैनन् । तिनमा सरकारको निगरानी र नियमनसमेत छैन । तिनमा शिक्षक अपर्याप्त छन् भने बजेट पनि कम छ । अन्य सामुदायिक विद्यालयसरह मदरसाहरूले सुविधा र साधनश्रोत उपभोग गर्न पाइरहेका छैनन् । यसको फलस्वरूप शिक्षकहरूले आफ्नो न्यूनतम वेतनसमेत समयमा पाइरहेका छैनन् भने कतिपय मदरसाहरूले समान खालका अन्य संस्थाबाट अनुदान लिइरहेका छन् ।[१६३]

सिफारिसहरू

- राज्यका सबै संयन्त्रमा महिलासहित मुस्लिम समुदायको समानुपातिक प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न संवैधानिक व्यवस्थाहरूको पूर्ण कार्यान्वयन गर्ने ।
- मुस्लिम आयोगमा आयुक्तहरूको नियुक्तिलाई अघि बढाइ त्यसको पूर्ण र प्रभावकारी सञ्चालनका लागि पर्याप्त बजेट, मानवीय र प्राविधिक संसाधन उपलब्ध गराउने ।
- धार्मिक स्वतन्त्रता र मुस्लिम समुदायमा अभिव्यक्तिको स्वतन्त्रताको संरक्षण गर्न मौजुदा प्रयासहरूलाई थप गति दिने ।

---

१५९ नेपाल विकास प्रतिवेदन २०१४, हेर्नुहोस्: http://www.hdr.undp.org/sites/default/files/nepal_nhdr_2014-final.pdf

१६० द नेपाली टाइम्स २० वैशाख २०७६, हेर्नुहोस्: https://www.nepalitimes.com/opinion/moving-to-the-mainstream/

१६१ नेपालको संविधान (२०७२) धारा ४२, ८४(२), ५१ (१८ ञ) र १७६ (६)

१६२ मानव अधिकार वर्ष पुस्तक २०२०, इन्सेक हेर्नुहोस्: https://www.insec.org.np/wp-content/uploads/2020/02/Nepal-Human-Right-Year-Book-2020-Eng.pdf

१६३ द नेपाली टाइम्स १९ फागुन २०७५, हेर्नुहोस्: https://www.nepalitimes.com/banner/nepali-muslims-on-the-margins/

- मुस्लिम प्रथा, परम्परा, संस्कृति, भाषा र जीवनशैलीलाई मान्यता र सम्मान दिनेखालका राष्ट्रिय विधायन जारी गर्ने ।
- मदरसा शिक्षा प्रणालीको सुपरीवेक्षण र नियमनका खातिर मदरसा शिक्षा ऐन जारी गर्दै मदरसा शिक्षालाई औपचारिक शिक्षण संस्थामा उच्च तहसम्मै स्वीकार गर्न लगाउने ।
- दर्तावाल मदरसा विद्यालयहरूउपरको विभेदकारी अभ्यासहरू बन्द गर्दै मुस्लिम बालबालिकालाई स्तरीय शिक्षा प्रदान गर्न पर्याप्त बजेट, कर्मचारी र शिक्षकहरू उपलब्ध गराउने ।

पूर्व बँधुवा श्रमिक (कमैया, हलिया, हरूवा, चरुवा)उपरको विभेद

२९. कमैया र कमलरी श्रमिकहरू मूलतः तराईका थारु आदिवासी जनसङ्ख्याका रहेका छन् । पहिले थारुहरूको नियन्त्रणमा रहेको जग्गाजमिन पछि विस्तारै उच्च जातीय समूहका आप्रवासीहरूको हातमा पुग्यो ।[१६४] अन्त्यतः पहाडबाट बसाइसराइ गरेर आएका परिवारमा बँधुवा मजदूरी गर्न थारुहरू बाध्य भए । वन, चरनको नोक्सानी, पहाडबाट ठूलो परिमाणमा भएको बसाइसराइ र गरिबीका कारण थारुहरू साधनश्रोतको अभावमा आफ्नो परम्परागत जीवन र रीतिरिवाज निर्वाह गर्न नसक्ने भए ।[१६५] कमैया प्रथा नेपालको मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रमा रहेका बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुर जिल्लामा बढी प्रचलित थियो । वि. सं. २०५७ मा सरकारले कर्जासहित सबै कमैयाहरूको मुक्तिको घोषणा गऱ्यो ।[१६६] अहिले ३७ हजारजति मुक्त कमैयाहरू रहेका छन् ।[१६७]

३०. तथापि, कमैया मुक्तिको दुई दशकपछि पनि नेपाल सरकारले उनीहरूको उचित पुनःस्थापना गराउन सकेको छैन ।[१६८] परामर्शका क्रममा मुक्त कमैया र कम्लरीहरूले उठाएका मुख्य मुद्दाहरू निम्न थिएः मुक्त कमैयाहरू अझै पनि आफ्नो भूमिपतिकोमै काम गरिरहका छन् ।[१६९] कतिपय कमैयाहरूको पुनःस्थापना हुन बाँकी नै छ, सम्मानपूर्ण जीवन जिउन कमैयाहरूलाई अझै पनि कठिन छ, मुक्त कमैया र कम्लरीहरूलाई उच्च शिक्षासम्म निःशुल्क पढाउने सरकारको प्रतिबद्धताविपरीत विद्यालयहरूले विभिन्न शीर्षकमा शुल्क लिइरहेका छन् तथा उनीहरू आफ्ना आधारभूत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रयोग गर्नबाट वञ्चित छन्, आदि ।

३१. हलिया भनेको कृषि बँधुवा श्रमको यस्तो रूप हो जसमा एक सम्पन्न परिवारको भूमिपतिले सानो रकमको बदलामा मोहीलाई जीवनभर दासको रूपमा कज्याउन पाउँछ । अतः पुस्तौँसम्म हलियाहरू आफ्ना पूर्वजहरूले लिएको ऋण चुक्ता गर्न आफ्ना मालिककोमा काम गरिरहेका हुन्थे । यो हलिया प्रथा नेपालका कर्णाली र

---

१६४ अर्जुन गुनारेन्ट (१९९८:७५९) एक उदारणका अनुसार मलेरीया उन्मुलन कार्यक्रम पछि चितवन आएका एक ब्राह्मण आफनो जमिन हत्याउन खोजेकाले गाउँमा कुख्यात भए । उनले थारुहरूलाई सहजैरूपमा ऋण दिए र निर्धारित समयमा ऋण तिर्न नसक्दा उनले फेरी म्याद थपिदिन तर त्यसो गरेपछि तिर्नुपर्ने रकममा अझै एउटा शुन्य थपिदिने गरेका थिए । अशिक्षित थारुहरूले लिखित कागजातहरूमा भएको फेरबदल बुझ्न सकेनन् र सजिलै सहमत भए । अन्त्यमा उसलाई रकम तिर्न नसक्नेको जग्गा जमिन सबै ब्राह्मणलेनै खोस्ने गरेका थिए । हेर्नुहोस्: Arjun Guneratne (1998) Modernization, the State, and the Construction of a Tharu Identity in Nepal

१६५ उदाहरणका लागि अर्नुन गुनेरेट (१९९८:७६०) दाङमा जमिनको क्षति, बसाई सराई र गरिविका कारण पहिले मनाईने विभिन्न प्रमुख चाडपर्व अहिले आर्थिक श्रोतको कमिले गर्दा मनाँइदैन (Cox n.d., 11) चितवनमा मलेरिया उन्मुख परियोजना अर्न्तगत जङ्गल विनास गरिएपछि त्यस प्रकृयामा नष्ट भएका देवि देवताको मठमन्दिर नभएपछि अनुष्ठानन गर्ने दिनहरूपनि पात्रोबाट हटाइयो । चितवनका थारुहरूको मान्यता अनुसार जङ्गल फडानी गरेपछि त्यहाँ बाँस गर्ने देवि देवतालेपनि जङ्गल छाड्ने गर्छन् । उनीहरूको शक्ति जङ्गलसँग आबद्ध हुन्छ । अनुष्ठानहरू प्रर्दशन नगर्दा युवा वर्ग सामेल हुन सक्दैनन् र स्थानिय ज्ञान प्रणालीबाट हराउँछ ।

१६६ दासत्वमा रहेका मजदुरहरूको सामाजिक आन्दोलनले सरकारलाई पश्चिमी नेपालमा हजारौ कमैया र कमलरीहरूको (थारु समुदायका आदिवासी) मुक्तिको घोषणा गर्न बाध्य तुल्यायो । त्यसका साथै २८ असार २०५७ मा सरकारले हलिया प्रथामा रहेका मजदुरहरूलाई मुक्त गर्‍यो । भदौ २०६५ मा सरकारले हलिया प्रथा उन्मूलन गरी दलित समुदायका बधुवा मजदुरकारूपमा रहेका हलियाहरूको सम्पूर्ण ऋण मिनाह गऱ्यो ।

१६७ द काठमाडौँ पोष्ट २ साउन २०७४, हेर्नुहोस्: https://kathmandupost.com/miscellaneous/2017/07/17/many-freed-kamaiyas-yet-to-be-rehabilitated

१६८ हेर्नुहोस्: http://inseconline.org/en/wp-content/uploads/2020/YB2020/Chapter_3.3_YB2020.pdf

१६९ ४ सय १२ भन्दा बढी कमलरीहरू दाङ, बर्दिया, कन्चलपुर र बाकेमा बधुवा मजदुरकोरूपमा कार्यरत छन् र कम्तिमा ५ हजार मुक्त कमैयाहरू अझै पहिचान हुन सकेका छैनन्

सुदूरपश्चिम क्षेत्रका १२ पहाडी जिल्लामा व्याप्त थियो । कूल हलियामा ९७ प्रतिशत दलित र ३ प्रतिशत अन्य जातका छन् ।[१६०] नेपाल सरकारले २०६५ सालमा आएर हलिया प्रथाको उन्मूलन गऱ्यो । यसपछि सरकारले हलिया पुनःस्थापना कार्यक्रम लागु गऱ्यो । तथापि, मुक्तिको एक दशक बितिसक्दा पनि हालसम्म ३८ प्रतिशत हलियाहरूले मात्र सरकारको पुनःस्थापना प्याकेज प्राप्त गरेका छन् । ठूलो सङ्ख्यामा हलियाहरू यो सहयोगबाट वञ्चित छन् ।[१६१] मुक्त हलियाहरूले पाएको सहयोग पनि आफ्नो जीवनको पुनर्निमाण गर्न र जीविका खडा गर्न अपर्याप्त छ । कर्णाली र सुदूरपश्चिम क्षेत्रका हलियासँगको परामर्श बैठकबाट थाहा भयो कि पुनःस्थापनापश्चात् पनि हलियाहरूलाई सम्मानपूर्ण जीवन बिताउन गाह्रो छ ।

३२. हरूवा, चरुवा भनेको प्रदेश नं. २ अर्थात नेपालको पूर्वी तराईमा विद्यमान बँधुवा श्रमको अर्को रूप हो । जसमा लिएको ऋणको आधारमा व्यक्तिलाई आजीवन बँधुवा मजदुर बनाइन्छ । भूमिपतिको खेतबारीमा काम गर्ने हरूवा श्रमिकले त्यसको बदलामा बाली उपजको एक निश्चित हिस्सा प्राप्त गर्छ जुन उसको परिवार चलाउन पर्याप्त हुँदैन । परम्पराअनुसार निजको परिवारका अन्य सदस्यले पनि सोही भूमिपतिको खेतबारीमा ज्यादै कम दैनिक ज्याला लिएर काम गर्नुपर्छ ।

३३. संविधानमा भनिएको छ कि सबै व्यक्तिहरू शोषण, बलपूर्वक र बँधुवा श्रम, दासता र ओसारपसारबाट मुक्त हुनुपर्छ ।[१६२] साथै, कमैया, हरूवा र चरुवाका लागि आवास र भूमिको व्यवस्था गर्ने कुरा पनि परेको छ ।[१६३] तर, अन्तर्राष्ट्रिय मापदण्डबमोजिम बलपूर्वक र बँधुवा श्रमविरुद्ध एउटै कानुन पनि बनेको छैन । तथापि, कमैया श्रम (निषेध गर्ने)सम्बन्धी ऐन, २०५८ सहित नेपालमा बलपूर्वक र बँधुवा श्रम निषेध गर्ने कतिपय कानुनहरू प्रचलनमा छन् ।[१६४] कमैया श्रम (निषेध गर्ने)सम्बन्धी ऐन, २०५८ ले कमैया, हलिया, हरूवा र चरुवाउपर लादिएको बलपूर्वकको श्रमलाई बन्देज गर्दछ । तर समस्या भनेको ती कानुनको उपयुक्त कार्यान्वयन नहुनु र कार्यान्वयनका लागि पर्याप्त श्रोत नजुटाइनुमा छ । साथै, सरकारी निकायको भूमिका र जिम्मेवारीका बारेमा पनि प्रष्टताको अभाव छ । यसले गर्दा कार्यान्वयन पक्ष कमजोर भइरहेको छ । बँधुवा श्रमबाट मुक्त भएका धेरै व्यक्तिहरू भारत, खाडी र मलेशियाजस्ता विदेशी मुलुकमा रोजगार खोज्न बाध्य छन् । त्यहाँ पनि अदक्ष वा अल्पदक्ष कामदारको जाने उनीहरू संरक्षण प्रणालीको पींधमा रहन्छन् ।[१६५] सन् २००९ मा सरकारले मुक्त कमैया पुनःस्थापना कार्यक्रम समस्या समाधान आयोगको गठनसमेत गरेको थियो ।

सिफारिसहरू

- कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ को पूर्ण कार्यान्वयन सुनिश्चित गर्ने ।

---

१६० द स्पटलाईट १७ कार्तिक २०७५, हेर्नुहोस्:https://www.spotlightnepal.com/2018/11/03/lwf-nepal-programs-hope-haliyas/

१६१ हलियाहरूले मुक्ती पाईसकेपछि सरकारले उनीहरूलाई वर्गिकरण गरिदियो (क, ख, ग, घ) । त्यस वर्गिकरणका अनुसार (क) बर्गमा घर र जग्गा जमिन नहुने पर्दछन् । घर हुने तर जग्गा जमीन नहुने वर्ग (ख) मा पर्दछन् । जग्गा हुने तर घर नहुने वर्ग (ग) मा पर्दछन् । घर र जमिन दुवै हुने (घ) बर्गमा पर्दछन् । पुनस्थापना अर्न्तगत सरकारले (क) बर्गलाई जग्गा किन्नका लागि रु. ३२,५००/- प्रदान गर्न पहाडमा रहेका वर्ग (क) र (ग) लाई घर बनाउन रु ३,२५०००/- र तराईमा रहेकालाई रु २,२५०००/- प्रदान गर्न सहमती जनायो । यद्यपि पुनःस्थापनाका प्याकेजहरू न त पर्याप्त छन् न त पूर्ण नै छन् । न्यू स्पोटलाईट, हेर्नुहोस्: https://www.spotlightnepal.com/2018/11/03/lwf-nepal-programs-hope-haliy as/

१६२ हलियाहरूले मुक्ती पाइसकेपछि सरकारले उनीहरूलाई वर्गिकरण गरिदियो (क, ख, ग, घ) । त्यस वर्गिकरणका अनुसार (क) बर्गमा घर र जग्गा जमिन नहुने पर्दछन् । घर हुने तर जग्गा जमीन नहुने वर्ग (ख) मा पर्दछन् । जग्गा हुने तर घर नहुने वर्ग (ग) मा पर्दछन् । घर र जमिन दुवै हुने (घ) बर्गमा पर्दछन् । पुनस्थापनाअन्तर्गत सरकारले (क) बर्गलाई जग्गा किन्नका लागि रु. ३२,५००/- प्रदान गर्न पहाडमा रहेका वर्ग (क) र (ग) लाई घर बनाउन रु ३,२५०००/- र तराईमा रहेकालाई रु २,२५०००/- प्रदान गर्न सहमती जनायो । यद्यपि पुनःस्थापनाका प्याकेजहरू न त पर्याप्त छन् न त पूर्ण नै छन् । न्यू स्पोटलाईट, हेर्नुहोस्: https://www.spotlightnepal.com/2018/11/03/lwf-nepal-programs-hope-haliy as/

१६३ नेपालको संविधान (२०७२), धारा ५२ (६त्र)

१६४ अन्य केही कानुनहरू: मूलुकी देवानी संहिता २०७४, (बाल श्रम (निषेध तथा नियमन) ऐन, २०५६, वैदेशिक रोजगार ऐन, २०६४, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

१६५ द काठमाडौँ पोष्ट २५ फागुन २०७६, हेर्नुहोस्: https://kathmandupost.com/opinion/2017/02/13/aftermath-of-liberation

- सम्झौताबमोजिम मुक्त बँधुवा श्रमिकहरूको जीवन र जीविका सुनिश्चित गर्न उनीहरूलाई आवास, भूमि, रोजगारी र आयमूलक क्रियाकलापहरू उपलब्ध गराउने ।
- पर्याप्त बजेट र मानव संशाधनको विनियोजनसहित पूर्व बँधुवा श्रमिकका अधिकारको संरक्षण र संवर्द्धन गर्न एक उच्चस्तरीय आयोगको गठन गर्ने ।
- पुनःस्थापना योजनाका लागि गरिने वार्षिक बजेट विनियोजनमा वृद्धि गर्ने । पुनःस्थापना हुन बाँकी श्रमिकलाई सहयोग गर्ने । मुक्त कमैया, हलिया, हरूवा र चरुवाको आजीविका सुधार तथा गरिबी निवारणका निम्ति आर्थिक सहयोग प्रदान गर्ने ।
- मुक्त कमैया, हलिया, हरूवा र चरुवालाई स्तरीय शिक्षा एवम् स्वास्थ्य स्याहार प्रदान गर्न यी क्षेत्रका वार्षिक बजेट विनियोजनमा वृद्धि गर्ने ।
- मुक्त कमैया, हलिया, हरूवा र चरुवाको पहिचान स्थापित गर्न एवम् सार्वजनिक सेवाको कोटा प्रणालीमा उनीहरूको पहुँच सुनिश्चित गर्न कानुनी तथा नीतिगत व्यवस्था गर्ने ।

थारु र तराई मधेसी समुदायउपरको विभेद

३४. राष्ट्रिय जनगणना, २०६८ बमोजिम कूल जनसङ्ख्याको ५०.३ प्रतिशत हिस्सा नेपालको दक्षिणी भूभागमा बसोबास गर्दछ । तराई मधेस भनिने यो क्षेत्र धेरै आदिवासी जनजाति र मधेसी समुदायको वासस्थानको रूपमा समेत रहेको छ । मधेसी समुदायभित्र बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधता देख्न पाइन्छ । उनीहरूले आफ्नो रङ्ग, क्षेत्र, भाषा र सामाजिक तथा सांस्कृतिक पहिचानका कारण मुलुकभर नै निरन्तर पूर्वाग्रह एवम् बहिष्करण झेलिरहेका छन् ।[१६६] ऐतिहासिक रूपमै भाषाजस्तै अन्य राष्ट्रिय नीतिहरूले तराई मधेसमा मातृभाषालाई सम्पर्क भाषाको मान्यता दिनुको साटो खस नेपाली भाषा लाद्ने प्रयास गरेका छन् । साथै, तराई क्षेत्रमा नागरिकताको समस्या अझै विद्यमान छ । सार्वजनिक सेवा, शिक्षा र स्वास्थ्य सेवाहरू एवम् आर्थिक तथा सामाजिक अवसरसम्म पहुँचको समस्या पनि रहेको छ । मधेसी समुदायहरू शक्तिशाली पहाडिया जातजातिबाट अक्सर हेपिएका र विभेदमा परेका छन् । मधेसी समुदायको भारतसँग निकट सांस्कृतिक र भाषिक सम्पर्क भएको कारणले उनीहरूलाई विदेशी वा भारतीयको रूपमा महसुस गर्न बाध्य गराइने पनि स्थिति छ ।[१६७]

३५. नयाँ संविधान जारी भएसँगै सो विरुद्ध आदिवासी जनजाति, थारु र तराई मधेसी समुदायबाट भएका विरोध प्रदर्शनका क्रममा नौ जना प्रहरी अधिकारीसमेत कम्तीमा ४५ जनाको मृत्यु भएको थियो ।[१६८] आदिवासी जनजाति र तराई मधेसको जनसङ्ख्या उनीहरूले विभेदकारी ठानेका संवैधानिक प्रावधानको संशोधन मागिरहेका छन् । यसभित्रका मुख्य मुद्दामा निम्न पर्दछन्: थारु र मधेसी समुदायसँग सरकारले गरेका प्रतिबद्धताविपरीत कोरिएका नयाँ सङ्घीय सीमाहरू, मधेसी समुदायलाई दोश्रो दर्जाको नागरिक बनाउने व्यवस्थाहरू, संसदीय निर्वाचन क्षेत्रको असमानुपातिक वितरण र आफ्ना सन्ततिलाई नागरिकता दिन पाउने महिलाका अधिकारमा लगाइएका बन्देजहरू ।[१६९] विभेदकारी व्यवस्थाविरुद्ध प्रतिरोध जारी छ भने संविधानका उपर्युक्त विभेदकारी प्रावधानका विरुद्ध यी समुदायले विरोध जनाइरहेका छन् ।[१७०]

---

१६६ अरुण के.एल. दास र मगनुस हलटवक, नेपालमा सामाजिक तथा आर्थिक समावेसिताको तथ्यांकीय प्रमाणको सिआइएम प्रतिवेदन हेर्नुहोस्: https://www.cmi.no/publications/file/3577-statistical-evidence-on-social-and-economic.pdf

१६७ फ्रेडिक एच.गइजे. "नेपालमा क्षेत्रीयताबाद र राष्ट्रिय एकता" (हिमाल बुक २००९, काठमाडौँ)

१६८ हेर्नुहोस्: https://www.hrw.org/news/2017/12/21/nepal-publish-commission-report-terai-violence

१६९ ह्यूमन राईट वाच (२०१५), "Like We Are Not Nepali: Protest and Police Crackdown in the Terai Region of Nepal" हेर्नुहोस्: file:///C:/Users/R14i5U360TS/Desktop/UPR%20core%20documents/Like%20we%20are%20not%20Nepali%20(Human%20Rights%20Watch).pdf

१७० हेर्नुहोस्: https://iprav33n.com/2019/09/20/five-observation-as-constitution-enters-fifth-year/

सिफारिसहरू

- खासगरी राष्ट्रियता, भाषा, संस्कृति र पहिचानका कुरामा थारु एवम् मधेसी जनसङ्ख्यालाई विभेद गर्ने सबै संवैधानिक र कानुनी प्रावधान खारेज गर्ने ।
- विरोध प्रदर्शनका क्रममा हिंसा र अन्य कसुरको अभियोग लागेका पीडितलाई स्वच्छ पुर्पक्षसहित कार्यविधिको पूर्ण अधिकार दिने, यातना नदिने र कानुन व्यवसायी तथा परिवारलाई भेटघाटको पहुँच दिने ।
- थारु तथा मधेसी आयोगमा आयुक्तहरूको नियुक्तिलाई अघि बढाई त्यसको पूर्ण र प्रभावकारी सञ्चालनका लागि पर्याप्त बजेट, मानवीय र प्राविधिक संशाधन उपलब्ध गराउने ।
- तराई मधेसको जनसङ्ख्या विरुद्ध रङ, क्षेत्र, भाषा र अन्य सामाजिक तथा सांस्कृतिक पहिचानका कारण गरिने विभेद अन्त्य गर्न ठोस कदमहरू चाल्ने ।
- युपीआरका अघिल्ला सिफारिसका क्रममा ए/एचआरसी/३१/९, प्यारा १२२.३८ मा युक्रेन र ए/एचआरसी/३१/९, प्यारा १२२.१ मा भारतले दिएका सुझावहरूबमोजिम आदिवासी जनजाति, थारु र तराई मधेसका जनतासँग संविधान संशोधनसम्बन्धी अहम् मुद्दा तथा चासोहरूका बारेमा छलफल गर्ने ।
- मधेसवादी राजनीतिक दलसँग विगतमा गरिएका सम्झौता र प्रतिबद्धता लागु गर्न कदम चाल्ने एवम् सोहीबमोजिम संविधान संशोधन गर्ने ।
- राज्यका संयन्त्रमा मधेसीहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न सामाजिक समावेशितासम्बन्धी संवैधानिक र अन्य कानुनी व्यवस्था पूर्णरूपमा कार्यान्वयन गर्ने ।
- लाल समितिको प्रतिवेदनलाई सार्वजनिक गर्दै तराई मधेस आन्दोलनका क्रममा भएका गैरन्यायिक हत्या र दण्डहीनता उन्मूलन गर्न कारवाही थाल्ने ।

अनुसूचीः गैरसरकारी संस्थाहरूको नामावली (२०२०) (डिआरसिएफसी)

१. आदिवासी जनजाति महासङ्घ
२. आदिवासी राष्ट्रिय प्रतिष्ठान
३. आदिवासी जनजाति विकासका लागि सञ्जाल
४. आदिवासी जनजाति अधिकार मञ्च
५. एड्भोडकेसी फोरम नेपाल
६. अखिल नेपाल महिला सङ्घ
७. महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल
८. अस्लाम सोसाइटी
९. नेपाल दलित महिला उत्थान सङ्घ (एड्वान)
१०. एशोसियसन अफ किराँत चाम्लिङ ल्याङगवेज एण्ड कल्चर डेभलपमेण्ट (एकेएलसीडी)
११. एशोसियसन अफ नेपाल किराँत कुलुङ ल्याङ्गवेज एण्ड कल्चर डेभलपमेण्ट (एएनकेएलसीडी)
१२. बहिङ्गा किराँत मुलुखिम
१३. बियोन्ड बेइजिङ कमिटी
१४. नील हिरा समाज
१५. नील हिरा समाज, काठमाडौँ
१६. ब्लू हाभान बारा
१७. बुङ जनकल्याण केन्द्र
१८. सिडअ राइटिङ कमिटी (सिडब्लुसी)
१९ सेन्टर फर इथ्निक स्टडीज एण्ड डेभलपमेण्ट
२०. सेन्टर फर हुमन राइटस एण्ड डेमोक्रेटीक स्टडीज
२१. सेन्टर फर इण्डिजिनियस इथनिक पिपुल कन्सर्न, नेपाल
२२. सेन्टर फर प्रोटेक्सन अफ ल एण्ड इन्भाइरोमेण्ट
२३. सेन्टर फर स्टडी अन जेण्डर डेभलपमेण्ट स्टडी
२४. चाम्लिङ सिर्जनशील युवा समाज
२५. चौतारी नेपाल, महोत्तरी
२६. चाइल्ड राइट कन्सर्न, नेपाल
२७. सिविन नेपाल

२८. चिल्ड्रेन, ओमेन इन सोसीयल सर्भिस एण्ड हुमन राइटस
२९. चुलाचुली युनेस्को क्लब
३०. कम्युनिटी एक्सन सेन्टर, नेपाल
३१. कम्युनिटी हेल्प सेन्टर
३२. सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
३३. कन्सर्न फर चिल्ड्रेन एण्ड इन्भाइरोमेण्ट, नेपाल
३४. कन्ससनेस सोसाइटी फर सोसियल डेभलपमेण्ट
३५. कोअपरेटीभ सोसाइटी फर नेशनल डेभलपमेन्ट नेपाल
३६. क्रज एडस नेपाल, काठमाडौँ
३७. सेन्टर फर स्टटिज अन जेन्डर, सोसाइटी एण्ड डेभलपमेण्ट, स्टडी
३८. दलित हुमन राइटस अर्गनाइजेशन
३९. दलित लिटेरेचर एण्ड कल्भर एकेडेमी
४०. दलित गैरसरकारी संस्था महासङ्घ, नेपाल-डिएनएफ नेपाल
४१. दलित गैरसरकारी संस्था महासङ्घ, डिएनएफ
४२. दलित स्टडी एण्ट डेभलपमेण्ट सेन्टर
४३. दलित वेलफेयर एशोसियसन
४४. दलित सेवा सङ्घ
४५. नेपाल मानव अधिकार केन्द्र (डिएचआरसी), नेपाल
४६. डायनममिक ग्रुप फर चेन्ज, नेपाल
४७. एटिन मगरात मगर ल्याङगवेज, लिटेरेचर कल्चर प्रिजरभेसन, रिसर्च एण्ड डेभलपमेण्ट एकाडेमी
४८. एकता नेपाल, कैलाली
४९. इम्पावर नेपाल, नवलपरासी
५०. इन्भाइरोमेण्ट एण्ड चाइल्ड डेभलपमेण्ट सेन्टर
५१. इन्भाइरोमेण्ट एण्ड रुरल डेभलपमेण्ट सेन्टर
५२. नेपाल पत्रकार महासङ्घ
५३. फेडेरेशन अफ सेक्सुल एण्ड जेन्डर माइनेरिटीज, नेपाल, काठमाडौँ
५४. फेमिनिस्ट दलित अर्गनाइजेशन (फेडो)
५५. फरेस्ट रिसोर्स स्टडिज एण्ड एक्सन टिम (फरेस्ट एकसन)
५६. फोरम फर इण्डिजिनियस नेशनालिटीज कन्सर्न, गोरखा
५७. फोरम फर इण्डिजिनियस नेशनालिटिज डेभलपमेण्ट
५८. जनअधिकार संरक्षण मञ्च (पिपिआर) नेपाल
५९. फोरम फर पब्लिक अवारनेश रुरल डेभलपमेण्ट एण्ड इन्भारोमेण्टल कन्जरभेशनन
६०. महिला कानुन र विकास मञ्च
६१. फ्रेडस अफ हेटौडा, मकवानपुर
६२. गन्धर्व कल्चर एण्ड आर्ट अर्गनाइजेशन
६३. ग्रुप फर हुमन राइटस एण्ड सोसियो लेगल रिसर्च
६४. हेल्प नेपाल
६५. हिल डेभलपमेण्ट एण्ड कन्जभेशन ग्रुप नेपाल
६६. हिमराइटस
६७. हिमालयन भोटे सोसाइटी
६८. हिमालयन इण्डिजिनियस सोसाइटी, नेपाल
६९. हिमालयन नेचुरल फाइवर फाउण्डेशन
७०. अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र
७१. मानव सचेत समाज, चितवन
७२. हुमन हेल्थ सोसाइटी, दाङ
७३. मानव अधिकार एलायन्स, नेपाल
७४. हुमन राइटस एण्ट कम्युनिटी डेभलपमेण्ट सेन्टर
७५. हुमन राइटस एण्ड डेमोक्रेटीक फोरम
७६. मानव अधिकार शिक्षा रेडियो श्रोता क्लब
७७. मानव अधिकार संरक्षण तथा प्रवर्द्धन केन्द्र
७८. मानव अधिकार सन्धि अनुगमन समन्वय समिति
७९. हुमन राइटस विदाउट फ्रन्टिनअर्स नेपाल
८०. हुमन वेलफेयर कमिटी नेपाल
८१. हुमन वेलफेयर सोसाइटी, सुनसरी
८२. हुरहुरे युवा क्लब
८३. इन्डिपेन्डेन्ट लिभिङ सेन्टर
८४. इन्डिपेन्डेन्ट लिभिङ सेन्टर (सिआइएल)
८५. इन्डिजिनियस इथनिक लयर्स काउनसील नेपाल
८६. इन्डिजिनियस नेशनालिटीज डेभपिमेन्ट फोरम, नवलपरासी
८७. इन्डिजिनियस नन गभरमेन्टल अर्गनाइजेशन डिस्ट्रीक्ट कोअर्डिनेशन फोरम
८८. इन्डिजिनियस रिसर्च एण्ड रिसोर्स डेभलपमेण्ट सेन्टर

८९. इन्डिजिनियस रुरल डेभलपमेण्ट सोसीयल सर्भिस, नेपाल
९०. इन्डिजिनियस टेलिभिजन
९१. आदिवासी महिला कानुनी सचेतनन केन्द्र
९२. इन्द्रेणी सिर्जनशील, समाज, टिकापुर ,कैलाली
९३. अनौपचरिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
९४. अन्तर्राष्ट्रिय मानव अधिकार, वातावरण तथा विकास प्रतिष्ठान (इन्हुरेड इन्टरनेशनल)
९५. मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल
९६. जागरण मिडिया सेन्टर
९७. जागृती नेपाल
९८. जनप्रेरणा केन्द्र, जनकपुर, नेपाल
९९. जनजाति डेभलपमेण्ट फोरम
१००. जनउत्थान प्रतिष्ठान
१०१. जेएएसेक नेपाल, नयाँ बानेश्वर सम्पर्क, कार्याय
१०२. जीवन ज्योती समाज, सिराहा
१०३. जीरो किराँत रादु सोसाइटी
१०४. जीमी राई उत्थान समाज
१०५. कालीमाटी युवा क्लब
१०६. कञ्चनजङ्घा महिला विकास समूह
१०७. करनी सामुदायिक विकास केन्द्र
१०८. कर्मारोङ करानी सामुदायिक सेवा सङ्घ
१०९. काठमाडौँ स्कुल अफ ल
११०. किराँत कम्युनिटी डेभलपमेन्ट सेन्टर फोरम फर ओमन डेभलपमेन्ट
१११. किराँत खालिङ राई विकास सङ्घ
११२. किराँत रोडु नाचिरीङ सखम काठमाडौँ
११३. किराँत सेवा समाज
११४. किराँत याक्थुम चुम्लुङ
११५. किराँत युवा समाज
११६. लयर्स एशोसीयसन फर हुमन राइटस अफ नेपलिज इण्टिजिनियस पिपुल
११७. लयर्स नेशनल क्याम्पियन एगेस्ट अनटच्यनबिलिटी
११८. लेगल एड कन्सलटेन्सी सेन्टर
११९. लिड नेपाल झापा
१२०. लिम्बु ल्याङगवेज एण्ड कल्चर डेभलपमेण्ट सेन्टर
१२१. कानुनी सहयोग तथा परामर्श केन्द्र
१२२. लिम्बु भाषा तथा संस्कृति विकास केन्द्र
१२३. लोरुङ याख्मा योयोङ
१२४. लभग्रिन डेभलपमेण्ट कमिटी
१२५. लुमन्ती नेपाल
१२६. लुज्जज नेपाल
१२७. मधेशी दलित सेवा समाज
१२८. मधेशी दलित विकास सङ्घ
१२९. मधेशी दलित महसङ्घ
१३०. मधेशी मुस्लिम समाज
१३१. मधेशी नागरिक समाज
१३२. महाकुलुङ युथ काउन्सिल
१३३. महिला राष्ट्रिय सञ्जाल
१३४. महोत्तरी मगर सोसाइटी
१३५. मानव कल्याण समाज, इटहरी
१३६. मनो सर्पोट म्यामपल ग्रुप, रौतहट
१३७. मल्टिपर्पोज डेभलपमेण्ट सर्भिस इन्स्टिच्युट
१३८. मुस्लिम सांस्कृतिक समाज
१३९. नेशनल एलायन्स फर ओमेन हुमेन राइटस डिफेन्डरस
१४०. राष्ट्रिय बहिरा तथा सुस्त श्रवण सङ्घ
१४१. राष्ट्रिय शारीरिक अपाङ्ग सङ्घ, नेपाल
१४२. जातीय भेदभावविरुद्ध राष्ट्रिय मञ्च
१४३. राष्ट्रिय अपाङ्ग महासङ्घ
१४४. राष्ट्रिय मानव अधिकार प्रतिष्ठान
१४५. राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
१४६. राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घ
१४७. राष्ट्रिय भूमिअधिकार सरोकार समूह
१४८. राष्ट्रिय मुस्लिम महासङ्घ
१४९. राष्ट्रिय मुस्लिम मञ्च नेपाल
१५०. राष्ट्रिय आदिवासी महिला सञ्जाल
१५१. नेशनल स्कूल अफ रिसर्च
१५२. नौलो बिहानी पोखरा, कास्की
१५३. नौलो बिहानी पोखरा
१५४. नौलो सिर्जना बाँके
१५५. नवजीवन, कपिलवस्तु
१५६. नेपाल नेत्रहीन सङ्घ
१५७. नेपाल चेपाङ सङ्घ
१५८. नेपाल विकास समाज

१५९. नेपाल अपाङ्ग सङ्घ
१६०. नेपाल अपाङ्ग महिला सङ्घ
१६१. नेपाल कुसुन्टा सङ्घ
१६२. नेपाल महिला एकता समाज
१६३. नेपाल मुस्लिम महिला एकता समाज
१६४. नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ
१६५. नेपाल राष्ट्रिय बहिरा महासङ्घ, नेपाल
१६६. नेपाल प्यारालम्पिक कमिटी
१६७. नेपाल रजत जनकल्याण समिति
१६८. नेपाल राजी उत्थान सङ्घ
१६९. नेपाल राना थारु सोसाइटी
१७०. नेपाल राना थारु सोसाइटी, जिल्ला समिति
१७१. नेपाल अपाङ्ग समाज
१७२. नेपाल स्टर्स एशोसियसन
१७३. नेपाल तामाङ घेदुङ
१७४. नेपाल तामाङ एनजिओ फेडेरेशन
१७५. नेपाल तामाङ महिला सङ्घ
१७६. नेपाल व्हिल चेयर क्लब
१७७. गैरसरकारी संस्था अदिवासी जनजाति महासङ्घ
१७८. गैरसरकारी संस्था महासङ्घ, नेपाल
१७९. गैरसरकारी संस्था महासङ्घ, दोलखा
१८०. गैरसरकारी संस्था समन्वय समिति
१८१. आवर इकोल एक्सेस भक्तपुर
१८२. पवित्रा पालावर समाज
१८३. पहिचान नेपाल, सर्लाही
१८४. प्यारेन्ट एशोसीयसन अफ इन्टेलेक्चुल डिस्याबिलिटी
१८५. परिवर्तन नेपाल, कास्की
१८६. परिवर्तन नेपाल, मोरङ
१८७. परिचय समाज
१८८. परिचय समाज, ललितपुर
१८९. पार्टनरसीप नेपाल
१९०. पेवा नेपाल
१९१. फिजिसियन फर सोसीयल रेस्पोनसीबीलीटी
१९२. पिंक ट्रेन्गङल नेपाल, काठमाडौँ
१९३. पपुलेशन वाच (पप वाच)
१९४. पौरखी
१९५. प्रवासी नेपाल
१९६. प्रयास महोत्तरी
१९७. प्रिज्नर्स एशिसटेनस नेपाल
१९८. प्रो पब्लिक
१९९. प्रोफेशनल डेभलपमेण्ट एण्ड रिसर्च सेन्टर (पिडीआरसी)
२००. पब्लिक हेल्थ कन्सर्न ट्रस्ट- फेक्ट नेपाल)
२०१. रजक जनकल्याण समिति
२०२. राष्ट्रिय दलित नेटवर्क (आरडिएन नेपाल)
२०३. रसुवा नेशनालिटिज डेभलपमेण्ट कमिटी
२०४. रौता कम्युनिटी वेलफेयर सेन्टर
२०५. रिड नेपाल
२०६. रिहाबिलेशन एण्ड इम्पावरमेन्ट सेन्टर अन डिस्याबिटी
२०७. रिमोट एरिया ओमल एण्ट चिल्ड्रेन इम्पावरमेन्ट सेन्टर
२०८. रिसोर्स सेन्टर फर प्राइमरी हेल्थ केयर
२०९. रिसोर्स सेन्टर फर रिहाबिलेशन एण्ड डेभलपमेण्ट नेपाल
२१०. राइट टु फुड नेटवर्क
२११. राइजिङ डाउन, सुनसरी
२१२. रुरल बेसिक सर्भिस अर्गनाइजेशन
२१३. रुरल इथ्निक पिपल्स डेभलपमेण्ट फोरम, उदयपुर
२१४. रुरल रिकन्स्ट्रक्सन नेपाल
२१५. साथी वुमन सेल्टर
२१६. सहारा समाज बिडिएस
२१७. सहारा समाज, सुनसरी
२१८. साहसी कदम नेपाल, बुटवल
२१९. सहयात्रा नेपाल, कञ्चनपुर
२२०. सहयात्री समाज, पर्सा
२२१. सहयोगी समाज, सप्तरी
२२२. साइनो नेपाल, चितवन
२२३. सामरी उत्थान सेवा
२२४. समता फाउण्डेशन
२२५. समृद्ध समाज, मोरङ
२२६. सामुदायिक सशक्तिकरण केन्द्र
२२७. सञ्चारिका समूह
२२८. सञ्थाल उत्थान मञ्च
२२९. शान्तिमालिका

२३०. सप्तरङ्गी नेपाल। रौतहट
२३१. सेक्सुअल एण्ड जेन्डर माइनोरुटिज स्टुडेन्ट फोरम, काठमाडौँ
२३२. शक्ति समूह
२३३. श्रीजना उत्थान सरोकार केन्द्र
२३४. श्री मिरमिरे बिहानी क्लब, इलाम
२३५. सिर्जनशील सार्की समाज
२३६. सिलिचोङ क्लब, सोसियल डेभलपमेण्ट
२३७. सीसा नेपाल
२३८. सोसाइटी फर इन्डिजिनियस डेभलपमेण्ट नेपाल
२३९. सोसाइटी फर पिपुल इन निड
२४०. सोसाइटी फर अपलिफ्टमेन्ट अफ डिजाबल्ड अरफान
२४१. सोसाइटी फर ओमन इमपमावरमेण्ट एण्ड सस्टेनबिलिटी
२४२. सोलिड नेपाल
२४३. सुदूरनेपाल (रिफर्मेशन नेपाल)
२४४. सुदूरपश्चिम समाज
२४५. सुदूरपश्चिम समाज, कैलाली
२४६. सुनौलो बिहानी समाज, धनुषा
२४७. सुन्दर संसार, बर्दिया
२४८. सुनगाभा ओमन भोकेशनल सेन्टर
२४९. सस्टेनेबल एग्रीकलचर फर रुरल डेभलपमेण्ट कनसर्न सोसायटी नेपाल
२५०. सस्टेनेबल लाइभ्लीहुड फोरम, नेपाल
२५१. तराई मधेश राष्ट्रिय परिषद्
२५२. थारु युथ इनोभेटिभ सोसाइटी नेपाल
२५३. द इस्ट फाउण्डेशन
२५४. थुलुङ महिला समाज
२५५. टिप्लुङ काठमाडौँ तामाङ समाज
२५६. युसेप नेपाल
२५७. भरोसा समाज, बुटवल रुपन्देही
२५८. भ्वाइस अफ चिल्ड्रेन
२५९. भ्वाइस अफ मुस्ताङ
२६०. वेस्ट स्टार नेपाल, बाँके
२६१. नारी चोतना केन्द्र
२६२. ओमन डेभलपमेन्ट सेल्फ इमपावरमेन्ट ट्रेनिङ सेन्टर
२६३. महिला सङ्घ
२६४. महिलाको निम्ति महिला मञ्च, नेपाल
२६५. महिला मानव अधिकार रक्षकको सञ्जाल
२६६. महिला मानव अधिकार रक्षकको सञ्जाल, काठमाडौँ
२६७. महिला मानव अधिकार रक्षकको सञ्जाल, ललितपुर
२६८. महिला सुरक्षा दबाब समूह
२६९. महिला कल्याण समाज
२७०. महिला प्रजनन अधिकार कार्यक्रम- कृषि वातावरण तथा विकास केन्द्र
२७१. महिला पुनर्स्थापना केन्द्र
२७२. याम्फु किराँत समाज
२७३. याम्फु किराँत समाज
२७३. युथ एक्शन नेपाल

महिला पुनर्स्थापना केन्द्रको समन्वयमा नोभेम्बर २०२० मा हुने
विश्वव्यापी आवधिक समीक्षा (युपीआर) संयन्त्रअन्तर्गत
नेपालको तेश्रो समीक्षामा राष्ट्रिय महिला सञ्जालको प्रतिवेदन

इमेलः ics@worecnepal.org

परिचय

नेपालले नौ ओटा मुख्य अन्तर्राष्ट्रिय मानव अधिकार महासन्धिहरूमध्ये सात ओटा महासन्धि अनुमोदन गरिसकेको छ । सबै आप्रवासी कामदार र तिनका परिवारका सदस्यको अधिकार संरक्षण गर्ने महासन्धि र बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूलाई संरक्षण गर्ने महासन्धि अनुमोदन गर्न बाँकी छ । राजनीतिक इच्छाशक्तिको कमी र राजनीतिक अस्थिरताले गर्दा यी महासन्धिको व्यवस्थाअनुकूल राष्ट्रिय कानुनी संरचना तयार पार्ने कार्यमा बाधा पुगिरहेको छ । युपीआरको दोश्रो चक्रदेखि नेपाल सरकारले मुलुकमा महिला अधिकारको संरक्षणका निम्ति केही नीतिगत परिवर्तनहरू गरेको छ । नेपालको संविधान (२०७२) ले समानता र विभेदहीनताका अधिकार सुनिश्चित गर्ने व्यवस्थाहरू राखेको छ । तर, त्यसपछिका विशेष कानुनहरूलाई आवश्यक परामर्श प्रक्रियाबिना हतारहतार अघि बढाइएको हुँदा ती व्यवस्था शुरुबाटै निष्प्रभावी बन्ने सम्भावना पनि देखिन्छ ।

नेपालको मानव अधिकार अवस्थाका बारेमा गैरसरकारी संस्थाहरूको तर्फबाट गरिने सामूहिक प्रतिवेदनको यो एक अभिन्न अङ्ग हो । यो प्रतिवेदनको समन्वय महिला पुनर्स्थापना केन्द्र र युपीआरका लागि राष्ट्रिय महिला गठबन्धनको सचिवालयले गरेका हुन् । यो प्रतिवेदन तयार गर्ने क्रममा सात ओटा प्रादेशिक र दुई ओटा राष्ट्रियस्तरका परामर्शहरू आयोजना गरिएका थिए ।

मानव अधिकारको संरक्षणका लागि संविधान र राष्ट्रिय संयन्त्रहरू

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)का अनुसार नेपालको संविधान (२०७२) लैङ्गिक समानता र सामाजिक समावेशिताका लागि एक कोसेढुङ्गा हो । यसमा महिला, विपन्न, जोखिमग्रस्त र विभिन्न सामाजिक समूहका व्यक्तिका[१८१] लागि समान अधिकारको प्रबन्ध गरिएको छ । ऐतिहासिक नोक्सानीलाई सम्बोधन गर्नका लागि सकारात्मक विभेद र लैङ्गिक वा जातीय विभेदमा प्रतिबन्ध यसका सकारात्मक व्यवस्था हुन् । महिलाको हकसम्बन्धी धाराले महिलाका लागि वंशजको समान हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक, सार्वजनिक र राजनीतिक जीवनमा सहभागी हुन पाउने हक, सम्पत्ति र पारिवारिक मामिलाको हकका साथै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्थासमेत गरेको छ । यसले महिलाविरुद्ध हुने जुनसुकै हिंसालाई कानुनद्वारा दण्डनीय बनाएको छ । समानताको हकले नागरिकहरूको संरक्षण, सबलीकरण वा विकासका लागि खास प्रबन्धहरू गरेको छ । यसभित्र सामाजिक वा सांस्कृतिकरूपमा पछि परेका समूहसमेत पर्दछन् । संविधानको धारा १२ मा आमा वा

१८१ https://www.undp.org/content/dam/nepal/docs/generic/GESI%20framework%20Report_Final_2017.pdf

बाबु जोसुकैबाट वंशजको नागरिकता सन्तानले प्राप्त गर्न सक्ने कुरा सुनिश्चित गरेको छ । यद्यपि, धारा ११ (५) ले बाबुको पत्ता नलागेको अवस्थामा नेपालमा जन्मिएर यहीँ बसोबास रहेको सन्तानका हकमा मात्र आमाको नामबाट नागरिकता पाइने व्यवस्था गरेको छ । यदि बाबु विदेशी नागरिक रहेको थाहा भएमा निजका सन्तानले अङ्गीकृत नागरिकतामात्र प्राप्त गर्न सक्नेछन् ।

कतिपय राष्ट्रिय संयन्त्रहरूले आफ्नो संवैधानिक कार्यभार पूरा गर्न चुनौती झेलिरहेका छन् । राष्ट्रिय महिला आयोगका आयुक्तहरूको नियुक्ति अझै हुन सकेको छैन भने राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई गरेका सिफारिसहरू प्रायः कार्यान्वयनमै आउँदैनन् ।

सिफारिसहरू

युपीआरको दोश्रो चक्रमा संविधानसँग सम्बन्धित धेरै सिफारिसहरूलाई स्वीकार गरिएको थियो । यद्यपि, प्राप्ति, हस्तान्तरण र धारणाका हकमा नागरिकताका प्रावधानहरू अझै पनि विभेदकारी नै छन् ।

१. महिलालाई पूर्ण नागरिकको दर्जा दिँदै आफ्ना सन्ततीलाई नागरिकता दिलाउन सक्ने महिलाको क्षमतालाई सुनिश्चित गर्दै कानुनका अगाडि समानता प्रत्याभूत गर्न नेपालको संविधानमा संशोधन गर्ने ।
२. निष्पक्ष र पारदर्शी नियुक्ति प्रक्रियासहित राष्ट्रिय महिला आयोगको पूर्ण स्वतन्त्रता सुनिश्चित गर्ने । साथै, राष्ट्रिय मानव अधिकार संस्थाहरूका लागि पेरिस सिद्धान्तअनुकूल राष्ट्रिय क्षेत्रमा कार्य गर्नका लागि आवश्यक साधन श्रोत उपलब्ध गराउने ।
३. नेपालको संविधानको मर्मअनुकूल प्रादेशिक तहमा कानुन, नीति र निर्देशिकाहरूको तर्जुमा एवम् कार्यान्वयन गर्नका लागि सबै आवश्यक कदमहरू चाल्ने । यसो गर्न सकिएमा अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक समूहसहित महिला तथा बालबालिकाले आफ्ना अधिकारहरू उपभोग गर्न सक्नेछन् ।

सङ्क्रमणकालीन न्यायः मानव अधिकारका गम्भीर उल्लङ्घन र निरन्तरको दण्डहीनता

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सरकारबीच भएको दश वर्ष लामो सशस्त्र द्वन्द्वमा १३ हजारभन्दा बढी व्यक्ति मारिए भने १ हजार ३ हजार जना बेपत्ता पारिए । सन् २००६ मा विस्तृत शान्ति सम्झौता भएसँगै यसको अन्त भयो । यो सम्झौतामा मानव अधिकार उल्लङ्घनका पीडितहरूलाई न्याय दिने प्रतिबद्धता जनाइएको थियो । सन् २०१५ मा दुई ओटा सङ्क्रमणकालीन आयोगहरू पनि गठन गरिए जसमा ६० हजारभन्दा बढी उजुरी परे । तर, धेरै पटक म्याद थप गर्दासमेत यी आयोगहरूले उल्लेख्य प्रगति गर्न सकेनन् ।

आयोगहरूले काम पनि शुरु नगर्दै सर्वोच्च अदालतले सन् २०१५ मा तिनको सञ्चालन गर्ने कानुनका केही अहम् व्यवस्थाहरूलाई बदर गरिदियो । गम्भीर मानव अधिकार उल्लङ्घन गर्नेहरूलाई समेत आममाफी दिनेगरी ती व्यवस्थाहरूको प्रयोग गर्न सकिन्थ्यो । मानव अधिकारका लागि राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले आधारभूत अन्तर्राष्ट्रिय मापदण्ड तथा अन्तर्राष्ट्रिय कानुनबमोजिम नेपालका दायित्व पूरा गर्ने किसिमले कानुनलाई कसरी परिमार्जन गर्न सकिन्छ भन्ने सुझाव दियो । [१८२]

सर्वोच्च अदालतको ऐतिहासिक फैसला भएको वर्षौं बितिसक्दा पनि यो कानुन लागु गर्न सकिएको छैन । सन् २०१८ मा प्रस्तावित संशोधनहरूले परिपूरण दिलाउने दिशामा केही सकारात्मक प्रयास गरेको देखिन्छ । तर, तिनै संशोधनले आयोगहरूलाई सुदृढ नहुँदै अभियोजन गर्ने अख्तियारी दिए भने निष्पक्ष अनुसन्धानका लागि प्रष्ट निर्देशिका नबनाउँदै विशेष अदालत गठनको प्रस्ताव गरियो । साथै, संगीन कसुरका लागि समेत थुनामा बस्नु नपर्ने खालका सजाय सुझाइयो । मार्च २०१९ मा संयुक्त राष्ट्रसङ्घका महासचिवले *द्वन्द्वसँग जोडिएका यौनजन्य हिंसाका पीडितहरूलाई स्वास्थ्य र मनोसामाजिक परामर्श, आजीविका सहायता*

१८२ https://www.ohchr.org/Documents/Countries/NP/OHCHRTechnical_Note_Nepal_CIDP_TRC_Act 2014.pdf

एवम् पर्याप्त सहायतासहित अन्तरिम राहत तथा पूर्ण परिपूरणको सुनिश्चितता गर्न नेपाल सरकारसँग अनुरोध गर्नुभयो ।[१८३]

सिफारिसहरू

१. द्वन्द्वको समयमा भएका यौनजन्य हिंसाका घटनाको पूर्ण एवम् निष्पक्ष छानबिन गर्ने । सत्य, न्याय, परिपूरणमा पीडितहरूको हक र त्यस्ता घटना नदोहोरिने प्रत्याभूतिको समेत सम्मान एवम् स्थापना गर्नुपर्ने ।
२. यौनजन्य हिंसाका पीडित महिलाका सामाजिक, आर्थिक अधिकारहरू पूरा गर्न एवम् उनीहरूको न्याय पाउने हक सुनिश्चित गर्न कानुन र नीतिहरू बनाइ लागु गर्ने ।
३. मनोसामाजिक परामर्श केन्द्रहरू स्थापना गर्दै स्थानीय तहमै सेवाहरू उपलब्ध गराउने । यसबाट महिलाहरू आफूले झेलेका दुर्व्यवहारको मनोसामाजिक असरको व्यवस्थापनमा सघाउ पुग्ने ।
४. कसुरको मात्रानुसार सजाय पर्याप्त रहेको सुनिश्चित गर्न मुलुकका बलात्कार र यौनजन्य हिंसासम्बन्धी कानुनहरू सुधार गर्ने । यस्ता मुद्दामा उजुरी गर्ने हदम्याद राख्न नहुने, पीडितहरूलाई परिपूरणको अन्तर्राष्ट्रिय सिद्धान्तबमोजिम पर्याप्त क्षतिपूर्ति प्रदान गर्ने तथा हिंसाको पुनरावृत्ति नहुने सुनिश्चित गर्ने ।

लैङ्गिक समानता

पितृसत्ता, संस्थागत भएको लैङ्गिक विभेद, बहिष्करण र गरिबीले गर्दा नेपालको संविधानले प्रदान गरेको अवसरहरूबाट लाभ लिन नेपाली महिला वञ्चित भइरहेका छन् । कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा ओगटेका उनीहरू राजनीतिक, सामाजिक र आर्थिक जीवनमा अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व पाउने कुरामा पछाडि छन् । सन् २०१८ को लैङ्गिक समानता सूचकाङ्कमा नेपाल विश्वका १ सय ६२ ओटा मुलुकमध्ये १ सय १५ औँ नम्बरमा रहेको थियो ।[१८४] पुरुषहरू ४४ प्रतिशतको दाँजोमा वयस्क महिलाहरू २९ प्रतिशतले न्यूनतम माध्यमिक तहको शिक्षा पाएका छन् । औपचारिक श्रमबजारमा ८४ प्रतिशत पुरुषको तुलनामा २२ प्रतिशत महिलामात्र आर्थिकरूपमा सक्रिय छन् ।

सन् २०१८ मा ६ महानगर, ११ उपमहानगर, २ सय ७६ नगरपालिका र ४ सय ६० ओटा गाउँपालिका गरेर कूल ७ सय ५३ ओटा स्थानीय तहका नगरप्रमुख वा अध्यक्ष पदका लागि स्थानीय चुनाव भएकोमा १८ जना महिलामात्र नगरप्रमुख वा अध्यक्षका रूपमा निर्वाचित भए । यद्यपि, उपमेयर र उपाध्यक्षतर्फ भने २ सय ७६ जना उपमेयर र ४ सय २४ जना उपाध्यक्ष गरी बहुमत सङ्ख्यामा महिलाहरू निर्वाचित भए । सङ्घीय मन्त्रीहरू २१ जनामध्ये तीन जनामात्र महिला छन् ।

नेपाल श्रमशक्ति सर्वेक्षण (२०१७-१८) अनुसार कामकाजी महिलाहरूलाई पुरुष सहकर्मीको दाँजोमा ३० प्रतिशत कम ज्याला वा तलब दिइन्छ ।[१८५] व्यवस्थापकीय पदहरूमा पुरुष नै रहने सम्भावना उच्च छ । आश्रितहरूको स्याहारसहित बेतलबी घरायसी श्रमका निम्ति महिलाहरूले औसतमा दिनको चार घण्टा खर्च गर्छन् । महिलामध्ये १९.७ प्रतिशतसँग मात्र भूस्वामित्व छ । नेपालको कूल उपलब्ध जमिनमध्ये यो पाँच प्रतिशतमात्र हो । यी महिलामध्ये ११ प्रतिशतसँग मात्र आफ्नो जग्गामा नियन्त्रण छ ।[१८६]

---

१८३ https://reliefweb.int/report/nepal/nepal-yet-take-steps-ensure-justice-women-who-suffered-sexual-violence-during-conflict
१८४ http://hdr.undp.org/sites/all/themes/hdr_theme/country-notes/NPL.pdf
१८५ https://kathmandupost.com/valley/2019/05/02/only-22-percent-of-working-age-women-are-employed-in-nepal
१८६ https://www.land-links.org/wp-content/uploads/2010/09/USAID_Land_Tenure_Nepal_Profile.pdf

विश्वभर नै बेतलबी स्याहार कार्यको तीन चौथाइभन्दा बढी अंश महिला र बालिकाले गरिरहेका छन् भने स्याहारकर्तामा दुई तिहाई महिला छन् । जनसाङ्ख्यिक, आर्थिक, सामाजिक र वातावरणीय रूपान्तरणका कारण स्याहारकर्ताको माग बढिरहेको छ । तर उनीहरू भने तल्लोस्तरको जागिरमा अल्झिरहेका छन् । यदि उचितरूपमा सम्बोधन नगरिएमा स्याहार कार्यमा अहिले देखिएको न्यूनता र यसको गुणस्तरले विश्वभर नै गहिरो तथा धान्नै नसकिने स्याहार सङ्कट खडा नगर्ला भन्न सकिन्न । यसबाट कामको दुनियाँमा लैङ्गिक असमानता झनै चुलिएर जानेछ । नेपालमा अनुमान गरिन्छ कि महिलाहरूले घर, बालबालिका र अरु आश्रितको स्याहार गर्दा पुरुषको १ घण्टाको दाँजोमा आफूले ४.५ घण्टा खर्च गर्दछन् । स्याहारका जिम्मेवारीले गर्दा श्रम बजारमा महिलाहरू सक्रियरूपमा सहभागी हुन पाउँदैनन् भने उनीहरूको योगदानको समेत हिसाब हुँदैन ।

सिफारिसहरू

१. नेपाल सरकारले हालै नेपालमा महिला अधिकारको संरक्षण र समानता कायम गर्न सहयोगी हुने धेरै कानुनहरू पारित गरेको छ । यद्यपि, अधिकांश यस्ता कानुनहरू प्रायः कार्यान्वयन हुँदैनन् । महिलालाई सैद्धान्तिकरूपमा कानुनको अगाडि समान बनाउन आवश्यकतानुसार नेपाल सरकारले मौजुदा कानुनहरूमा संशोधन गर्दै व्यवहारमै महिलालाई समानता प्रदान गर्ने कानुनको पूर्ण कार्यान्वयन सुनिश्चित गर्नुपर्छ ।

२. श्रम ऐन, २०७४ ले प्रत्याभूत गरेबमोजिम लैङ्गिक समानता सुनिश्चित गर्दै कामको ज्यालाका सम्बन्धमा अनुगमन र नियमन प्रणालीको विकास गर्ने ।

३. महिलाविरुद्धका सबै खालका विभेद उन्मूलन गर्ने महासन्धि (सिड)का समापन मन्तव्यहरू २०१८ एवम् विशेष अवसरसम्बन्धी संवैधानिक प्रावधानबमोजिम प्रष्ट समयसीमासहित अस्थायी खालका विशेष कदमहरू चाल्ने । यसबाट बहुस्वरूपका एवम् आपसमा जोडिने विभेद सहिरहेका आदिवासी, दलित, मधेसी, ग्रामीण, अपाङ्गता भएका महिला, हिन्दु समुदायका विधवाका साथै द्वन्द्व र दैवी प्रकोपबाट पीडित महिलाको स्वास्थ्य सेवा, शिक्षा, सुरक्षित खानेपानी र सरसफाइ सेवा, पोषक खाना, उब्जाउ जमिन, प्राकृतिक साधनश्रोत, आवास, कर्जा तथा आयमूलक अवसरहरूको पहुँचमा समेत अभिवृद्धि हुनेछ । महिलाको उत्थानका लागि राष्ट्रपतीय कार्यक्रममार्फत पनि यस विषयमा कार्य गर्न सकिन्छ ।

४. इचङ्गुनारायणमा सुकुम्बासीहरू बस्न बनाइएको भवन अहिलेसम्म खाली रहेको दृष्टान्तबाट पाठ सिक्दै नेपाल सरकारले आवासको अधिकारसम्बन्धी ऐन, २०७५ को कार्यान्वयन गर्दा सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको संस्थासँग निकट परामर्श गर्नुपर्ने । यस क्रममा महिला सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूलाई विशेष जोड दिने ।

५. नेपाल सरकारले सबै खालका स्याहार कार्यको मापन गर्ने खालका नीतिनिर्माण गर्दै निर्णय प्रक्रियामा बेतलबी स्याहारकार्यलाई समेत समेट्नुपर्ने । साथै, स्तरीय स्याहार कार्य, स्याहार नीति र स्याहारसम्बद्ध पूर्वाधार विकासमा लगानी गर्नुपर्ने ।

६. बेतलबी स्याहारकर्ताहरूलाई पनि श्रमशक्ति र सामाजिक सुरक्षा योजनामा आबद्ध, एकीकरण एवम् विकास गर्नमा सहयोगी सक्रिय श्रम बजार नीतिको प्रवर्द्धन गर्ने । साथै, सबै कामदारहरूका लागि परिवारमैत्री कार्य व्यवस्था गर्ने ।

७. लैङ्गिकरूपमा घरपरिवार, कार्यस्थल एवम् समाजका निम्ति नेपाल सरकारले सूचना र शिक्षाको प्रवर्द्धन गर्ने ।

महिला मूली भएका घरपरिवार (एकल महिला)

विश्व बैङ्ककको तथ्याङ्कअनुसार सन् २०१६ मा नेपालका ३० प्रतिशत घरपरिवारका मूली महिला थिए । त्योभन्दा पहिलेका २ दशकको दाँजोमा यो प्रतिशत झण्डै तेब्बर हो ।[१८७] नेपाल सरकारले २०७४ सालमा नयाँ श्रम ऐन जारी गर्दै नयाँ सामाजिक सुरक्षा प्रणालीमा कामदारको योगदानलाई परिभाषित गऱ्यो । साथै, २०७५ सालमा जारी सामाजिक सुरक्षा ऐन क्षतिपूर्तिमा आधारित छ र जनसङ्ख्याको असहाय तप्कालाई सामाजिक सुरक्षाको हक नियमन गर्ने उद्देश्यले आएको छ । असहाय एकल महिला भन्नाले पुनर्विवाह नगरेका विधवा, कानुनीरूपमा अलग बसेका महिला, अविवाहित महिला र ६० वर्ष नपुगेका महिलामध्ये ती महिलालाई जनाउँछ जसले नेपाल सरकारले तय गरेको मापदण्डबमोजिमको जीवनस्तर बिताउन सकेका छैनन् ।[१८८] यस ऐनले महिलाले प्राप्त गर्ने सुविधाको अङ्क तोकेको छैन । साथै, यसले खाँचोमा परेका महिलाको सूचीमा लैङ्गिक अल्पसङ्ख्यक महिलालाई समेत समेटेको छैन । नेपालमा ६५ वर्ष पूरा भएका महिलाले २०७५ सालदेखि मासिक २ हजार रुपियाँ भत्ता पाइरहेका छन् जुन अमेरिकी डलर १९ हुन आउँछ ।[१८९] साथै, ऐनमा महिलाका पतिले गरेको योगदानबाट निज महिलाहरूले कुनै रकम प्राप्त गर्ने वा नगर्ने कुरासमेत प्रष्ट छैन ।

सन् २०१३ को युएन वुमनको प्रतिवेदनले नेपालको संविधान (२०७२) जारी हुनुपूर्व एकल महिलाका अधिकार संरक्षणका लागि तयार नीति तथा अभ्यासहरू सैद्धान्तिकरूपमा चुस्त भए तापनि कार्यान्वयनको पाटोमा फितलो रहेको उल्लेख गरेको थियो । एकल महिलाका अधिकारलाई मलजल गर्ने गरी श्रम ऐन र सामाजिक सुरक्षा ऐनको कार्यान्वयन गर्नका लागि राजनीतिक इच्छाशक्ति बिरलै रहेको पाइन्छ ।

सिफारिसहरू

१. एकल महिलाका अधिकारलाई सुनिश्चित गर्नका लागि श्रम ऐन र सामाजिक सुरक्षा ऐनको पूर्ण कार्यान्वयनको सुनिश्चितता नेपाल सरकारले गर्नुपर्ने ।
२. दर्ताविहीन विवाह गरेका र दर्ताविहीन वा बहुविवाहजन्य विवाहहरू समाप्त भएको स्थितिमा त्यस्ता महिलाका अधिकारको सुरक्षार्थ नेपाल सरकारले कानुनी प्रबन्धहरू गर्नुपर्ने, धार्मिक र परम्परागतहित सबै विवाहहरूलाई दर्ता नै गर्न लगाउनुपर्ने तथा विवाहको न्यूनतम उमेरका सम्बन्धमा अपराध संहिताका प्रावधानलाई पूर्णरूपमा लागु गर्नुपर्ने ।
३. कानुनी तथा नीतिगत प्रबन्धको माध्यमबाट *तलाक*जस्ता एकतर्फी सम्बन्धविच्छेदका अभ्यासहरूलाई नेपाल सरकारले निर्मूल गर्दै सिडा समितिले सन् २०१८ मा विवाह र सम्बन्धविच्छेदका विषयमा समानता प्रवर्द्धन गर्न सुझाएका उपायहरू लागु गर्नुपर्ने ।
४. पुरुष र महिलालाई सम्बन्धविच्छेदका विषयमा समान अधिकारको सुनिश्चितता गर्नुपर्ने । साथै, विवाहको समयमा परिवारको आर्थिक हितका लागि महिलाले गरेको योगदानको कदर गर्दै सम्बन्धविच्छेदका आधार र त्यसले पार्ने आर्थिक प्रभावका बारेमा समेत महिला र पुरुषबीच समानता कायम गर्नुपर्ने ।
५. जमिनसहित सम्पत्तिको उत्तराधिकारमा महिलाको समान हकसम्बन्धी कानुनी एवम् संवैधानिक व्यवस्थाहरू लागु गर्नुपर्ने ।

---

१८७ https://tradingeconomics.com/nepal/female-headed-households-percent-of-households-with-a-female-head-wb-data.html

१८८ http://www.lawcommission.gov.np/en/wp-content/uploads/2019/07/The-Social-Security-Act-2075-2018.pdf

१८९ https://kathmandupost.com/national/2018/01/25/citizens-can-now-claim-elderly-allowance-at-65

महिलाविरुद्धको हिंसा

महिला पुनर्स्थापना केन्द्रका अनुसार नेपालमा महिलामाथि गरिने हिंसामध्ये सबैभन्दा प्रचलितस्वरूप घरेलु हिंसा हो ।[१९०] कूल पाँच जना महिलामध्ये एक जना अर्थात १५ वर्ष नाघेका २२ प्रतिशत युवतीले शारीरिक हिंसा झेलेका छन् । यस्ता कसुरमध्ये ८४ प्रतिशत आफ्नै पतिबाट भएको देखिन्छ । यौनजन्य हिंसा व्यहोर्ने महिला सात प्रतिशत छन् । यस्ता हिंसामध्ये ८० प्रतिशत आफ्नै पतिबाट हुने गर्दछ ।[१९१] घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ अन्तर्गत पीडित महिलाले पाउने कानुनी तथा सहायता सेवाका बारेमा अधिकांश महिलाहरू बेखबरजस्तै छन् वा तिनमा पहुँच राख्न असमर्थ छन् ।[१९२] सन् २०१६ र २०१७ को अवधिमा महिला पुनर्स्थापना केन्द्रले दाइजोजन्य हिंसाका १ सय ३९ ओटा घटनाहरू पहिचान गरेको थियो । बहुसङ्ख्यक दाइजोजन्य हिंसा मुलुकको तराई क्षेत्रमा हुने गर्दछ । नेपाल प्रहरीको तथ्याङ्कबमोजिम गत दशकमा उजुरी परेका बलात्कारका घटनामा चार गुणा बढोत्तरी भएको छ । यसमध्ये ५० प्रतिशत कसुरहरू १६ वर्षमुनिका नाबालिगउपर भएका छन् ।[१९३] उपचारका लागि प्रहरी वा अदालतसामु पुग्दा पनि यौनजन्य हिंसा र महिला तथा बालिका मारिएका कतिपय घटनामा पीडकहरूले उन्मुक्ति पाएको देखिन्छ । यस्तै मध्येको एक उदाहरण २०७५ साउनमा १३ वर्षीया बालिक निर्मला पन्तको बलात्कार र हत्या गरिएको घटना हो । यस घटनाले जनआक्रोश भड्किएको र निर्मलाका लागि न्याय माग्दै अनेकौं जुलुस र ज्यालीहरू गरिए । समाचारमा आएअनुसार प्रहरीका लापरवाह प्रतिवेदन, सबुदको कथित गलत परिचालन र कसुरमा संलग्न भएको आरोपमा व्यक्तिहरूलाई गलत ढङ्गले गिरफ्तार गरी कुटपिट गरिएको कारण अनुसन्धान प्रक्रिया प्रभावित हुन पुग्यो ।[१९४]

राष्ट्रिय मानव अधिकार आयोगले जनाएबमोजिम सन् २०१८ मा मानव बेचबिखनका जम्मा ३ सय ५ ओटा मुद्दा दर्ता भए । यो सङ्ख्या भनेको अघिल्ला वर्षमा दर्ता भएका मुद्दाभन्दा ६१ प्रतिशतले बढी हो ।[१९५] यसका पीडितमध्ये ७८ प्रतिशत महिला र किशोरी छन् । सीमित आर्थिक अवसर, अशिक्षा वा अल्पशिक्षा र कमजोर आर्थिक, सामाजिक अवस्थाका कारण उनीहरू यो कसुरबाट विशेष जोखिमग्रस्त छन् । महिला र किशोरीहरूको जीवन शैली सीमान्तकृत भएमा, पति वा परिवारबाट परित्यक्त भएमा, दुर्व्यवहार र हिंसाको शिकार भएमा, विपन्न समुदाय तथा अत्यन्तै गरिब परिवारको सदस्य भएमा यस्तो जोखिमको सम्भवाना झनै उच्च हुन्छ । नेपाल सरकारको २४ वर्षभन्दा कम उमेरका महिलाको आवागमनलाई सङ्कुचित गर्ने कानुन र नीतिका कारण वैदेशिक रोजगारका लागि यी महिलाले अवैध बाटो अपनाउन बाध्य भएको भनिन्छ । महिला र किशोरीहरूको बेचबिखनका लागि मनोरञ्जन क्षेत्र गन्तव्य र माध्यम दुवै बनेको छ । यस क्षेत्रमा काम गर्ने अवस्था अचाक्ली शोषणमूलक र दुर्व्यवहारपूर्ण छ जसले गर्दा अन्तरदेशीय मानव ओसारपसारका लागि उपयुक्त स्थिति तयार हुन्छ । ओसारपसारलाई यौनकार्यसँग जोडेर हेर्ने सामाजिक लज्जाका कारण पीडितहरू समाजमा पुनः एकाकार हुन सक्दैनन् । स्वास्थ्य सेवासहित सामाजिक सुरक्षा र सहायता कार्यक्रमहरूको अभावमा पीडितहरू ओसारपसारका थप घटनाबाट समेत प्रताडित हुन पुग्छन् ।

---

१९० जुलाई २०१६ देखि जून २०१७ को अवधिमा ओरेकमा प्राप्त ११५० घटनाहरु मध्य ६७ प्रतिशत (७६६) घटनाहरु घरेलु हिंसाका थिए ।

१९१ Op Cit

१९२ http://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/domestic-violence-crime-and-punishment-act-2066-2009.pdf , bkmf ^, (, !) / !!

१९३ https://www.nepalitimes.com/banner/four-fold-increase-in-reported-rape-in-10-years/

१९४ https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G19/176/93/PDF/G1917693.pdf?OpenElement

१९५ http://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/NHRC_National_Report_TIP_in_Nepal_September_2018.pdf

सिफारिसहरू

१. घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ लाई संशोधन गर्दै मानव अधिकारका मौजुदा बुझाइसँग अनुकुल बनाउने । यस क्रममा मूलतः ऐनको दफा ६ अन्तर्गतको संरक्षणकारी आदेशका प्रावधानलाई सशक्त बनाउनुपर्ने । साथै, विश्वसनीय उजुरी परेको खण्डमा तत्काल संरक्षणकारी उपायहरू प्रयोग गरिहाल्ने ।

२. निर्मला पन्तको घटनासहित लिङ्गमा आधारित हत्याहरूको पूर्ण एवम् प्रभावकारी अनुसन्धान सुनिश्चित गर्ने । साथै, ती वारदातको पूर्ण एवम् उचित अनुसन्धान भएको र पीडकहरूले दण्ड पाएको कुरा प्रत्याभूत गर्ने ।

३. गैरसरकारी संस्था, प्रहरी, अदालत, सामाजिक कार्यकर्ता र स्वास्थ्यकर्मीबीच एकीकृत अन्तरनिकाय प्रतिक्रियालाई बढाउनका लागि नेपाल सरकारले सहकार्य जारी राख्नुपर्ने । ऐनअन्तर्गतका उजुरीहरू प्राप्त र व्यवस्थापन गर्ने स्थानीय तहका अधिकारीहरूको जिम्मेवारीलाई सक्षम ढङ्गले निर्वाह गर्न सक्ने बनाउन उनीहरूलाई आवश्यक तालिम र साधन श्रोत उपलब्ध गराउने ।

४. प्रहरी अधिकारी, न्यायाधीश, अदालतका अधिकारी, स्थानीय तहका अधिकारी तथा राष्ट्रिय महिला आयोगका पदाधिकारीलाई संशोधित कानुनका बारेमा प्रशिक्षित गर्दै निजहरूको क्षमता विकास गर्ने ।

५. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन गर्दै मानव बेचबिखन र यौनकार्यबीचको भिन्नतालाई थप प्रष्ट पार्ने, आवागमनको स्वतन्त्रतामा लगाइएका बन्देजहरू हटाउने तथा पीडितहरूलाई न्याय प्राप्त गर्न थप सहज गराउने ।

यौन तथा प्रजनन स्वास्थ्यको हक

नेपालका प्रजनन उमेरका १ करोड ३६ लाख महिलामध्ये झण्डै ८ लाख ७० हजारमा आङ खस्ने समस्या छ । यो भनेको देशका हरेक १० महिलामध्ये एकजना यो व्यथाबाट पीडित हुनु हो ।[१९६] गर्भावस्थामा कम्तीमा चारपटक अस्पताल गई स्वास्थ्य जाँच गराउने महिलाहरू ६९ प्रतिशतमात्र छन् भने ५७ प्रतिशत महिलाले मात्र अस्पताल वा कुनै स्वास्थ्य संस्थामा बच्चा जन्माउँछन् । सन् २०१६ भन्दा पहिले नेपालमा मातृ मृत्युदर प्रति १ लाख जीवित जन्ममा २ सय ३९ मृत्यु थियो । सन् २०१६ मा मातृ मृत्युदर प्रति १ लाख जीवित जन्ममा १ सय ३४ देखि १ सय ३५ मृत्यु थियो ।[१९७] ग्रामीण क्षेत्रका ५० प्रतिशत र शहरी क्षेत्रका ३९ प्रतिशत किशोरीहरू महिनावारीको समयमा विद्यालय जान सङ्कोच मान्छन् । नेपालमा १५ देखि १९ वर्षका १७ प्रतिशत किशोरीहरू आमा बनिसकेका वा आफ्नो पहिलो सन्तानको गर्भ बोकिरहेका हुन्छन् । शहरी क्षेत्र (१३ प्रतिशत)भन्दा ग्रामीण क्षेत्र (२२ प्रतिशत)मा किशोरी गर्भावस्थाको दर उच्च छ । मुलुकमा गर्भपतन वैध छ भन्ने कुराको जानकारी चारमध्ये एकजना महिलालाई मात्र छ । केवल २९ प्रतिशत महिलालाई मात्र बलात्कार वा हाडनाता करणीका अवस्थामा १८ हप्तासम्मको गर्भपतन गराउन पाइन्छ भन्ने थाहा छ भने सबै अवस्थामा गर्भपतन गर्न सकिन्छ भन्ने जानकारी २३ प्रतिशत महिलालाई मात्र छ । भ्रुणमा बालिका देखिएमा गर्भपतन गर्न सकिन्छ भन्ने विश्वास तीन प्रतिशत महिलालाई छ ।[१९८] कतिऔँ पटकको गर्भ हो भन्ने आधारमा गर्भपतनका दरहरू बढेको पाइन्छ । पहिलो गर्भमध्ये दुई प्रतिशत घटनामा गर्भपतन गराइन्छ । पाँचौ वा त्यसपछिको गर्भपतन गराउने दर २१ प्रतिशत रहेको छ । कूल ३५ देखि ४९ वर्ष उमेर समूहका महिलामा गर्भपतनको दर उच्च (२७ प्रतिशत) छ भने उच्च आय परिवारका महिलामा पनि यो दर तुलनात्मकरूपमा बढी (१६ प्रतिशत) छ । विशेषतः अपाङ्गता भएका महिलासहित अरू कतिपय महिला र

१९६ नेपाल सरकार स्वास्थ्य मन्त्रालयले गरेको राष्ट्रिय जनसाङ्ख्यकीय स्वास्थ्य सर्भेक्षण प्रतिवेदन सन् २०१६ मा गर्भावस्थादेखिकै ट्रान्स पुरुषहरूलाई समावेश गरिएको थिएन

१९७ राष्ट्रिय जनसांख्यकिय स्वास्थ्य सर्भेक्षण प्रतिवेदन सन् २०१६

१९८ Op Cit

पुरुषबाट महिला बनेकामा सुरक्षित गर्भपतन सेवा प्राप्त गर्नु अझै चुनौतीका रूपमा रहेको छ । अपाङ्गता भएका महिलाका विशेष प्रजनन स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्न मौजुदा अस्पताल र स्वास्थ्य केन्द्रहरू असमर्थ छन् ।

सिफारिसहरू

१. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम नेपाल सरकारले सुरक्षित गर्भपतनमा सबैको पहुँच सुनिश्चित गर्दै यौन तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच, उपलब्धता, मितव्ययिता, पर्याप्तता र गुणस्तरको प्रत्याभूति गर्नुपर्ने ।
२. मातृ स्वास्थ्य स्याहार, गर्भनिरोध तथा सुरक्षित गर्भपतनसहित प्रजनन स्वास्थ्य स्याहारका सूचना र सेवामा विशेषतः आर्थिक, सामाजिकरूपमा सीमान्तकृत महिला, एकल महिला र किशोरीसमेत सबैको पहुँच सुनिश्चित गर्ने ।
३. मातृमृत्युमा देखिएका असमानतालाई सम्बोधन गर्न स्थानीयतहमै सबै महिलालाई उच्चस्तरका आधारभूत र आवश्यक मातृ स्वास्थ्य सेवाहरू प्रत्याभूत गर्ने ।
४. विद्यालयको पाठ्यक्रममा यौन तथा प्रजनन स्वास्थ्यका विषयवस्तु समावेश गर्दै किशोरकिशोरीहरूलाई बृहत् यौन शिक्षा दिनुपर्ने ।

अपाङ्गता भएका महिला

नेपालमा अपाङ्गता भएका व्यक्तिको सङ्ख्या एकीन गर्न कठिनाइ छ । विश्व बैंकको अनुमानमा विश्वको कुल जनसङ्ख्याको १० प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता विद्यमान छ । अपाङ्गता भएका महिला र किशोरीहरूले आफ्नो लैङ्गिकता र अपाङ्गता दुवै कारणले विभेदको सामना गर्छन् । सांस्कृतिक मूल्य र गरिबीले गर्दा अपाङ्गता भएका महिलाले हिंसा र अन्य किसिमका दुर्व्यवहार सहनुपर्ने हुन्छ । सांस्कृतिक बुझाइहरूले यौनिकता र अपाङ्गताका बारेमा गहिरो लज्जा र कलङ्क सृजना गरिदिएका छन् । सम्बन्ध बनाउने अधिकार र कोसँग कहिले परिवार शुरु गर्ने वा नगर्ने भन्ने निर्णय गर्न पाउने छुटबाट अपाङ्गता भएका महिलाहरू अक्सर वञ्चित हुन्छन् । नेपाल अपाङ्ग महिला सङ्घले सन् २०१६ मा गरेको एक अध्ययनअनुसार अपाङ्गता भएका महिलामध्ये ७० प्रतिशत अविवाहित नै छन् । स्वास्थ्यकर्मीहरूले अपाङ्गता भएका महिलालाई यौनिकरूपमा सक्रिय ठान्दैनन् । त्यसैले उनीहरूमा कुनै यौन रोगको सङ्क्रमण भएको वा नभएको भनी परीक्षण गर्ने र तिनीहरूसम्म गर्भनिरोधकहरूको पहुँच पुऱ्याउने कुरा ओझेलमा पर्छन् ।

सिफारिस

१. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ बमोजिम नेपाल सरकारले भौतिक पूर्वाधार र उपयुक्त भाषासहित पर्याप्त साधनश्रोत विनियोजन गर्नुपर्ने । साथै, सरकारले यौन तथा प्रजनन स्वास्थ्यमा पहुँच निश्चित गर्ने विशेष कार्यक्रमहरू तयार गर्नुपर्ने । यसभित्र अपाङ्गता भएका महिलाका खास यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारहरू पूरा गर्न उपयुक्त सेवा संयन्त्र निर्माण गर्ने विषयसमेत पर्ने ।

मानसिक स्वास्थ्य

अन्तर्राष्ट्रिय अधिकारपत्रमा लेखिएबमोजिम स्वास्थ्यको हक अन्य मानव अधिकारसँग निकटरूपमा जोडिएको र तिनैमा आश्रितसमेत हुन्छ । जस्तैः खाद्य, आवास, काम, शिक्षा, मानव गरिमा, जीवन, विभेदहीनता, समानता, यातनामुक्ति, गोपनीयता, सूचनामा पहुँचसम्बन्धी अधिकार र सङ्गठित हुन पाउने, सभा/सम्मेलन गर्न पाउने एवम् आवागमनका स्वतन्त्रताहरू । यी र अन्य अधिकार तथा स्वतन्त्रताहरूले

स्वास्थ्यको हकका अभिन्न घटकहरूलाई सम्बोधन गर्दछन् ।[१९९] विश्व स्वास्थ्य सङ्गठनका अनुसार आफ्नो जीवनको कुनै बिन्दुमा चारमध्ये एक व्यक्तिले मानसिक वा स्नायुतन्त्रसम्बन्धी कुनै गडबडीको सामना गरेकै हुन्छन् । सन् २०१३ मा गरिएको एक सानो ज्ञानात्मक अध्ययनबमोजिम नेपालको जनसङ्ख्याको ३७.५ प्रतिशत हिस्सा मानसिक बिसञ्चोबाट पीडित छ ।[२००] २०७२ साल वैशाख १२ गते ७.८ रेक्टर स्केलको भुइँचालोले नेपाललाई हल्लायो । सो भूकम्प र त्यसपछिका पराकम्पले पूर्वाधार र जनधनको ठूलो क्षति गरायो । मुलुकका ३५ जिल्ला यसबाट प्रभावित भए । तीमध्ये १४ जिल्ला अति प्रभावितको सूचीमा परे । झण्डै ९ हजार व्यक्तिको मृत्यु भयो भने २२ हजारभन्दा बढी घाइते भए । अन्य कुराका अतिरिक्त भूकम्पको मुख्य एवम् ठोस असर मानिसहरूको मानसिक स्वास्थ्य र सञ्चोपनामा पऱ्यो । यो विनाशकारी भूकम्प एक झट्काको रूपमा आयो जसले मानिसहरूको ध्यान मानसिक स्वास्थ्य र मनोवैज्ञानिक सञ्चोपनातर्फ खिच्यो । मानसिक स्वास्थ्यका विज्ञका अनुसार २०७२ सालको भुइँचालोपछि मानसिक स्वास्थ्यमा समस्या भोगेका व्यक्तिहरूको सङ्ख्या वृद्धि भयो । धेरै मानिसहरू शोक सन्तप्त भए, ठूलो संवेगात्मक तनावबाट गुज्रिए र यो चोट अहिलेसम्मै कायम छ । मानसिक स्वास्थ्य र परामर्श केन्द्र नेपालले सन् २०१८ मा गरेको एक अध्ययनअनुसार मानसिक स्वास्थ्यका समस्या भोग्नेमा ग्रामीण महिलाहरू अधिक थिए । उनीहरूले भनेबमोजिम उपचार गरिएकामध्ये ६७ प्रतिशत महिला थिए अर्थात ३२ हजारभन्दा बढी मानसिक स्वास्थ्यका बिरामीहरू महिला थिए । सो केन्द्रको प्रतिवेदनबमोजिम अधिकांश महिलाले सुनाएका मानसिक स्वास्थ्यका समस्यामा प्रेमविहीन विवाह, सासू-ससुरासँग सहअस्तित्वका समस्या, घरेलु हिंसा र घरभित्र तथा बाहिर काम गर्नु पर्दाको दवाब आदि थिए ।

आत्महत्या

चरम गरिबी, दैवीप्रकोप, घरेलु हिंसा र दमनका कारण गर्भवती महिला र नयाँ आमाहरूले बढ्दो सङ्ख्यामा आफ्नै ज्यान लिँदैछन् । प्रजनन उमेरका महिलाका सबै मृत्युमा आत्महत्याको अंश १६ प्रतिशत रहेको छ । अनिच्छित गर्भधारण, गरिबीको दुष्चक्रमा फसेको अनुभूति वा यौनजन्य र शारीरिक दुर्व्यवहारका कारण आत्महत्या मौलाइरहेको छ ।[२०१] सन् २०१४ मा गरिएको एक अध्ययनअनुसार ९० प्रतिशतभन्दा बढी गर्भवती महिलाले कुनै न कुनै किसिमको शारीरिक, संवेगात्मक वा यौनजन्य दुर्व्यवहार प्रायः आफ्नै पति वा सासू-ससुराबाट झेलेका हुन्छन् । १५ देखि ४९ वर्ष उमेरका महिलामध्ये १८ वर्षमुनिका २१ प्रतिशत महिलाले आत्महत्या रोज्नुको पछाडि हिंसा र शक्तिहीनताको भावना कारकको रूपमा रहेका छन् ।[२०२] सांस्कृतिक अभ्यास र सामाजिक मान्यता, लैङ्गिक असमानता एवम् कम उमेरमै विवाहका रूपमा देखा पर्ने पितृसत्तात्मक संरचनाका कारण महिलाका छनौटहरू सीमित हुन पुग्छन् । अवसाद र बेचैनी सामान्यजस्तै भइसकेका छन् जसले मुलुकका प्रति १ सय गर्भवती महिलामध्ये १० देखि १५ जनालाई असर पारिरहेको छ । सुत्केरी अवस्थाको अवसादको अक्सर चर्चा गरिन्छ । तर, बढी प्रचलित एवम् कम देखिने मानसिक स्वास्थ्यका समस्याका बारेमा न्यूनमात्र ध्यान पुग्ने गरेको छ ।

सिफारिस

मानसिक स्वास्थ्य सेवाप्रदायक र सेवाका उपभोक्ता दुवैसँगको परामर्शमा नेपाल सरकारले मानव अधिकारमुखी मानसिक स्वास्थ्य कानुन जारी गर्नुपर्ने । यसबाट सेवाप्रवाह र स्याहारका क्षेत्रमा यथेष्ट

---

१९९ सिइएससिआर जनरल टिप्पणी नं १४: उच्चतम पाप्त स्तरको स्वास्थ्यको अधिकार (धारा १२) https://www.refworld.org/pdfid/4538838d0.pdf

२०० लुईटेल, नगेन्द्र पी, नेपालमा द्वन्द्व र मानसिक स्वास्थ्य एक अन्तर सामुहिक महामारी, सामाजिक मनोरोगको माहामारी (२०१३), ४८(२): १८३-१९३

२०१ http://theconversation.com/why-suicide-rates-among-pregnant-women-in-nepal-are-rising-86252

२०२ Op Cit

साधनश्रोत विनियोजित हुँदै मुलुकको ग्रामीण भूभागका महिलाको कमजोर मानसिक स्वास्थ्यका कारण परेका प्रभावप्रति संवेदनशीलता देखाउन सकिने ।

महिला आप्रवासी कामदारहरू

गत दशकमा वैदेशिक रोजगारीमा जाने आप्रवासी नेपाली कामदारको सङ्ख्यामा गुणात्मक वृद्धि भएको पाइन्छ । प्रति व्यक्ति अनुपातमा हेर्दा नेपालले एशियामै सबैभन्दा बढी कामदारहरूलाई विदेश पठाउने गरेको छ । सन् २०१८/१९ मा नेपालले प्राप्त गरेको विप्रेषण सो वर्षको कुल गार्हस्थ उत्पादनको २८ प्रतिशत बराबर थियो । यसबाट प्रष्ट हुन्छ कि नेपालको समग्र अर्थतन्त्रका लागि श्रम आप्रवासन सबैभन्दा महत्वपूर्ण योगदानकारी तत्व हो ।[२०३] सबै घरपरिवारमध्ये झण्डै आधामा कम्तीमा एक जना यस्तो व्यक्ति रहेको छ जुन अहिले विदेशमा काम गर्दैछ वा कुनै समय गरेको थियो । गत आर्थिक वर्षमा वैदेशिक रोजगार विभागले कुल २ लाख ३६ हजार २ सय ८ ओटा श्रम स्वीकृति जारी गऱ्यो । यो सङ्ख्यामा भारतमा काम गर्ने आप्रवासी कामदार वा अनियमित प्रक्रियाबाट विदेश जाने व्यक्तिहरू पर्दैनन् । नेपालमा आप्रवासन नामक प्रतिवेदन (सन् २०१९) मा ५ लाख नेपाली आप्रवासी कामदार मलेसियामा, ४ लाख कतारमा, ३ लाख ३४ हजार ४ सय ५१ जना साउदी अरबमा, २ लाख २४ हजार ९ सय ५ जना संयुक्त अरब अमिरातमा र ७० हजार कुवेतमा रहेको कुरा उल्लेख छ । यी पाँच ओटा मुलुकमा मात्रै नेपालका १५ लाख बढी कामदार अटाएका छन् । भारतमा रहेको नेपालीहरूको जनसङ्ख्या ३० देखि ४० लाख रहेको अनुमान छ तर, दुई देशबीच खुला सीमाना रहेका कारण आधिकारिक तथ्याङ्क पाउन कठिन छ ।[२०४]

मध्यपूर्वमा काम गर्न जाने अधिकांश कामदार पुरुष छन् । तर घरेलु कामदारका रूपमा महिला आप्रवासी कामदारलाई विदेश पठाउन बन्देज गर्ने मुलुकको मौजुदा नीतिले गर्दा अनियमित आप्रवासन बढ्न गएको छ । साथै, यसकारण महिला आप्रवासनको यकीन तथ्याङ्कसमेत सरकारी संयन्त्रबाट पत्ता लगाउन कठिन हुन्छ । गन्तव्य मुलुकमा नेपालका आप्रवासी कामदारले अत्यधिक दुर्व्यवहार र शोषणको सामना गर्दछन् । नियमित हानी नोक्सानीअन्तर्गत करारको फेरबदल, कामको प्रकृति र अवस्थामा सारभूत परिवर्तन, ज्याला वा तलब नपाउनु, असुरक्षित काम गराइको अवस्था, अपर्याप्त विश्राम, अमानवीय आवास प्रबन्ध, सामाजिक सुरक्षाको शून्यता तथा पहिचानमूलक कागजात जफत गरिने आदि छन् । अझै गम्भीर घटनामा त आप्रवासी कामदारले मौखिक, शारीरिक र यौनजन्य दुर्व्यवहार झेल्दछन् । विदेशमा काम गर्दा प्रतिवर्ष हजारौं कामदारले देहत्याग गर्छन् । यसको मुख्य कारण कामसम्बन्धी नै हुन्छन् । लैङ्गिक विभेद, निजी घरमा कामको बन्द प्रकृति र अनियमित हैसियतका कारण महिलाहरू गम्भीर दुर्व्यवहारमा पर्दछन् । कुनै घटनामा दुर्व्यवहारहरू बढ्दै गएर श्रम तस्करी, बँधुवा मजदुरी तथा ऋण दासत्वसम्म पुग्न सक्छन् । सन् २०१८ मा नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ लाई थप श्रममैत्री बनाउन यसमा संशोधन गर्न छलफल शुरु गर्ने भनेको थियो ।[२०५]

नेपाल सरकारले सन् १९९८ देखि लागु हुने गरी समय-समयमा नेपाली महिलालाई असङ्गठित क्षेत्रमा (खासगरी घरेलु काममा) काम गर्नका लागि विदेश प्रस्थान गर्नबाट रोक लगाउने गरेको छ । अगस्त २०१७ देखि सरकारले आप्रवासी घरेलु कामदारको आवागमनलाई पूर्णतः निषेध गरेको छ । यो निसर्त बन्देजले गर्दा विदेश गइसकेका घरेलु कामदारहरू आफ्नो उत्पत्तिको मुलुक अर्थात नेपाल फर्किन पाएका छैनन् । किनकि खाडी मुलुकबाट एकपटक स्वदेश फर्किसकेपछि उनीहरू दोहोऱ्याएर त्यसतर्फ जान पाउँदैनन् । महिला मानव अधिकारकर्मी र श्रम अधिकार संस्थाहरूको पैरवीपछि खाडी क्षेत्रमा घरेलु श्रममा

203 https://moless.gov.np/wp-content/uploads/2020/03/Migration-Report-2020-English.pdf

२०४ https://kathmandupost.com/national/2020/04/22/with-hundreds-of-thousands-of-migrants-predicted-to-return-home-

२०५ https://www.nepalisansar.com/immigration/nepal-to-amend-foreign-employment-act-for-labor-migrants/

पहिल्यै काम गर्ने स्वीकृति पाइसकेका महिलाको लागि श्रम स्वीकृति नवीकरण गर्न सरकार तयार भयो । तर, पहिलोपटक घरेलु कामदारको रूपमा जानेहरूका लागि यो प्रतिबन्ध कायमै छ ।

अहिलेको कोभिड-१९ महामारीले कामको दुनियाँमा प्रतिकूल असर पारिरहेको छ । यसबाट सबैभन्दा बढी प्रभावित आप्रवासी कामदार भएका छन् । सञ्चार माध्यममा आएका विभिन्न समाचारअनुसार कोभिड-१९ को सङ्क्रमण त्रासका अतिरिक्त नोकरी र खाद्य सुरक्षाको अनिश्चितताका कारण पनि कैयौँ नेपाली आप्रवासी कामदारहरू मुलुक फर्किन खोजिरहेका छन् ।[२०६]

तथापि, यस्तो सङ्कटकालीन अवस्थामा पनि आप्रवासी कामदारहरूको घर फर्कन पाउने अधिकारलाई कार्यान्वयन गर्न फिर्ता बोलाउने उपायहरू प्रारम्भ गर्नेतर्फ नेपाल सरकार प्रभावहीन र असंवेदनशील देखिएको छ । जस्तैः गन्तव्य मुलुकमा अलपत्र परिरहेका नेपाली आप्रवासी कामदारलाई घर फिर्ता गर्न शुल्क असुल्ने सरकारी योजना, आप्रवासी कामदारलाई आफ्नो उत्पत्तिको मुलुकमा फर्काउने प्रक्रियामा भइरहेको ढिलाइ, आदि । यस कुराको आप्रवासी अधिकारकर्मीहरूले निन्दा गरेका छन् ।

सिफारिसहरू

१. महिला आप्रवासी कामदार र तिनका संस्थासँगको परामर्शमा अवसर तथा सुरक्षामा लैङ्गिक समानता कायम गर्ने हेतुले वैदेशिक रोजगार ऐन, २०६४ एवम् वैदेशिक रोजगार नियमावली, २०६४ मा संशोधन गर्ने ।
२. महिला आप्रवासी कामदारउपर लगाइएको उमेरको हदबन्दी र विभेदकारी बन्देजहरूलाई हटाउँदै सरकारले सबै द्विपक्षीय सम्झौतामा समावेश हुनेगरी घरेलु कामदारका लागि मानक सम्झौताको विकास गर्नुपर्ने । यसभित्र मानक जीवनोपयोगी ज्याला, कार्यसमय, कार्यअवस्था, अतिरिक्त समय काम गरेको पारिश्रमिक, वार्षिक बिदा र आइएलओ अभिसन्धि १८९ मा तोकिएबमोजिमका प्रभावकारी उपचारविधिहरू समावेश हुनुपर्ने ।
३. महिला आप्रवासी कामदारका उजुरी सुनुवाइ गर्न विशेष संयन्त्रहरू स्थापना गर्दै उनीहरूलाई न्यायमा पहुँच, उपचार र परिपूरण प्रदान गर्ने । यसका लागि व्यक्तिगत गुनासो कार्यविधिलाई एकैनासको बनाउँदै पुराना उजुरीको बोझलाई समयमै टुङ्गो लगाउने ।
४. विभिन्न सरकारी निकायबीच समन्वय र सहकार्यलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्ने । यसअन्तर्गत, खासगरी मानव बेचबिखन, श्रम आप्रवासनको सामाजिक लागत तथा वैदेशिक रोजगारमा महिलासम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, अध्यागमन विभाग र महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबीच प्रभावकारी समन्वय र सहकार्य सुनिश्चित गर्ने ।
५. बागमती प्रदेशबाट जम्मा १६ प्रतिशतमात्र आप्रवासी कामदार विदेशिने गरेको सन्दर्भमा नेपाल सरकारले नयाँ सङ्घीय संरचनाअनुसार श्रम शासनको विकेन्द्रीकरण र निक्षेपणलाई उच्च प्राथमिकता दिनुपर्ने । यस विषयमा खासगरी महिलासँग व्यापक परामर्श गर्दै श्रम शासनको विकेन्द्रीकरणका प्रभाव मूल्याङ्कन गर्नुपर्ने ।
६. ग्रामीण क्षेत्रसमेत समेटिने गरी महिलाका लागि जीवनोपयोगी प्रशिक्षण र आयमूलक अवसरहरू सुनिश्चित गर्न प्रभावकारी रणनीतिहरू अपनाउनुपर्ने । साथै, दिगो सामाजिक पुनःएकीकरण नीति अवलम्बन गर्दै फर्किएका कामदारको पुनःएकीकरणका लागि मनोसामाजिक सेवा र आजीविका अवसर सहतिका सेवा प्रवाह हुनुपर्ने ।

२०६ https://kathmandupost.com/national/2020/03/26/nepalis-in-qatar-live-in-overcrowded-and-squalid-conditions-even-during-pandemic

७. वैदेशिक रोजगारीबाट फर्किएका कामदारका लागि सरकारले पुनःस्थापना प्याकेज जारी गर्नुपर्ने । कोभिड-१९ को अवस्थामा खासगरी महिला आप्रवासी कामदारमा यस्तो प्याकेज केन्द्रित हुनुपर्ने । यी पहलले अपाङ्गतासहित फर्किएका, नोकरी गुमाएका र मृतकका परिवारका लागि टेवा पुग्नुपर्ने ।
८. एक दिगो पुनःएकीकरण नीति तर्जुमा गर्दै फर्किएका कामदारको पुनःएकीकरणका लागि दिइने सेवाहरूमा अभिवृद्धि गर्नुपर्ने । कोभिड-१९ सङ्कटपछि हजारौँ आप्रवासी कामदार घर फर्किरहेको सन्दर्भमा उनीहरूलाई मनोसामाजिक सेवा र आजीविका अवसरसमेथत उपलब्ध गराउनुपर्ने ।
९. महामारीको समयमा आप्रवासी कामदारहरूको उद्धार, घरफिर्ती र चिकित्सकीय उपचार निःशुल्क हुने कुराको सुनिश्चितता गर्ने ।

सम्मानपूर्ण कामको अधिकार

आइएलओले सन् २०१८ मा जनाएअनुसार विश्वमै अनौपचारिक रोजगारीको उच्चतम अनुपात रहेका मुलुकमा नेपालसमेत पर्दछ । यहाँ ९० प्रतिशतभन्दा बढी रोजगारी अनौपचारिक क्षेत्रमा रहेको छ । कूल ९७ प्रतिशत महिलाहरू अनौपचारिक क्षेत्रमा काम गरिरहेका छन् । तीमध्ये ९९ प्रतिशत महिला कृषिमा, ९५ प्रतिशत उद्योगमा र ८० प्रतिशत सेवा क्षेत्रमा क्रियाशील छन् ।[३०६] मुलुकको कूल गार्हस्थ उत्पादनको ३८.४ प्रतिशत हिस्सा अनौपचारिक अर्थतन्त्रले ओगट्छ । यसको औपचारिकीकरण एक निरन्तर प्रक्रिया हो जसले विभिन्न नीतिका क्षेत्रलाई छुन्छ र सबैका लागि सम्मानपूर्ण कामको प्रतिबद्धताभित्र पर्दछ ।[३०८] आइएलओका अनुसार नेपाल सरकार अनौपचारिकताबाट बाहिर निस्कन कटिबद्ध छ ।[३०९] मनोरञ्जन क्षेत्रमा ४० देखि ५० हजार महिलाहरू कार्यरत छन् । अन्य अनौपचारिक अर्थतन्त्रजस्तै यो क्षेत्र पनि नियमविहीनताबाट ग्रस्त छ जसले गर्दा शोषणमूलक र दुर्व्यवहारपूर्ण कार्यवातावरणमा महिलाले काम गर्नु परिरहेको छ ।

सिफारिसहरू

१. नेपाल सरकारले श्रम ऐन, २०७४ को बुझाइको दायरालाई विस्तृत बनाउँदै नेपालको संविधान (२०७२)को धारा ३४(२) मा व्यवस्थित श्रमको हकसँग अनुकूल हुने गरी मनोरञ्जन क्षेत्रको श्रमलाई नियमित गर्नुपर्ने । यस क्षेत्रमा कार्यरत महिलाका लागि सामाजिक सुरक्षाको हकसमेत सुरक्षित गर्नुपर्ने ।
२. मनोरञ्जन क्षेत्रमा कार्यरत महिलाको सम्मानपूर्ण कामको हक सुरक्षित गर्न श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत एक प्रभावकारी उजुरी कार्यविधि बनाई लागु गर्नुपर्ने ।
३. रोजगारदाता र घरेलु कामदार दुवैका लागि नेपाल सरकारले आचारसंहिता तयार गर्नुपर्ने ।
४. श्रम ऐन, २०७४ अन्तर्गत घरेलु कामदारका बारेमा गरिएको नयाँ व्यवस्थालाई मूर्तरूप दिन नेपाल सरकारले नियम बनाइ जारी गर्नुपर्ने ।
५. घरेलु कामदारका लागि सम्मानपूर्ण कामसम्बन्धी अभिसन्धि १८९ को अनुमोदन गर्न नेपाल सरकारले कदम चाल्नुपर्ने ।

महिला यौनकर्मी

मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद ५ अन्तर्गत सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकताविरुद्धका कसुरको व्यवस्था गरिएको छ । सो परिच्छेदको दफा ११९ देखि १२४ सम्म यौन कार्यलाई अपराधीकरण गरिएको छ । युएनएड्सको अनुमानमा नेपालमा ६७ हजारभन्दा बढी यौनकर्मी छन् ।[३१०] नेपालमा लैङ्गिक अल्पसङ्ख्यकसमेत अन्य धेरै पुरुष र महिला यौनकर्ममा लाग्नुको पछाडि गरिबी मुख्य

३०६ https://econitynepal.com/informal-employment-major-challenge-for-nepals-economy/
३०८ https://sustainabledevelopment.un.org/sdg8
३०९ https://www.ilo.org/wcmsp5/groups/public/---asia/---ro-bangkok/---ilo-kathmandu/documents/publication/wcms_421590.pdf
३१० https://www.unaids.org/en/regionscountries/countries/nepal

कारक रहेको छ । खासगरी महिलालाई अवसरको कमीले सताउँछ । हालका वर्षमा सम्पत्तिमा स्वामित्व र अन्य नागरिक अधिकारका क्षेत्रमा उल्लेख्य प्रगति भए तापनि गरिबीको दुष्चक्रबाट बाहिर निस्कनका लागि महिलाले खर्चिनसक्ने साधनश्रोत सीमित नै छन् । अन्य अवसर सायदै पाउने हुँदा बहुसङ्ख्यक यौनकर्मी महिला नै छन् । उनीहरू आफूले गरिरहेको कामबाट सशक्तिकृत भएको महसुस गर्न सक्छन् किनकि त्यसबाट उनीहरूले आफ्नो परिवारको राम्रो हेरचाह गर्न सक्छन् । यौन कार्यलाई निरन्तर अपराधीकरण गरिरहँदा कार्यस्थलमा हिंसा र दुर्व्यवहारले बढावा पाउँछ । यौनकर्मलाई पनि अन्य कामजस्तै नमान्दा कार्यस्थल र कार्यसमयको नियमन हुन नसकी दुर्व्यवहार र शोषणबाट सुरक्षा हुन नसक्ने स्थिति जन्माउँछ । अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डविपरीत झण्डै ७० हजार मानिसहरू कार्यस्थलको सुरक्षा बिना काम गरिरहेका छन् । आइएलओले आफ्नो सम्मानपूर्ण काम नामक कार्यसूचीमार्फत सम्मानपूर्ण कामको उद्देश्यलाई अघि बढाएको छ ।[३११] सम्मानपूर्ण कामको अवधारणाले उत्पादनशील र उचित आयमूलक कामका अवसर, कार्यस्थलमा सुरक्षा, परिवारका लागि सामाजिक सुरक्षा, निजी विकास र सामाजिक एकीकरणका लागि उज्ज्वल सम्भावना, आफ्ना चासोहरू व्यक्त गर्न मानिसहरूलाई हुने अधिकार, आफ्नो जीवनलाई असर पार्ने निर्णयमा सहभागी हुन र सङ्गठित हुन पाउने हक एवम् सबै महिला र पुरुषलाई अवसर तथा व्यवहारको समातनाजस्ता विषयहरू पर्दछन् ।

सिफारिसहरू

१. मुलुकी अपराध संहिता, २०७४ मा संशोधन गर्दै नेपाल सरकारले यौन कार्यलाई अपराधको सूचीबाट हटाउनुपर्ने । साथै, महिला यौनकर्मीको परामर्शमा यथार्थवादी र काममा सुरक्षा खोजिरहेका उनीहरूका आवश्यकताप्रति संवेदनशील नीतिनियम तयार गर्नुपर्ने ।
२. आइएलओको सम्मानपूर्ण काम नामक कार्यसूचीमा तोकिएका नियमक नीति र कार्यक्रमहरू तर्जुमा गर्दै यस विषयलाई समेट्ने सबै बाँकी आइएलओ अभिसन्धिहरूलाई अनुमोदन गर्नुपर्ने । जस्तैः कामका आधारभूत सिद्धान्त र हकसम्बन्धी अभिसन्धि ८७, काम र परिवारसम्बन्धी अभिसन्धि १५६ र १८३, विशेष वर्गसम्बन्धी अभिसन्धिहरू ९७, १४३, १८९ र २०० एवम् काम गर्ने अवस्थासम्बन्धी अभिसन्धिहरू ८९, १७१, १७५ र १७७ ।
३. महिला यौनकमी र तिनका सेवाग्रहीसँगको परामर्शमा यौनकार्य स्वेच्छापूर्वक छोड्न चाहने महिलाका आवश्यकताप्रति संवेदनशील एवम् यथार्थवादी नीति नियम तयार गर्नुपर्ने ।

सुईद्वारा लागुऔषध प्रयोग गर्ने महिलाहरू

युएनएड्सको अनुमानमा नेपालमा ३०,९०० व्यक्तिहरूले सुईबाट लागुऔषधको प्रयोग गर्दछन् । यीमध्ये बहुमतले आफूलाई पुरुषको रूपमा चिनाए तापनि महिलाहरू, त्यसमा पनि १६ देखि ३० वर्ष उमेर समूहका युवतीहरूको सङ्ख्या दिनानु दिन बढ्दो छ । सुईबाट लागुऔषधको प्रयोग गर्ने महिला, त्यसमा पनि किशोरी र युवतीले सामाजिक लज्जा तथा विभेदको सामना गर्छन् । यस्तो विभेद दोहोरो हुने गर्दछ । पहिलो, महिला भएकोमा र दोश्रो यी र अन्य समस्या समाधान गर्न उनीहरूको विशेष आवश्यकता हेर्नुपर्ने भएकोले । यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका बारेमा शिक्षा तथा सूचनाको कमीका कारण उपलब्ध सेवाहरू लिन पनि यी महिलाहरू सङ्कोच मान्छन् । सेवा केन्द्रमा सीपयुक्त र संवेदी सेवाप्रदायकको न्यूनताका कारण लागुऔषध प्रयोगकर्ता महिलाहरू सामाजिक लज्जा एवम् विभेदबाट गुज्रिइरहेका छन् । दुर्व्यसन उपचार सेवासमेत कतिपय एचआइभी र एड्स निवारण तथा स्याहार सेवाहरूले महिलाहरू खासगरी गर्भवती, सन्तानसहितका वा एचआइभी सङ्क्रमित भएको अवस्थामा भर्ना लिँदैनन् । आफ्ना सन्तानसँगै लागुऔषध प्रयोग गर्ने महिलाहरूले यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका बारेमा थप सूचना पाएका हुँदैनन् ।

३११ https://www.ilo.org/global/topics/decent-work/lang--en/index.htm

यसबाहेक, आमा बनेका महिलाका लागि अधिकांश उपचारहरू सही हुँदैनन् र निरन्तरको लागुऔषध प्रयोगका दुष्परिणाम कम गर्न धेरै कम सेवासुविधाहरू उपलब्ध छन् ।

यस्ता धेरै कानुनी प्रावधान छन् जसले लागुऔषध प्रयोग गर्ने महिलाका लागि सुधारात्मक कदम चाल्न हतोत्साहित गर्छन् । यिनले केवल दण्डात्मक उपायमा मात्र जोड दिँदै लागुऔषध प्रयोग गर्ने महिलाका हितमा प्रभावकारी कार्यक्रमिक उपचार दिन शुरुमै बन्देज लगाउँछन् ।

सिफारिसहरू

१. सामाजिक लज्जा कम गर्ने र दण्डको विकल्पमा स्वास्थ्य तथा सुरक्षामा जोड दिने खालका कानुनी एवम् नीतिगत व्यवस्थाहरू लागु गर्नु पर्ने । लागुऔषध (नियन्त्रण) ऐन, २०३३ ले लागुऔषध प्रयोग गर्ने महिलाका लागि सुधारात्मक उपचारको उपेक्षा गर्दै धेरै दण्डात्मक प्रबन्धमा मात्र जोड दिएको हुँदा त्यसमा संशोधन गर्नु पर्ने ।
२. लागुऔषध प्रयोग गर्ने महिलाका र सेवाग्रहीको परामर्शमा सुइद्वारा लागुऔषध लिने महिलाका लागि विशेष सेवाहरू तयार गर्नुपर्ने । यसभित्र महिला दौंतरी शिक्षकबाट समुदायमा पहुँच कार्यक्रम, महिलामैत्री हानि कम गर्ने तथा स्याहार सामग्रीहरू, वैकल्पिक उपचारसहित विशिष्टीकृत लैङ्गिकमैत्री उपचार केन्द्रहरू, लागुऔषध प्रयोग गर्ने सन्तानसहित एवम् रहित महिलाहरू, पुरुष र महिला कन्डम, निर्मलीकृत सुई तथा सिरिञ्जसहित आवश्यक निरोधजन्य वस्तुमा पहुँच, स्वपरीक्षण, एकीकृत परामर्श, यौनजन्य संक्रमणको निदान र उपचार, एचआइभीसँगै बाँचिरहेका लागुऔषध प्रयोग गर्ने महिलाका लागि एन्टीरेट्रोभाइरल उपचार, तथा तिनीहरूलाई सीधा सङ्क्रमणबाट जोगाउने उपाय आदि प्रमुख छन् ।

महिला मानव अधिकार रक्षकहरू

नेपालको छैठौं आवधिक समीक्षाको अवधिमा नेपाल सरकारले महिला मानव अधिकार रक्षक र तिनका संस्थासँग सक्रिय परामर्श गरी २०७२ सालको संविधानका व्यवस्था लागु गर्न आवश्यक नीति तथा कानुन बनाउन नसकेको टिप्पणी सिडाले गरेको थियो । साथै, सिडाको बुझाइमा नागरिक समाजको संलग्नतालाई संरक्षण गर्ने दिशामा नेपाल सरकार राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग सार्थकरूपमा सहकार्य गर्नसमेत चुकेको थियो ।[२१२] महिला अधिकार रक्षाका लागि महिला मानव अधिकार रक्षकले गरेको महत्वपूर्ण योगदानलाई सरकारले मान्यता नगर्दा उत्पन्न हुने परिणामहरू गम्भीर हुन्छन् । महिला मानव अधिकार रक्षकको राष्ट्रिय गठबन्धनले खुलाएअनुसार महिला मानव अधिकार रक्षकहरू आफू महिला भएको कारणले र कामको प्रकृतिको कारणले पनि विद्युतीय माध्यमभित्र र बाहिर लक्षित, निन्दित, थर्काइएका, तर्साइएका, पीछा गरिएका र हैरान पारिएका छन् । कम्तीमा ९५ प्रतिशत महिला मानव अधिकार रक्षकहरू घरेलु हिंसा, बदलाप्रेरित कारबाही, मृत्युका धम्की, मौखिक दुर्व्यवहार र हैरानीबाट गुज्रिएका छन् । आफूलाई यौनकर्मी, लैङ्गिक अल्पसङ्ख्यक, आदिवासी अधिकारकर्मी तथा अपाङ्गता भएका महिला भनेर चिनाउनेका हकमा सामाजिक लज्जाले झनै एक्ल्याएको अवस्था छ ।[२१३]

सिफारिसहरू

१. महिला मानव अधिकार रक्षकसँगको खुल्ला एवम् सार्वजनिक परामर्शमा नेपाल सरकारले एक खास सुरक्षा नीति तर्जुमा गर्नुपर्ने । यस नीतिले विधिको शासन स्थापना गर्न तिनको योगदानलाई मान्यता दिँदै कामको सिलसिलामा उनीहरूमाथि हुनसक्ने बदलाप्रेरित कारबाहीबाट समेत संरक्षण दिन सक्ने हुनुपर्ने ।

---

२१२ CEDAW/C/NPL/CO/6
२१३ https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=23745&LangID=E

२. त्रासमा रहेका र तत्काल सहयोग चाहिएका महिला मानव अधिकार रक्षकलाई सहायता गर्न सरकारले एक आपतकालीन कोषको व्यवस्था गर्नुपर्ने ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका मुद्दाहरू

सर्वोच्च अदालतले २०६४ सालमा फैसला गरेको आठ वर्षपछि २०७२ सालको संविधानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको सुरक्षा तथा तिनीहरूमाथि विभेद नहुने कुरा सुनिश्चित गऱ्यो । मुलुकी अपराध संहिता, २०७४ ले समान लिङ्गका व्यक्तिबीच सहमतिमा गरिएको यौन सम्बन्धलाई अपराधको सूचीबाट हटायो । यी कानुनी जितका बावजुद यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूले आधिकारिक कागजपत्रमा आफ्ना पहिचान खुल्ने विशेषता बदल्न अझै पनि निषेधकारी बन्देजहरू झेलिरहेका छन् । यसको असर उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीको हकमा समेत परिरहेको छ । परिवार खडा गर्ने हक र यौन तथा प्रजनन स्वास्थ्य हकको उपभोगमा अन्य महिलाको तुलनामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिलाहरू पछाडि पारिएका छन् । यस्तै यौनिक तथा लैङ्गिक अल्पसंख्यक पुरुषहरूको नियमित स्वास्थ्य परीक्षण गर्न अक्सर कोही तयार हुँदैनन् । यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिलालाई काममा राख्न गरिने विभेद अझै कायमै छ । कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ लागु भएता पनि यसले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको सुरक्षामा प्रबन्ध गरेको पाइँदैन ।

सिफारिसहरू

१. नेपाल सरकारले कुनै लिङ्गको स्वपहिचान तथा आधिकारिक कागजातमा आफ्नो लैङ्गिक पहिचान बदल्नसँग जोडिएका सबै बाधक बन्देजहरूलाई हटाउनु पर्ने ।
२. राज्यको कोषबाट चल्ने सबै संस्थाहरूमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकउपर विभेद निवारण गर्ने नीतिहरूको विकास गर्न नेपाल सरकारले पहल गर्नु पर्ने । आवश्यकतानुसार राज्यका निकायका लागि तालिम कार्यक्रमहरू तर्जुमा गर्न यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका समुदायमा आधारित संस्थाहरूको पञ्जीकरण गर्ने ।
३. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम नेपाल सरकारले सुरक्षित गर्भपतनमा सबैको पहुँच सुनिश्चित गर्दै लैङ्गिक एवम् लिङ्गीय अल्पसङ्ख्यक महिला तथा पुरुषले पाउने यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूको पहुँचयोग्यता, उपलब्धता, मितव्ययिता, पर्याप्तता र स्तरीयता प्रत्याभूत गर्ने ।
४. नेपाल विश्वका ती सीमित मुलुकमध्ये एक हो जसले कानुनीरूपमै तेश्रो लिङ्गको विकल्पलाई मान्यता दिएको छ । तथापि, लैङ्गिक समानता ऐनले पुरुष र महिलालाई मात्र चिन्दछ । नेपाल सरकारले तेश्रो लिङ्गसम्बन्धी नेपालको यथार्थलाई समावेश गर्न उक्त ऐन संशोधन गर्नुपर्ने ।
५. विद्यालय, अस्पताल तथा अन्य संस्थासमेत कार्यस्थलको परिभाषाभित्र समेटिने गरी तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमाथि हुन सक्ने यौनजन्य हैरानीलाई समेत निवारण गर्ने गरी नेपाल सरकारले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ मा आवश्यक संशोधन गर्नुपर्ने ।
६. कानुनका अगाडि समानता र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमाथि विभेद नहुने कुराको सुनिश्चितता नेपालको संविधान २०७२ ले गरेको छ । मुलुकी देवानी संहिता, २०७४ ले भने विवाह पुरुष र महिलाबीच मात्र सम्पन्न हुने कुरालाई स्वीकारेको छ । यद्यपि, सो संहिताले विवाह गर्न र परिवारको थालनी गर्न पाउने सबै व्यक्तिको अधिकारको चर्चासमेत गरेको छ । अतः एक वैवाहिक समानता ऐनको मस्यौदा गर्दै नेपाल सरकारले देवानी संहितामा रहेका यस्ता विरोधाभासलाई हल गर्नुपर्ने ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
आवधिक प्रतिवेदनका लागि महिला सञ्जालको सूची, २०२०

१. थ्री एन्जेल्स नेपाल
२. अखिल नेपाल महिला सङ्घ
३. महिला तथा बालबालिका बेचबिखनविरुद्ध सबकर्मी समूह
४. आप्रवासी महिला कामदार समूह (अम्कास)
५. बियोण्ड बेइजिङ कमिटी
६. विश्वास नेपाल
७. परिवर्तनका लागि सहकार्य नेपाल
८. कम्युनिटी एक्सन सेन्टर (क्याक) नेपाल
९. समाज, विकास तथा लैङ्गिक अध्ययन केन्द्र
१०. दलित गैरसरकारी संस्था महासङ्घ
११. दृष्टी नेपाल
१२. यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको महासङ्घ, नेपाल
१३. दलित महिला सङ्घ
१४. महिला, कानुन र विकास मञ्च
१५. ग्यानबोध सिसर्च एण्ड डेभलपमेण्ट सर्भिसेस
१६. हिमराइट्स
१७. इण्डिजिनियस वुमन लिग नेपाल
१८. मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल
१९. जागृति महिला महासङ्घ, नेर्पलिज फेडेरेशन अफ फिमेल सेक्स ओरकर्स
२०. लुम नेपाल
२१. लुज्जा नेपाल
२२. मितिनी नेपाल
२३. नागरिक आवाज
२४. महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय एलायन्स
२५. नेपाल अपाङ्ग महिला महासङ्घ
२६. नेपाल महिला एकता समाज
२७. नेपाल मुस्लीम कल्याण समाज
२८. पौरखी नेपाल
२९. सार्वजनिक स्वास्थय सरोकार गुठी (फेक्ट नेपाल)
३०. प्राथमिक स्वास्थ्य उपचार स्रोत केन्द्र
३१. साथी महिला सेल्टर
३२. सेक्स ओर्कर एण्ड एलाइज नेपाल
३३. शक्ति समूह
३४. सोसाइटी फर ओमन अवारनेश नेपाल
३५. सोलिड नेपाल
३६. मानव अधिकार, एकल महिला समूह लागि महिला
३७. वुमन एक्ट
३८. महिलाको निम्ति महिला मञ्च
३९. महिला मानव अधिकार रक्षकको सञ्जाल, काठमाडौं
४०. महिला मानव अधिकार रक्षकको सञ्जाल, ललितपुर
४१. महिला सुरक्षा दबाब समूह
४२. महिला प्रजनन अधिकार कार्यक्रम, कृषि वातावरण तथा विकास केन्द्र
४३. युथ एक्सन नेपाल